सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१४ जेठ २०८३, बिहीबार (28 May 2026, Thursday) ■ नेपाल संवत् ११४६ ■ वर्ष २० ■ अंक ४५ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ आर्थिक सर्वेक्षण ०८२/८३

दबाबमा सरकारी वित्त, बलियो बाह्य क्षेत्र

गत आवमा आर्थिक वृद्धिदर ४.४३ प्रतिशत भएकामा चालू आवमा ३.८५% मा सीमित रहने प्रक्षेपण, प्रतिव्यक्ति आय नबढ्ने



पवन तिमिल्सिना/नयाँ पत्रिका

- **उपभोगमै खर्च हुन्छ राष्ट्रिय आम्दानी**
- **बाह्य क्षेत्र सुविधाजनक**
- **बैंकिङमा अधिक तरलता, तर निजी क्षेत्रमा कर्जाप्रवाह सुस्त**
- **निरपेक्ष गरिबीमै २०.२७ प्रतिशत जनसंख्या**

मध्यपूर्वको तनाव, पेट्रोलियम पदार्थको उच्च मूल्यवृद्धि र तराई क्षेत्रमा देखिएको खडेरीको प्रभावले आर्थिक वृद्धिदर सुस्त भएको आर्थिक सर्वेक्षणले देखाएको छ। अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले बुधबार संसद्मा चालू आवको आर्थिक सर्वेक्षण पेस गर्दै सरकारी वित्त दबाबमा रहेको, तर अर्थतन्त्रको बाह्य क्षेत्र भने सबल रहेको बताए।

०८२/८३ मा नेपालको आर्थिक वृद्धिदर ३.८५ प्रतिशत रहने प्रारम्भिक अनुमान गरिएको छ। अर्थमन्त्री वाग्लेले आर्थिक सर्वेक्षण पेस गर्दै अर्थतन्त्रका विभिन्न सूचकहरू प्रस्तुत गरेका हुन्।

बजेट सार्वजनिक गर्नुअघि संसद्मा आर्थिक सर्वेक्षण पेस गर्ने परम्परा छ। सर्वेक्षणले चालू आवको आर्थिक वृद्धि गत आर्थिक वर्षको तुलनामा न्यून अनुमान गरेको हो। गत आर्थिक वर्षमा आर्थिक वृद्धि ४.४३ प्रतिशत थियो। विश्व अर्थतन्त्रमा देखिएको अनिश्चितता, व्यापारिक अवरोध र पश्चिम एसियाको द्वन्द्वका कारण

» पृष्ठ २ मा क्रमशः

■ जेन-जी आन्दोलनको दमनबारे मानव अधिकार आयोगको प्रतिवेदन

ओली, लेखक र गुरुङमाथि फौजदारी कसुरमा कारबाही सिफारिस

- **नेपाल प्रहरी र सशस्त्रका तत्कालीन आइजिपीसहित १० सुरक्षाकर्मीमाथि कारबाही सिफारिस**
- **सेनाको हकमा भने आयोग नरम**
- **पूर्वप्रधानमन्त्री कार्की, पूर्वगृहमन्त्री अर्याललगायतमाथि थप छानबिनको सिफारिस**
- **पूर्वयोजनाअनुसार नै आन्दोलन विध्वंसात्मक बनाएको निष्कर्ष**

नवराज मैनाली/नयाँ पत्रिका

राष्ट्रिय मानव अधिकार आयोगले गत भदौको जेन-जी विद्रोहका वेला भएको दमनमा तत्कालीन प्रधानमन्त्री केपी ओली र उनका दुई मन्त्रीलाई दोषी ठहर गर्दै फौजदारी मुद्दामा कारबाही सिफारिस गरेको छ। आन्दोलनको झन्डै नौ महिनापछि आयोगले सरकारलाई बुझाएको प्रतिवेदनमा ओलीसहित तत्कालीन गृहमन्त्री रमेश लेखक र सूचना तथा सञ्चारमन्त्री पृथ्वीसुब्बा गुरुङलाई मानवता तथा मानव अधिकारसम्बन्धी कसुरमा कारबाही सिफारिस गरेको हो।

आयोगकी सदस्य लिली थापा संयोजकत्वको छानबिन समितिको प्रतिवेदनउपर मंगलबार निर्णय गर्दै आयोगले सरकारलाई कारबाहीका लागि लेखी पठाएको छ। आयोगले मानवता र मानव अधिकारको कसुरमा पाश्चात्यदर्शी कानुन बनाएर कारबाहीका लागि सिफारिस गरेको छ। आयोगले २३ र २४ भदौका घटनाको अनुसन्धान गरी सिफारिस गरेको हो, बुधबार आयोगले

» पृष्ठ २ मा क्रमशः

■ आयोगले भन्यो- यी तीनलाई पाश्चात्यदर्शी कानुन बनाएर कारबाही गर्नू



● केपी ओली
तत्कालीन प्रधानमन्त्री

कानुनबमोजिम गर्नुपर्ने दायित्व पूरा नगरेर नागरिकको मानव अधिकारको हनन गरेको, सेनाको सहयोग लिनेलगायतमा पनि दायित्व पूरा नगरी उदासीन बसेको



● रमेश लेखक
तत्कालीन गृहमन्त्री

आन्दोलनमा भएको बल प्रयोगको प्रमुख दायित्व भएको, नागरिक बाँच्न पाउने हकबाट वञ्चित भएकाले मानव अधिकार हननको मुख्य दोषको भागीदार



● पृथ्वीसुब्बा गुरुङ
तत्कालीन सञ्चारमन्त्री

संविधानले दिएको मौलिक हकमा प्रतिबन्ध लगाउने गरी सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८० जारी गर्ने कार्यमा संलग्न, मानव अधिकार उल्लंघनकर्ता

■ मानव अधिकार आयोगले प्रतिवेदनमा भनेको छ-

'निजहरू (केपी ओली, रमेश लेखक र पृथ्वीसुब्बा गुरुङ)लाई मानव अधिकार उल्लंघनको विषयमा सजाय गर्ने व्यवस्था हाल प्रचलनमा रहेको कुनै पनि कानुनमा नदेखिँदा मानवता र मानव अधिकारको कसुरमा पाश्चात्यदर्शी कानुन बनाएर पनि सजाय गर्न सकिन्छ भनी सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादन भइसकेको हुँदा निजहरूलाई कारबाही र सजाय गर्न नयाँ कानुन निर्माण गर्नुपर्ने देखिन आयो,' आयोगको सिफारिसमा छ, 'अतः सोबमोजिम नयाँ कानुन निर्माण गरी माथि उल्लेखित तीनैजना लगायतलाई सोही कानुनबमोजिम कारबाही गर्न मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय प्रयोग, अवधारणा र नेपालको आवश्यकतालाई विचार गर्दा नयाँ बनाइने सो कानुनमा निम्नबमोजिमको प्रावधान राख्न पनि नेपाल सरकारलाई परामर्श दिने।'

रविबारे प्रतिवेदनमा के छ ?


मानव अधिकार आयोगको प्रतिवेदनमा 'सिफारिस खण्ड'को बुँदा नम्बर १४ मा रास्वपा सभापति रवि लामिछानेको सम्बन्धमा पनि उल्लेख छ। उक्त बुँदामा अनुसन्धान समितिले आफ्नो अधिकार क्षेत्रका कारण पूर्ण अनुसन्धान गर्न नसकेका विषयमा सरकारले थप छानबिन गर्नुपर्ने उल्लेख गरिएको छ।

प्रतिवेदनमा अनधिकृत रूपमा कारागारबाट बाहिर निस्किएको घटनामा 'को-कसको संलग्नता थियो' भन्ने विषयमा अनुसन्धान गर्नुपर्ने देखिएको उल्लेख छ। त्यसका लागि नक्खु कारागारका तत्कालीन जेलर सत्यराज जोशी, रवि लामिछानेलाई छुटाउन गएको भनिएको समूह तथा तत्कालीन सांसद एवं राष्ट्रिय स्वतन्त्र पार्टीका नेताहरू मनीष झा र हरि ढकाललाई समेत अनुसन्धानको दायरामा राखी सूक्ष्म अनुसन्धान गर्न सिफारिस गरिएको छ। यसको मतलब आयोगले घटनाबारे थप तथ्य पत्ता लगाउनुपर्ने आवश्यकता औंल्याएको हो, दोष स्थापित गरेको होइन। उक्त समयमा रवि स्वयं कारागारभित्र थुनामा रहेका व्यक्ति भएकाले उनलाई 'जेलबाट निस्कने योजनाकार'का रूपमा प्रस्तुत गर्नु कानुनी र तथ्यगत रूपमा उचित नहुने दाबी रवि पक्षका कानुन व्यवसायी र समर्थकहरूको छ।

आयोगकै प्रतिवेदनको तथ्य तथा विश्लेषण खण्डको प्रकरण नम्बर १५ मा पनि यस घटनामा कसको भूमिका थियो र त्यो कानुनसम्मत थियो वा थिएन भन्ने विषयमा विश्लेषण गरिएको छ। त्यहाँ उल्लेख छ, 'रवि लामिछानेको सहयोगी र समर्थकको दबाबमा रवि लामिछानेलाई छोड्नुपर्छ भन्ने व्यहोरा लेखिएको पत्रमा डर, त्रास र धम्कीका कारण दबाबबिच सहीछाप गरिएको हो भन्ने कारागार प्रशासक (जेलर)को बयान र कारागारको सुरक्षा गर्न नसक्ने अवस्था देखेकाले जेलरले मलाई बोलाई पत्र दिई 'तपाईं बाहिर गए जेलको सुरक्षा हुन्छ' भनी मलाई छोडेको हो भन्ने रवि लामिछानेको बयान एक-आपसमा बाझिएको देखियो।' सोही बुँदामा जेलरले आफूले दबाबमा हस्ताक्षर गरेको दाबी गरे पनि त्यसबारे तत्काल कतै जानकारी गराएको वा सार्वजनिक रूपमा बोलेको प्रमाण नपाइएको उल्लेख पनि गरिएको छ। यसकारण घटनाबारे थप अनुसन्धानको आवश्यकता देखिएको निष्कर्ष प्रतिवेदनमा छ। 'कारागार ऐन, २०७९ को बर्खिलाप कार्य भएको हो वा होइन भन्ने विषयमा सरकारले सूक्ष्म अनुसन्धान गरी दोषी यकिन गरेर कारबाही गर्नुपर्ने अवस्था रहेको' आयोगको निष्कर्ष छ।



स्थानीय तहका काम र खर्चमा खोटैखोट



नियमविपरीत सल्लाहकार नियुक्त, विदेश भ्रमणमा जाँदा संघ सरकारसँग लिइन्न स्वीकृति

(विस्तृत पृष्ठ ३)

जनअपेक्षा र आगामी बजेट



अग्रलेख

● प्रेमलकुमार खनाल

सरकारले ल्याउँदै गरेको आगामी आर्थिक वर्षको बजेट देशमा भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्ने दिशामा केन्द्रित हुन आवश्यक छ

(पृष्ठ ४)

विश्वको 'बैठक कक्ष'का रूपमा प्रभाव बढाउँदै चीन



एकपछि अर्को विश्वनेताको चीन भ्रमणले बेइजिङ 'अपरिहार्य विश्व शक्ति' र राष्ट्रपति सी जिनपिङ 'विश्वनेता' बनेको तथ्यमा प्रकाश पारेको विश्लेषक बताउँछन्

(विस्तृत पृष्ठ ५)

देशभर स्थानीय र प्रदेशस्तरका ६८ हजार १ सय किलोमिटर सडक निर्माण



४८,६६५ किमि कच्ची सडक, चालू आवको आठ महिनामा तीन किमि मात्रै कालोपत्रे

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

डेरा खोज्दा दलितलाई 'ढोका बन्द'

टेकराज थामी/नयाँ पत्रिका

प्रत्येक दिन ठिक अपराह्न ३ बजे माइतीघर मण्डलामा उपस्थित हुनु, न्यायको माग बोकेको प्लेकार्ड लिएर धर्ना बस्नु र साँझ ५ बजे डेरा फर्किनु कैलालीको घोडाघोडी नगरपालिका- ४, जनकपुरकी दीपा नेपालीको पछिल्लो दैनिकी हो। ६ वैशाखदेखि निरन्तर चलिरहेको उनको धर्ना कुनै राजनीतिक उद्देश्य प्राप्तिका लागि होइन, दातृ निकाय रिझाउन पनि होइन, सहरमा डेरा खोज्दा खेप्नुपर्ने जातीय विभेदविरुद्ध हो। र, यस्तो विभेदको भुक्तभोगी उनी आफैं पनि हुन्।

दीपाका अनुसार सातवर्षे काठमाडौं बसाइमा आठ ठाउँमा डेरा सरिन्। केही महिना बसेपछि नयाँ डेरा खोज्नुपर्ने बाध्यता उनीमाथि आइलाग्थ्यो। कारण थियो- नामसँगै आउने जात। 'जात थाहा नपाउँदासम्म घरबेटीले छोरीकै व्यवहार गर्छन्। जब जात खुल्छ, एकाएक बैरी ठान्छन्, अनि सुरु गर्छन् डेराबाट निकाल्ने षड्यन्त्र,' उनले वासका लागि गरेको संघर्ष सुनाइन्, 'काठमाडौं भित्रिएको सात वर्षमा जातकै कारण आठपटक कोठा सरिसकें।'

बसिसकेको डेराबाट जातका कारण अन्यत्र सर्नुपरेको पो आठौंपटक त। जात सोधेर सुरुमै कोठा नदिने घटना त कति हो कति। माइतीघर मण्डलामा दीपाले बोकेको प्लेकार्डमा विशाल पीडा सुनाउने 'थोरै शब्द' मात्रै अटाएका थिए। उनको मनमा पीडाको 'शब्द भण्डार' नै बनिसकेको छ। 'डेरा खोज्दा नचहारेको काठमाडौंको कुनै गल्ली छैन। घरबेटीसँग नबिसाएको कुनै बिन्ती छैन। तर, जातका कारण



दलित समुदाय भएकै कारण राजधानीमा डेरामा बस्दा भोग्नुपरेको अत्याचारविरुद्ध ३९ दिनदेखि माइतीघर मण्डलामा धर्नारत दीपा नेपाली (बिचमा) र उनको आन्दोलनमा ऐक्यबद्धता जनाउन पुगेका अभियन्ता। तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

हुने अवरोधले करिअरमै धक्का पुग्यो,' उनले भनिन्, 'काठमाडौं बसाइको आधाभन्दा बढी समय त डेरा खोज्नमै बितेको छ।'

मुस्किलले डेरा भेट्टाउँछिन्। दुई पक्षबिच भाडा लेनदेनको सहमति पनि हुन्छ। घरबेटीले 'एड्भान्स्ड' रकम पनि बुझ्छन्। जब जात खुल्छ, तब घरबेटी अनेक बहाना निकाल्छन्, कोठा दिन इन्कार गर्छन्। केही वर्षअघि सामाखुसीमा डेरा खोज्दा भोगेको पीडा बिसाइन्, 'डेरा खोज्ने क्रममा सामाखुसीमा खाली कोठा भेटियो। घरबेटीसँग भेट भयो, सौहार्दपूर्ण बातचित भयो। घरबेटीले कोठा देखाएपछि भाडाको पनि टुंगो लाग्यो। कोठामा रंग घरबेटीले नै लगाइदिने मौखिक सम्झौता गरेर म फर्किएँ। तर, पछि फोन गरेर उनले एड्भान्स्ड रकम मागिन्। झुक्यानी गर्न भाइ स्वरूपराज नेपालीलाई पठाएँ। डिजिटल भुक्तानीमा भाइको पूर्ण परिचय देखेपछि उक्त डेराको ढोका हाम्रो लागि बन्द भयो।'

भाइ डेरामा आइनपुग्दै घरबेटीले आफूलाई फोन गरेर कोठा दिन नसक्ने जवाफ दिएको दीपाले बताइन्। 'तिमीहरू दलित रहेछौ, म कोठा दिन सक्दिनँ,' घरबेटीका ती शब्द उद्धृत गर्दै उनले भनिन्, 'घरमा बुढा बाआमा हुनुहुन्छ, उहाँहरू मान्नुहुन्न। मैले घरका मान्छेसँग पनि सल्लाह गरेको छैन।'

डेराका लागि तारन्तार सास्ती खेप्नुपरेपछि दीपा नेपालीको चेतनाको बत्ती बल्यो- दलित भएकै कारण सहरमा वासका लागि संघर्ष मेरो मात्रै पक्कै होइन, देशभरका ६० लाख दलितको साझा समस्या हो। उनले भनिन्, 'त्यसैले मैले धर्ना सुरु गरेकी हुँ।'

तारकेश्वर नगरपालिका- १०, नेपालटार हिलेमा डेराकै कारणले दीपाले भोगेको समस्या अझ दर्दनाक छ। घटना १३ मंसिर ०७६ को हो। पुरानो डेराबाट निकालिएपछि उनी साथीको शरणमा थिइन्। महिनौंको प्रयासपछि उनले नेपालटारमा श्रीकृष्ण भण्डारीको घरमा डेरा फेला पारिन्। भण्डारीकी श्रीमती राधिकासँग प्रतिमहिना आठ हजार भुक्तानी गर्ने गरी दुईवटा कोठा लिएर डेरा सरिन्। तर, घरबेटीकी छोरीलाई दिएको परिचयले भोलिपल्टै संकट निम्त्यायो।

'सरसामान मिलाउँदै गर्दा घेरबेटीकी छोरी ढोका ढकढक्याउँदै कोठामा छिरिन्। उनले परिचय मागेपछि मैले जे हो त्यही भनिदिएँ। भोलिपल्टै

» पृष्ठ २ मा क्रमशः

■ पोखरा बसपार्क निर्माणको गतिरोध अन्त्यका गर्न लागि पहल

विवाद समाधान र सुकुमवासी व्यवस्थापनका लागि तीन समिति गठन

पोखरामा **रोहितराज पराजुली**

पाँच दशकदेखि अलपत्र अवस्थामा रहेको पोखरा बसपार्क निर्माण कार्यलाई व्यवस्थित र गतिरोध अन्त्य गर्न पोखरा महानगरपालिका र पोखरा उपत्यका नगर विकास समितिले सक्रियता बढाएका छन् । बसपार्क क्षेत्रको जग्गा विवाद, वास्तविक सुकुमवासीको पहिचान र उनीहरूको स्थानान्तरणका लागि बुधबार छुट्टाछुट्टै तीनवटा समिति गठन गरिएको छ ।

महानगरपालिकाले यसअघि नै ३५ दिने र पुनः १५ दिने सूचना जारी गर्दै बसपार्क क्षेत्रभित्रका अस्थायी सटर तथा टहरा हटाउन र जग्गाधनीलाई कागजात पेस गर्न निर्देशन दिइसकेको छ । सोही अभियानको निरन्तरतास्वरूप यी समितिहरू गठन गरिएका हुन् । ०३० मा बसपार्क निर्माणका लागि अधिग्रहण गरिएको कुल १९६ रोपनी जग्गामध्ये राजमार्ग विस्तारमा परेको नौ रोपनीबाहेक बाँकी १८७ रोपनी जग्गाको मुआब्जा, सट्टापट्टा र बिक्री-वितरणमा व्यापक अनियमितता भएको गुनासो आएपछि छानबिन समिति गठन गरिएको छ । पूर्वन्यायाधीश शंकरराज बरालको संयोजकत्वमा रहेको समिति पूर्वजिल्ला न्यायाधिवक्ता गोविन्द गिरी सदस्य र पोखरा उपत्यका नगर विकास समितिका कार्यालय प्रमुख प्रकाश सुवेदी सदस्यसचिव छन् ।

समितिलाई १५ दिनको समयसीमा दिइएको छ । यसले आधा शताब्दीदेखि भएका सम्पूर्ण निर्णय, कागजात र क्षतिपूर्ति वितरण प्रक्रियाको सत्यतथ्य जाँच गरी कानुनी निरूपणका लागि प्रतिवेदन बुझाउनेछ । पोखराका मेयर एवं नगर विकास समितिका अध्यक्ष धनराज आचार्यका अनुसार कतिपय नपाउनुपर्ने व्यक्तिले क्षतिपूर्ति पाएको र वितरणमा असमानता भएको उजुरी आएका छन् । बसपार्क क्षेत्रमा लामो समयदेखि बसोबास गर्दै आएका सुकुमवासी तथा भूमिहीन परिवारहरूलाई अर्को उपयुक्त स्थानमा व्यवस्थापन गर्न सातसदस्यीय समिति गठन गरिएको छ ।

पोखरा महानगरपालिका-१७ की वडाध्यक्ष राधिकाकुमारी शाही योगीको संयोजकत्वमा रहेको समिति सदस्य वडा नम्बर ९ का अध्यक्ष दीपेन्द्र मर्सानी, १५ का अध्यक्ष तोरण बानियाँ, १४ का अध्यक्ष बोधराज कार्की, २५ की कार्यवाहक अध्यक्ष धना पोखेल र नापी शाखा प्रमुख सीता कार्की छन् । महानगरका प्रशासकीय अधिकृत टीकाराम बजगाईं सदस्यसचिव छन् । यो समितिलाई १० दिनको समय दिइएको छ । समितिले बसपार्कबाट हटाइने सुकुमवासीहरूलाई सार्नका लागि उपयुक्त सरकारी जग्गाको पहिचान गरी सिफारिस गर्नेछ ।

महानगरपालिकामा विवरण र लगत अद्यावधिक गराएका ५७२ जना सुकुमवासीमध्ये वास्तविक र गैरसुकुमवासी छुट्याउन अर्को प्राविधिक समिति गठन गरिएको छ । महानगरपालिकाको प्रशासन महाशाखा प्रमुख कृष्णप्रसाद तिवारीको संयोकत्वमा रहेको समितिमा जिल्ला प्रशासन कार्यालय कास्की, कृषि तथा भूमि व्यवस्था मन्त्रालय गण्डकी, मालपोत र नापी कार्यालय कास्की तथा जिल्ला प्रहरी कार्यालय कास्कीका अधिकृत प्रतिनिधि सदस्य छन् । वडा नम्बर ९ का वडासचिव भने सदस्यसचिव छन् ।

दबाबमा...

पृष्ठ १ बाट क्रमशः

विश्वकै आर्थिक वृद्धि ३.१ प्रतिशतमा सीमित हुने अनुमानका बिच नेपालको अर्थतन्त्रमा पनि यसको प्रभाव देखिएको छ । प्रादेशिक रूपमा हेर्दा बागमती र गण्डकी प्रदेशबाहेक अन्य सबै प्रदेशको आर्थिक वृद्धिदर राष्ट्रिय औसतभन्दा तल रहने देखिएको छ । चालू आर्थिक वर्षमा नेपालको कुल गार्हस्थ्य उत्पादन (जिडिपी) ६६ खर्ब ९ करोड पुग्ने अनुमान गरिएको छ । यसमा सबैभन्दा बढी बागमती प्रदेशको ३६.७ प्रतिशत र सबैभन्दा कम कर्णाली प्रदेशको ४.२ प्रतिशत योगदान रहनेछ । नेपाली अर्थतन्त्रमा सेवा क्षेत्रको वर्चस्व निरन्तर बढ्दो छ । जिडिपीको संरचनामा कृषि क्षेत्रको योगदान २४ प्रतिशतमा खुम्चिँदा गैरकृषि क्षेत्रको योगदान ७६ प्रतिशत पुगेको छ । चालू आवमा कृषिको वृद्धिदर १.५८ प्रतिशत र गैरकृषिको वृद्धिदर ४.५४ प्रतिशत रहने अनुमान छ ।

चालू आर्थिक वर्षमा प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन १ हजार ५ सय १३ अमेरिकी डलर कायम छ । यो गत वर्ष १ हजार ५ सय १६ थियो । तर, कुल राष्ट्रिय आयको आधारमा हेर्ने हो भने प्रतिव्यक्ति आम्दानी १ हजार ५ सय ३५ डलर कायम रहने अनुमान छ जुन गत वर्षबराबर नै हो । यसमा रेमिट्यान्सको समेत आम्दानी गणना हुन्छ । त्यस्तै, प्रतिव्यक्ति कुल राष्ट्रिय खर्चयोग्य आय २ हजार ४४ पुग्ने अनुमान छ । प्रदेशगत रूपमा तुलना गर्दा चालू आर्थिक वर्षमा बागमती प्रदेशको प्रतिव्यक्ति आय सबैभन्दा बढी २ हजार ६ सय ४४ डलर र मधेश प्रदेशको सबैभन्दा कम ९ सय ३४ अमेरिकी डलर रहने अनुमान छ । नेपालको अर्थतन्त्रमा उपभोगको हिस्सा अझै पनि उच्च छ । कुल गार्हस्थ्य उत्पादनको ९०.३ प्रतिशत रकम उपभोगमै खर्च हुने गरेको छ । यसमा निजी क्षेत्रको हिस्सा मात्रै ९१.२६ प्रतिशत छ । सरकारी क्षेत्रको ६.६२ प्रतिशत र गैरसरकारी क्षेत्रको २.१२ प्रतिशत छ ।

अर्थतन्त्रको बाह्य क्षेत्र भने सुविधाजनक देखिएको छ । चालू आर्थिक वर्षको फागुनसम्म रेमिट्यान्स ३७.७ प्रतिशतले वृद्धि भई १४ खर्ब ४९ अर्ब ७० करोड पुगेको छ । रेमिट्यान्समा भएको यही उच्च वृद्धिका कारण देशको शोधनान्तर स्थिति ६ खर्ब ५८ अर्ब र चालू खाता ५ खर्ब ५२ अर्ब ८५ करोडले बचतमा छ । नेपालको विदेशी विनिमय सञ्चिति हालसम्मकै उच्च विन्दुमा पुगेको छ । फागुनसम्म कुल सञ्चिति ३४ खर्ब १३ अर्ब ७७ करोड पुगेको छ । यसले साढे १८ महिना (१८.५ महिना)को वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुन्छ । बाह्य क्षेत्र बलियो भए पनि सरकारको वित्त भने घाटामा छ । फागुनसम्म संघीय सरकारको खर्च १०.४ प्रतिशतले बढ्दा राजस्व संकलन भने जम्मा ३.२ प्रतिशतले मात्र बढेको छ । सरकारको वित्त ५८ अर्ब १ करोडले घाटामा छ । देशको कुल सार्वजनिक ऋण २८ खर्ब ७८ अर्ब ३० करोड पुगेको छ, जुन जिडिपीको ४३.६ प्रतिशत हो । कुल ऋणमध्ये आन्तरिक ऋणको हिस्सा ४६.८ प्रतिशत र बाह्य ऋणको हिस्सा ५३.२ प्रतिशत छ । सरकारको लगानी रहेका ४५ सार्वजनिक संस्थानमध्ये २७ वटा नाफामा, १६ वटा नोक्सानीमा र दुईवटा पूर्ण रूपमा बन्द अवस्थामा छन् ।

बजारमा उपभोक्ता मुद्रास्फीति (महँगी) २.१३ प्रतिशतमा झरेकाले वाञ्छित सीमाभित्रै देखिएको छ । वित्तीय पहुँचमा उल्लेख्य सुधार भई निक्षेप खाताको संख्या ६ करोड २० लाख नाघेको छ । मोबाइल बैंकिङ प्रयोगकर्ता २ करोड ९४ लाख पुगेको छ । क्युआर कोडमार्फत हुने डिजिटल कारोबार एक खर्ब २५ अर्बभन्दा माथि पुगेको छ । बैंक तथा वित्तीय संस्थामा अधिक तरलता रहे तापनि निजी क्षेत्रतर्फको कर्जाप्रवाह सुस्त छ । चालू आर्थिक वर्षको फागुनसम्म बैंक तथा वित्तीय संस्थाको निक्षेप ६.६४ प्रतिशतले वृद्धि भई ७७ खर्ब ४५ अर्ब ८८ करोड पुगेको छ । निजी क्षेत्रमा प्रवाहित कर्जा ४.४ प्रतिशतले वृद्धि भई ५७ खर्ब ४१ अर्ब २४ करोड पुगेको छ ।

गरिबी निवारण नीति, २०७६ ले सन् २१०० सम्म निरपेक्ष गरिबीको अन्त्य गर्ने र बहुआयामिक गरिबी तीन प्रतिशतमा सीमित गर्ने लक्ष्य राखेको छ । सामाजिक सुरक्षा र संरक्षणमा बढ्दै गएको सार्वजनिक लगानी, गरिबलक्षित कार्यक्रमको निरन्तरता, रेमिट्यान्स आय प्राप्त गर्ने परिवारको संख्यामा भएको वृद्धि, सामाजिक क्षेत्रका परिसूचकमा भएको सुधारलगायतको कारण गरिबीको तथ्यांकमा सुधार आएको सर्वेक्षणले जनाएको छ । यद्यपि, सन् २०१५ को तुलनामा खासै अन्तर देखिएको छैन । सन् २०१५ मा राष्ट्रिय गरिबीको रेखामुनि रहेको जनसंख्या २१.६ प्रतिशत रहेकोमा सन् २०२४ मा २०.२७ प्रतिशत रहेको छ । यद्यपि, बहुआयामिक गरिबीमा रहेको जनसंख्या भने घटेको छ । सन् २०१५ मा ४४.२ प्रतिशत रहेको यस्तो जनसंख्या १७.४ प्रतिशतमा झरेको छ । मानव विकास सूचकांक ०.६२२ पुगेको छ । सर्वेक्षणअनुसार ०८२ फागुनसम्म ६४ जिल्लामा गरिब परिवार पहिचान तथा राज्य सुविधा परिचयपत्र वितरण गरिएको छ । राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमअन्तर्गत चालू आर्थिक वर्षको फागुनसम्म ७ लाख ४५ हजार ४ सय ३५ जना बेरोजगार व्यक्ति सूचीकृत छन् । आर्थिक वर्ष ०८१/८२ मा ७ सय ३६ स्थानीय तहमा ७ लाख ९७ हजार ७ सय २५ बेरोजगार व्यक्ति सूचीकृत भएकोमा ५५ हजार १ सय ५१ जनाले औसत ७१.७८ दिनको रोजगारी प्राप्त गरेका थिए । आर्थिक वर्ष ०८१/८२ मा औसत रोजगारी दिनको हिसाबले बागमती प्रदेशभित्रका स्थानीय तहले सबैभन्दा बढी ८० दिन र मधेश प्रदेशका स्थानीय तहले सबैभन्दा कम ४९.१४ दिन रोजगारी प्रदान गरेका छन् ।

सिटिजन्स म्युचुअल फण्ड

अन्तर्गत संचालित

सिटिजन्स सुपर ३० म्युचुअल फण्ड

धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम
नेपाल धितोपत्र बोर्डबाट २०७९/१२/०८ मा योजना संचालन अनुमती प्राप्त
२०८०/०१/३१ देखि २०९०/०१/३० सम्म अवधि भएको १० वर्षे योजना

२०८३ बैशाख मसान्तको अपरिष्कृत वित्तीय विवरण

खुद सम्पत्ति मूल्य सम्बन्धी विवरण

विवरण	२०८३ बैशाख मसान्तको खुद सम्पत्ति मूल्य रु.	२०८२ चैत्र मसान्तको खुद सम्पत्ति मूल्य रु.
क. धितोपत्रमा तथा अन्य लगानी		
१. सूचिकृत धितोपत्र	६९४,११६,५१०	६३२,४०३,०८७
२. सूचिकृत हुन बाँकी धितोपत्र	२,४५०,१५३	३,२२७,४५६
३. ऋणपत्र/ बण्ड	-	-
४. मुद्दती निक्षेप	४०,०००,०००	४०,०००,०००
जम्मा (क)	७३६,५६६,६६३	६७५,६३०,५४३
ख. चालु सम्पत्ति		
बैंक मौज्दात	६३,३९३,३७३	१५१,११६,३१०
अन्य सम्पत्ति	३६,६२४,९८०	१९,३२३,४७२
जम्मा (ख)	१००,०१८,३५३	१७०,४३९,७८२
ग. चालु दायित्व		
अन्य दायित्व	२७,३०९,३५१	१७,२९६,६९१
जम्मा (ग)	२७,३०९,३५१	१७,२९६,६९१
कुल सम्पत्ति (क)+(ख)-(ग)	८०९,२७५,६६६	८२८,७७३,६३५
न्युन : भुक्तानी हुन बाँकी व्यवस्थापन शुल्क		
योजना व्यवस्थापन तथा डिपोजिटरी शुल्क	१,१६८,४१२	३,३८४,७०७
कोष सुपरिवेक्षक शुल्क	३४,०००	११२,६२५
खुद सम्पत्ति	८०८,०७३,२५४	८२५,२७६,३०३
जम्मा जारी इकाई संख्या	७५,०७२,३९०	७५,०७२,३९०
प्रति इकाई खुद सम्पत्ति मूल्य	१०।७६	१०।९९

२०८३ बैशाख सम्मको आय व्यय विवरण

विवरण	२०८३ बैशाख मसान्त सम्मको रु.	२०८२ चैत्र मसान्त सम्मको रु.
आय		
प्राप्त भईसकेको आम्दानी /(नोक्सानी)	८८,२१९,८९४	७६,६७७,९४७
प्राप्त भईनसकेको आम्दानी/(नोक्सानी)	(१८,६५२,५१५)	८,८३५,७४७
जम्मा आय (क)	६९,५६७,३८०	८५,५१३,६९३
व्यय		
सूचना प्रकाशन तथा अन्य प्रशासनिक खर्च	१९२,१४३	१६८,५३३
बैंक शुल्क	२,३३३	१,६५५
स्टक एक्सचेञ्ज वार्षिक शुल्क	४१,३७१	३७,१२४
योजना व्यवस्थापन तथा डिपोजिटरी शुल्क	११,३४६,३५१	१०,१७७,९३९
कोष सुपरिवेक्षक शुल्क	४८७,५००	४४७,५००
सिडिएससी वार्षिक शुल्क	९९,२८६	८९,०९४
योजना लेखा परीक्षण शुल्क	९३,४९६	८३,८९९
जम्मा खर्च (ख)	१२,२६२,४८०	११,००५,७४४
कुल आय/(व्यय) (क) -(ख)	५७,३०४,९००	७४,५०७,९४९

२०८३ बैशाख मसान्तको लगानी विवरण

सूचिकृत धितोपत्रमा लगानी

क्र.सं.	लगानी	संख्या (कित्ता)	बजार मूल्य (रु.)
क	वाणिज्य बैंक	३५५,७४६	१६६,२७१,२७०
	ग्लोबल आइएमई बैंक लिमिटेड	८७,०००	२०,४४५,०००
	स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड	६६,००३	४२,७०३,९४१
	एभरेष्ट बैंक लिमिटेड	७१,७४३	५०,४३५,३२९
	नबिल बैंक लिमिटेड	३१,०००	१६,३३७,०००
	सानिमा बैंक लिमिटेड	१००,०००	३६,३५०,०००
ख	विकास बैंक	९१,६१२	४१,१०९,२७५
	गरिमा विकास बैंक लिमिटेड	६५,०००	२६,९७५,०००
	सालपा विकास बैंक लिमिटेड	१,७६९	२,१५९,९४९
	कामना सेवा विकास बैंक लिमिटेड	२४,८४३	११,९७४,३२६
ग	हाइड्रोपावर कम्पनी	२०५,८२०	११६,७३७,९०९
	माउन्टेन इनर्जी नेपाल लिमिटेड	२२,६९४	१३,७५२,५६४
	डादी ग्रुप पावर लिमिटेड	१६,०००	७,१३६,०००
	सानिमा माई हाइड्रोपावर लिमिटेड	२५,०००	१३,०००,०००
	सूर्यकुण्ड हाइड्रो इलेक्ट्रिक लिमिटेड	४१७	५२४,५८६
	रिज लाइन इनर्जी लिमिटेड	८६१	८६४,४४४
	सुपर खुदी हाइड्रोपावर लिमिटेड	९३८	८२९,१९२
	शिखर पावर डेभलपमेन्ट लिमिटेड	१,२७६	१,०१६,९७२
	भुजुङ्ग हाइड्रोपावर लिमिटेड	९७३	८९३,५०६
	सोलु हाइड्रोपावर लिमिटेड	१०,२६३	७,१०१,९९६
	सिनर्जी पावर डेभलपमेन्ट लिमिटेड	१,८९९	७५९,६००
	मकर जितुमाया सुरी हाइड्रोपावर कम्पनी लिमिटेड	४४,६९९	२१,९४७,२०९
	युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड	४४,८००	२४,८११,८४०
	साहास उर्जा लिमिटेड	३६,०००	२४,०१२,०००
घ	निर्जीवन बिमा कम्पनी	१६२,६६७	९८,५८८,९६१
	हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेड	४५,०००	२४,१४२,५००
	सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड	७१,६६७	४१,७८१,८६१
	सिद्धार्थ प्रिमियर इन्स्योरेन्स कम्पनी लिमिटेड	४६,०००	३२,६६४,६००
ङ	जीवन बिमा कम्पनी	११०,७६७	५६,१८१,२३६
	नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड	५४,९३४	३२,२८४,७१२
	सुर्यज्योती लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड	५५,८३३	२३,८९६,५२४
च	उत्पादन तथा प्रशोधन	५७,३४५	६२,५८५,६१६
	युनिलिभर नेपाल लिमिटेड	२२५	१०,४७३,७५०
	हिमालयन डिष्टिलरी लिमिटेड	२६,९९७	३१,२३५,५२९
	पाल्पा सिमेन्ट इण्डष्ट्रीज लिमिटेड	३,२३४	२,७२६,२६२
	शिवम् सिमेन्ट्स लिमिटेड	२६,८८९	१८,१५०,०७५
छ	अन्य	५२,०००	३२,५५२,०००
	हिमालयन रिइन्स्योरेन्स लिमिटेड	५२,०००	३२,५५२,०००
ज	होटल्स एण्ड पर्यटन	४४,९६०	२४,२११,९१६
	सोल्टी होटल लिमिटेड	४१,०६५	२०,४३८,०५१
	होटल फरेष्ट इन लिमिटेड	३,८९५	३,७७३,८६६
झ	लगानी	९,५००	१३,००४,५५०
	एन.आर.एन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लिमिटेड	९,५००	१३,००४,५५०
ञ	लघुवित्त	५०,४६१	४६,६४०,५३५
	इन्फिनिटी लघुवित्त वित्तीय संस्था लिमिटेड	२७,४६१	२५,६७६,०३५
	छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड	२३,०००	२०,९६४,५००
ट	सामूहिक लगानी कोष	३,७५४,३८३	३६,२३३,२४२
	मुक्तिनाथ म्युचुअल फण्ड- १	१,०२०,८१९	१०,१२६,५२४
	सिद्धार्थ इनभेष्टमेन्ट ग्रोथ स्किम- ३	१२२,०००	१,२९६,८६०
	एन आई सि एशिया ग्रोथ फण्ड २	२,६११,५६४	२४,८०९,८५८
	कुल	४,८९५,२६१	६९४,११६,५१०

नोटः

क. सामूहिक लगानी कोष नियमावली, २०६७ तथा सामूहिक लगानी कोष निर्देशिका, २०६९ को अधिनमा रही योजना व्यवस्थापकले अवलम्बन गरेको मूल्यांकन नीति बमोजिम योजनाको लगानीको गणना गरिएको छ ।

ख सूचिकृत तथा सूचिकृत नभएको शेयर तथा ऋणपत्र समेत गरी योजनाले २०८३ बैशाख मसान्तसम्म गरेका लगानीको परल मूल्य (धितोपत्र दलाल कमिशन तथा कारोवार शुल्क समेत) रु ७१५,२१९,१७७ रहेको छ ।

ग योजनाको साप्ताहिक प्रति इकाई खुद सम्पति मूल्य योजना व्यवस्थापकको वेभ साइट www.citizenscapital.com.np मा सार्वजनिक गरिएको छ ।

घ अपरिष्कृत वित्तीय विवरणमा पेश भएका विवरण नियमन निकायले निर्देशन गरेको खण्डमा निर्देशन गरिए बमोजिम परिवर्तन हुन सक्नेछ ।

ङ यस योजनाको विवरणपत्र मा ३० वटा मात्र सूचिकृत धितोपत्र मा लगानी गर्ने सन्दर्भमा नेपाल धितोपत्र बोर्ड बाट सामूहिक लगानी कोषका लागी छुट्याईएको धितोपत्रहरु सर्वसाधारणलाई सार्वजनिक निष्काशन गरी बाँडफाँट भएको मितिले ६ महिना पुरा नभएसम्म विक्री गर्न नपाउने व्यवस्था भएकोले गर्दा सूचिकृत धितोपत्र ३० ओटा भन्दा बढी रहेको छ ।

योजनाले अवलम्बन गरेको मूल्यांकन नीति बमोजिम योजनाको लगानी मूल्यांकन गरी कोष सुपरिवेक्षकको मिति २०८३ जेष्ठ १३ को बैठकद्वारा स्विकृती प्रदान गरिएको छ ।

कोष प्रवर्द्धक

Citizens Bank International Ltd.
सिटिजन्स बैंक इन्टरनेशनल लि.
YOUR PARTNER FOR PROGRESS
(नेपाल राष्ट्र बैंकबाट "क" वर्गको ईजाजतपत्र प्राप्त संस्था)
नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४५२०८५२/५३/२८, फ्याक्सः ९७७ १ ४५२००५५
ईमेलः info@ctznbank.com, वेभसाइटः www.ctznbank.com

योजना व्यवस्थापक तथा डिपोजिटरी

Citizens Capital Ltd.
(Formerly known as CBIL Capital Ltd.)
A Subsidiary of Citizens Bank International Ltd.
Spreading Prosperity, Enriching Lives
बाटुलेचर, डिल्लीबजार, काठमाडौं, नेपाल
फोन नं.: ०१-४५२१२३५, ४५१७७७०, ४५१७७२३
E-mail: info@citizenscapital.com.np, Website: www.citizenscapital.com.np

ओली, लेखक...

पृष्ठ १ बाट क्रमशः

यसका मुख्य अंश सार्वजनिक गरेको छ । 'निजहरूलाई मानव अधिकार उल्लंघनको विषयमा सजाय गर्ने व्यवस्था हाल प्रचलनमा रहेको कुनै पनि कानुनमा नदेखिँदा मानवता र मानव अधिकारको कसुरमा पाश्चात्यदर्शी कानुन बनाएर पनि सजाय गर्न सकिन्छ भनी सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादन भइसकेको हुँदा निजहरूलाई कारबाही र सजाय गर्न नयाँ कानुन निर्माण गर्नुपर्ने देखिन आयो,' आयोगको सिफारिस छ, 'अतः सोबमोजिम नयाँ कानुन निर्माण गरी माथि उल्लेखित तीनैजना लगायतलाई सोही कानुनबमोजिम कारबाही गर्न मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय प्रयोग, अवधारणा र नेपालको आवश्यकतालाई विचार गर्दा नयाँ बनाइने सो कानुनमा निम्नबमोजिमको प्रावधान राख्न पनि नेपाल सरकारलाई परामर्श दिने ।'

आयोगले यस्तो कसुरमा तीन महिनासम्म कैद र तीन लाख रुपैयाँसम्म जरिवाना हुने र पाँच वर्षसम्म राजनीतिक नियुक्ति तथा निर्वाचनमा भाग लिन नपाउने व्यवस्था गर्न प्रतिवेदनमार्फत सिफारिस गरेको छ ।

ओलीले कानुनबमोजिम गर्नुपर्ने दायित्व पूरा नगरेर नागरिकको मानव अधिकारको हनन गरेको आयोगको निष्कर्ष छ । 'तत्कालीन प्रधानमन्त्री केपी ओली जिम्मेवार छैनन् भन्न सकिने अवस्था देखिएन । निजले अनुसन्धान समितिसमक्ष बयान दिँदा सामाजिक सञ्जालमा आफूले प्रतिबन्ध नलगाएको, नियम कानुनबमोजिम भएको भनी जिकिर लिए तापनि तत्कालीन सूचना तथा सञ्चारमन्त्री पृथ्वीसुब्बा गुरुङ, सुरक्षा निकायका प्रमुख तथा पदाधिकारीहरूले बयानका क्रममा सामाजिक सञ्जालमा लगाइएको प्रतिबन्ध तत्काल फुकुवा गर्नुपर्छ अन्यथा स्थिति भयावह हुन सक्छ भनी दिएको सुझाव प्रधानमन्त्रीले नमानेको भनी उल्लेख गरेको देखिन्छ,' आयोगको प्रतिवेदनमा छ ।

सामाजिक सञ्जालमा लगाएको प्रतिबन्धका कारण २३ भदौमा प्रदर्शन सुरु भएको र त्यसपछि देशैभरि सिर्जना भएको परिस्थितिको मुख्य कारकको रूपमा तत्कालीन प्रधानमन्त्री ओली नै रहेको आयोगको ठहर छ । सेनाको सहयोग लिनेलगायतमा पनि ओलीले दायित्व पूरा नगरी उदासीन बसेको आयोगको ठहर छ । 'भाद्र २३ गते बेलुका र २४ गते दिउँसोसम्मको सुरक्षा अवस्था विश्लेषण गर्दा नेपाली सेनाबाहेक सबै सुरक्षा संयन्त्र असफल भएको देखिएको अवस्थामा पनि मन्त्रिपरिषद्ले सेनाको सहयोग लिनेबारे कुनै निर्णय गरेको पाइँदैन,' आयोगको प्रतिवेदनमा छ, 'अतः तत्कालीन प्रधानमन्त्री ओलीसमेतले कानुनबमोजिम पूरा गर्नुपर्ने दायित्व पूरा नगरी उदासीन बसेका कारण मानव अधिकारको उल्लंघन भएको देखिन आउँछ ।'

आन्दोलनमा भएको बल प्रयोगको सामूहिक दायित्व तत्कालीन गृहमन्त्री लेखकको हुने आयोगको निचोड छ । 'मुलुकको शान्तिसुरक्षा व्यवस्थापन गर्ने कार्यमा नेतृत्वदायी तथा केन्द्रीय भूमिकामा रहने माथि उल्लेखित पदाधिकारीहरूको प्रत्यक्ष निर्देशनमा मातहतका सुरक्षाकर्मीहरू फिल्डमा खटिने र काम गर्नुपर्ने कानुनी दायित्व हुन्छ । यस्तो अवस्थामा मैले गोली हान्न आदेश दिएको होइन भनी आफूमातहतका कर्मचारीहरूबाट भएको कार्यको जिम्मेवारी तथा दायित्वबाट तत्कालीन गृहमन्त्री, प्रहरी महानिरीक्षक, सशस्त्र प्रहरी महानिरीक्षक तथा राष्ट्रिय अनुसन्धानका प्रमुख विमुख हुन मिल्ने अवस्था हुँदैन,' आयोगले भनेको छ, 'अतः २०८२ साल भाद्र २३ गते बाँच्न पाउने हकबाट वञ्चित हुनुभएकाले मानव अधिकार हननको मुख्य दोषीमाथि उल्लेखित पदाधिकारी र तत्कालीन गृहमन्त्री रमेश लेखकसमेतउपर सामूहिक रूपमा जाने देखिन्छ ।'

नागरिकको मानव अधिकार हनन हुने गरी सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८० लागू गरेका आधारमा आयोगले तत्कालीन सञ्चारमन्त्री गुरुङलाई दोषी ठहर गरेको छ । यसलाई कार्यन्वयन गर्दा मौलिक हकसमेत हनन भएको आयोगको भनाइ छ ।

'अन्तर्राष्ट्रिय सन्धिहरूका प्रावधानहरू अनदेखा गरी संविधानअनुकूल नहुने गरी नेपाल सरकारको कार्यकारी आदेशबाट जारी सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८० को प्रयोग गरी समाजिक सञ्जालमा प्रतिबन्ध लगाउने आदेश स्वयंमा असंवैधानिक रहेको देखिन्छ । मानव अधिकारमुखी दृष्टिकोणबाट हेर्ने हो भने पनि यस्तो सार्वजनिक चासोको विषयमा कानुन निर्माण गर्दा सरोकारवाला नागरिकको अर्थपूर्ण सहभागिता आवश्यक हुन्छ,' आयोगको प्रतिवेदनमा छ, 'सरोकारवाला नागरिकको सहभागिता र उनीहरूको परामर्शविना हुने यस्ता कार्यहरू लोकतान्त्रिक पद्धति, मानव अधिकारको विश्वव्यापी मान्यता र सुशासनसमेतको बर्खिलाप भई स्वीकार्य हुन सक्दैन । यस्तो निर्देशिकाले नेपाली नागरिकको अभिव्यक्तिको स्वतन्त्रता हनन गरेको देखिन आयो । संविधानले दिएको मौलिक हकमा प्रतिबन्ध लगाउने गरी उल्लेखित निर्देशिका, २०८० जारी गर्ने कार्य र कार्यान्वयन गर्ने तत्कालीन सञ्चार तथा सूचनामन्त्री पृथ्वीसुब्बा गुरुङलाई मानव अधिकार उल्लंघनकर्ता नै मान्नुपर्ने देखियो ।'

यसअघि नै पूर्वन्यायाधीश गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगको प्रतिवेदनको सिफारिसका आधारमा आयोगले तत्कालीन प्रधानमन्त्री ओली र गृहमन्त्री लेखकको हकमा लापरबाहीपूर्वक ज्यान मारेको कसुरमा अनुसन्धान अघि बढाइसकेको छ । १४ चैतमा पक्राउ परेका उनीहरू पछि सर्वोच्चको आदेशमा छुटेका थिए । जिल्ला प्रहरी परिसर, काठमाडौंले उनीहरूमाथि अनुसन्धान जारी रहेको जनाएको छ ।

१० सुरक्षाकर्मीमाथि कारबाही सिफारिस

आयोगले अन्य १० उच्च सुरक्षा अधिकारीमाथि पनि कारबाही सिफारिस गरेको छ । जसमा नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका महानिरीक्षकसमेत छन् । नेपाल प्रहरीका महानिरीक्षक दानबहादुर कार्की तथा सशस्त्र प्रहरीका महानिरीक्षक नारायणदत्त पौडेलमाथि संविधानको धारा २४९(२) ङ अनुसार कारबाही सिफारिस भएको छ । जसमा आयोगको कामअन्तर्गत ,'मानव अधिकारको उल्लंघनकर्तालाई विभागीय कारबाही तथा सजाय गर्न कारण र आधार खुलाई सम्बन्धित निकायसमक्ष सिफारिस गर्ने,' उल्लेख छ । सोहीअनुसार उनीहरूमाथि कारबाही सिफारिस भएको हो ।

नेपाल प्रहरीका महानिरीक्षक कार्की २४ भदौको आन्दोलनमा उपत्यका प्रहरी कार्यालयको प्रमुख थिए । सो दिन राम्रोसँग शान्तिसुरक्षाको व्यवस्था गर्न नसक्दा मानव अधिकारको हनन भएको आधारमा उनलाई कारबाही सिफारिस भएको छ । सशस्त्र प्रहरीका महानिरीक्षक पौडेल त्यसवेला कार्य विभागको प्रमुख थिए । सोही आधारमा उनलाई जिम्मेवार बनाइएको छ । पौडेललाई गत महिना मात्र सरकारले महानिरीक्षकमा नियुक्त गरेको हो ।

आन्दोलनको समयमा नेपाल प्रहरीको आइजिपी रहेका चन्द्रकुबेर खापुङ, सशस्त्र प्रहरीका आइजिपी राजु अर्याल तथा राष्ट्रिय अनुसन्धान विभागका तत्कालीन प्रमुख हुतराज थापाको हकमा भने भविष्यमा सरकारी जिम्मेवारी नदिने गरी रेकर्ड राख्न आयोगले सिफारिस गरेको छ ।

आयोगले नेपाल प्रहरीका डिआइजीद्वय ओम राना, विश्व अधिकारी, सशस्त्र प्रहरीका एसपी जीवन केसी, राष्ट्रिय अनुसन्धान विभागका डिआइजी कृष्ण खनाल तथा काठमाडौंका तत्कालीन सिडिओ छवि रिजालको हकमा कारबाही सिफारिस गरेको छ । २३ भदौमा फिल्डमै खटिएका प्रहरीको कार्य विभागका तत्कालीन एआइजी सिद्धिबिक्रम शाहबारे प्रतिवेदनमा केही उल्लेख छैन । त्यस्तै, तत्कालीन गृहसचिव गोकर्णमणि दुवाडीको हकमा पनि आयोग मौन छ । आयोगले कारबाही सिफारिस भएका सार्वजनिक पदमा रहेका पदाधिकारीलाई कम्तीमा ६ महिनाका लागि निलम्बन गर्नसमेत भनेको छ ।

सेनाको हकमा भने आयोग नरम

आयोगको प्रतिवेदन नेपाली सेनाको हकमा भने नरम देखिएको छ । आयोगले सिंहदरबार र राष्ट्रपति भवनको सुरक्षामा खटिएका कमान्डरलाई नाम नतोकी कारबाही सिफारिस गरेको छ । प्रधानसेनापति अशोकराज सिग्देललाई भने भविष्यमा यस्ता घटनामा गम्भीर हुन निर्देशन दिने निर्णय आयोगको छ । यद्यपि, प्रतिवेदनमा सेनाकै कमजोरीले सिंहदरबार, सर्वोच्च अदालत, राष्ट्रपति भवनसमेतमा तोडफोड तथा आगजनी भएको उल्लेख छ । 'अनुसन्धानका क्रममा संकलित मिसिल संलग्न सबुत प्रमाणहरूको सूक्ष्म विश्लेषण गर्दा २३- २४ भदौका प्रदर्शनमा सिंहदरबार, सर्वोच्च अदालत, राष्ट्रपति भवनसमेतमा तोडफोड तथा आगजनी गरी देशैभरि जुन प्रकारको मानवीय, भौतिक तथा आर्थिक क्षति भएको छ, सो हुनुमा नेपाली सेनाका पनि कमिजोरीहरू देखिएको,' आयोगको सिफारिसमा छ ।

प्रतिवेदनमा 'राष्ट्रिय सम्पत्तिको सुरक्षा गर्न नसकेको तथा आमनागरिकको मानव अधिकार संरक्षणप्रति संवेदनशील हुन नसकेको देखिँदा भविष्यमा यस्ता विषयमा गम्भीर भई राष्ट्रिय सम्पत्तिको संरक्षण र आमनागरिकको मानव अधिकार संरक्षणप्रतिको दायित्वलाई प्राथमिकता दिन प्रधानसेनापतिलाई निर्देशन दिने र सिंहदरबारको सुरक्षाका लागि सिंहदरबारभित्र रहेको सेनाको गणका तत्कालीन प्रमुख र राष्ट्रपति भवन शीतलनिवासका सेनाको तत्कालीन कमान्डरलाई सचेत गराउन राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ दफा ५ अनुसार नेपाल सरकारको ध्यानाकर्षण गराउने,' उल्लेख छ ।

पूर्वप्रधानमन्त्री कार्की, पूर्वगृहमन्त्री अर्याललगायतमाथि थप छानबिनको सिफारिस

आयोगले आन्दोलनको समर्थनमा बोल्ने तथा सामाजिक सञ्जालमा लेख्नेमाथि समेत कारबाही गर्न सिफारिस गरेको छ । जसमा पूर्वप्रधानमन्त्री सुशीला कार्की तथा पूर्वगृहमन्त्री ओमप्रकाश अर्यालसमेत छन् । त्यस्तै, हाल राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद रहेका सुधन गुरुङ, गणेश कार्की, सुलभ खरेल, बब्लु गुप्ता, कृष्ण कार्की, डा. तोसिमा कार्की, राजीव खत्री, केपी खनाल, दीपक बोहरा, मनीष झा, ज्वाला संग्रौला, पुरुषोत्तम यादव, आशिका तामाङ, हरि ढकाल छन् । त्यस्तै, सरकारले गठन गरेको जाँचुबझ आयोगका संयोजक रहेका पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको नामसमेत यसमा राखिएको छ ।

कलाकार तथा सञ्चारकर्मीहरूलाई समेत आयोगले आन्दोलनलाई भड्काउन खोजेको आशंकामा छानबिन गर्न भनेको छ । यो सूचीमा सोम शर्मा, हेमराज थापा, विमल पन्त, खेमराज साउद, अमनप्रताप अधिकारी, विवेक थपलिया, सिसन बानियाँ, असिमममान बस्नेत, भाग्य न्यौपाने, टंक दाहाल, भिक्टर पौडेल, अंकित मल्ल, उमेश बोहरा, शिव यादव, विनोद देउवा, सरु सुनुवार, भीम उपाध्याय, रविकिरण हमाल, निश्चल बस्नेत, पशुपति खड्का, दुर्गा प्रसाईं, ऊर्जा बराल, जेरी ताम्राकार, हेमसागर बिद्रोही, बुद्ध छिरिङ, सन्तोष राजावादी, अमित खनाल, दीपक देवकोटा, गौरव बराल, हिमानीराज्यलक्ष्मी सिंह र निशान मैनाली छन् ।

'पूर्वप्रदर्शनका दौरान र प्रदर्शनपश्चात् जेन-जी प्रदर्शनका सम्बन्धमा अभिव्यक्ति दिएको भन्ने निजहरूको सामाजिक सञ्जाल, प्रकाशित समाचार र राष्ट्रिय अनुसन्धान विभागले निजहरू प्रदर्शनमा सहभागी हुन सक्ने भनी संकलन गरेको प्रतिवेदनसमेतका आधारमा उल्लेख हुन आएको देखिँदा २३ र २४ भदौको घटनामा भएको मानवीय र भौतिक क्षतिसमेतका कार्यमा निजहरूको संलग्नता रहे-नरहेको, निजहरूको अभिव्यक्तिबाट समेत प्रदर्शनकारीहरू आक्रोशित र उत्तेजित भई कुनै असर र प्रभाव परे-नपरेको, सार्वजनिक शान्ति र सुव्यवस्थामा खलल पुग्ने काम निजहरूबाट भए-नभएको वा सोको दुरुत्साहन भए-नभएको सम्बन्धमा सूक्ष्म अनुसन्धान गरी सम्बन्धित व्यक्ति तथा आमनागरिकलाई सुसूचित गराई उल्लिखित व्यक्तिहरूको स्वच्छ सुनुवाइको हक अधिकारको सुनिश्चिततासहित अनुसन्धान गरी दोषी देखिए कारबाही गर्न,' आयोगको सिफारिस छ ।

जेन-जी आन्दोलनलाई समर्थन गरेकै आधारमा आयोगले थप छानबिनका लागि सिफारिस गरेकामा कतिपयले आश्चर्य व्यक्त गरेका छन् ।

सो आन्दोलनलाई काठमाडौं महानगरपालिकाका तत्कालीन प्रमुख तथा हालका प्रधानमन्त्री बालेन्द्र शाहले पनि सामाजिक सञ्जालमार्फत समर्थन गरेका थिए । तर, उनको हकमा भने आयोगको प्रतिवेदन मौन छ ।

पूर्वयोजनाअनुसार नै आन्दोलन विध्वंसात्मक बनाएको निष्कर्ष

एउटा समूहले विध्वंसात्मक बनाउने पूर्वयोजना नै बनाएको आयोगको निष्कर्ष छ । 'नेपाल प्रहरीको नक्कली फेसबुक पेज बनाई सो पेजमार्फत जेन-जी समूहलाई प्रदर्शनमा विद्यार्थी पोसाकमा आएमा नेपाल प्रहरीले बल प्रयोग गर्न नसक्ने हुनाले सबैजना विद्यालय पोसाकमा आउनू भनी आह्वान गरेको देखिन्छ,' प्रतिवेदनमा छ, 'नेपाल प्रहरीको सो नक्कली फेसबुक पेजले प्रदर्शनकारीहरूमा भ्रमपूर्ण सामग्री सामाजिक सञ्जालमा प्रसारित गरी योजनाबद्ध रूपमा विद्यार्थीलाई प्रदर्शनमा सहभागी गराई मानव ढाल बनाउन खोजेको देखिएको र सो घटनापश्चात् प्रयोग भएका सामाजिक सञ्जालका खाताहरू निष्क्रिय बनाएको देखिएको भन्ने सुरक्षाकर्मीहरूको बयान व्यहोराबाट खुल्न आई माथि लेखिएको तथ्य स्थापित हुन आयो,' प्रतिवेदनमा छ ।

आन्दोलनमा योजनाबद्ध रूपमा घुसपैठ भएको आयोगको प्रतिवेदनमा उल्लेख छ । तर, कसले घुसपैठ गऱ्यो भन्ने आयोगले पत्ता लगाउन सकेको छैन । टिओबी समूहमाथि थप छानबिन गर्न आयोगले भनेको छ । यसअघि नै प्रहरीले सो समूहका नाइकेसहितलाई पक्राउ गरी मुद्दा दायर गरिसकेको छ । सो समूहमा १५-२० जना मात्र रहेको प्रहरी अनुसन्धानमा खुलेको छ ।

सुरक्षा निकायबिच तालमेल र सञ्चार संवादमा कमी रहेको आयोगले औँल्याएको छ । मानव अधिकारको हनन हुनुमा आन्दोलनकारी र सुरक्षाकर्मी दुवै पक्षलाई दोषी देखाइएको छ । सुरक्षाकर्मीले सावधानीपूर्वक हातहतियारको प्रयोग नगरेको तथा आयोजकले प्रदर्शनकारीलाई संयमित रूपमा राख्न नसकेको आयोगको निष्कर्ष छ ।

गत २३ भदौमा भ्रष्टाचार र सामाजिक सञ्जालमाथिको प्रतिबन्धको विरोधमा भएको प्रदर्शनमा दमन हुँदा बानेश्वर क्षेत्रमा मात्र १७ युवाले ज्यान गुमाएका थिए । सो दमनको विरोधमा भोलिपल्ट देशैभरि आन्दोलन भएपछि तत्कालीन ओली सरकार गिरेको थियो ।

सो आन्दोलन पनि पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा चुनावी सरकार गठन भई २१ फागुनमा निर्वाचन सम्पन्न भइसकेको छ । निर्वाचनमा आन्दोलनको समर्थन गरेको दल रास्वपाले झन्डै दुईतिहाइ मत ल्याएर हाल सरकार सञ्चालन गरिरहेको छ ।

डेरा खोज्दा

पृष्ठ १ बाट क्रमशः

घरबेटी राधिका आएर डेरा छाड्न दबाब दिइन्,' दीपाले भनिन् । राधिकाले त्यतिवेला भनेका शब्द सम्झिँदै दीपाले अगाडि सुनाइन्, 'कोठा दिनुअघि तिम्रो थर थाहा भएन । अहिले थाहा भयो, तिमीहरू तल्लो जातका रहेछौ । भर्खरै बाबुको मृत्यु भएर हामी बरखी बारिरहेका छौं । घरमा बुढी आमा पनि हुनुहुन्छ । सामाजिक दृष्टिकोणमा पनि नराम्रो भइन्छ । अब अन्तै कोठा खोजेर निस्केर जाऊ, यहाँ बस्न मिल्दैन ।'

घरबेटीको शब्द-शब्दले दीपाको मथिंगल हल्लायो । मुस्किलले फेला पारेको डेरा फुत्किने पिरले आत्तिएकी उनले प्रतिवाद होइन, बिन्ती बिसाइन् । तर, घरबेटी कुनै हालतमा मानिनन् । अर्को दिनबाट दीपाको पुरानै अभियान सुरु भयो- नयाँ डेरा खोज्ने । त्रिवि केन्द्रीय क्याम्पस कीर्तिपुरकी विद्यार्थी उनी कक्षा चल्ने समयमा मात्रै त्यहाँ हुन्थिन्, बाँकी समय डेरा खोज्नमै बित्थ्यो । अर्को डेरा नपाएसम्म पुरानो डेरा छाड्ने अवस्था थिएन । तर, घरबेटी अत्याचारमा उत्रिएको भोगाइ उनले सुनाइन् । 'कहिले अपरिचित युवा ल्याएर धम्की दिन्थे । कहिले डेरा खाली गराउन वडा कार्यालयमा उजुरी दिन्थे । तर, मैले नयाँ डेरा भेटेकै थिइनँ,' दीपाले उक्त घटनाबारे भनिन्, 'घरबेटीको अत्याचार सहन नसकेपछि स्थानीय प्रहरी कार्यालयदेखि गृह मन्त्रालयसम्म पुगेँ, पीडा सुनाएँ । तर, सुनुवाइ भएन । कारण, घरबेटी श्रीकृष्ण नै गृह मन्त्रालयको हाकिम रहेछन् । प्रहरीमा दिएको जाहेरीसमेत उनैले रोक्न लगाएका रहेछन् ।'

राज्यका निकायबाट न्याय नपाएपछि उनले अन्ततः पत्रकार सम्मेलन गरेर पीडा सार्वजनिक गरिन् । त्यसले दबाब परेपछि प्रहरीले बल्ल उनको जाहेरी दर्ता गऱ्यो । घरबेटीलाई पक्राउ गऱ्यो । अदालतमा मुद्दा पनि चल्यो । तर, घरबेटीको अत्याचार कम भएन, बरु झन् बढ्न थाल्यो । घरबेटीले उनका लागि पानी बन्द गरिदिए, शौचालयमा ताला लगाए । बिजुलीको मात्रै होइन, कोठाको भाडा पनि बढाए । न्याय माग्न वडा कार्यालय पुगेकी उनलाई वडाले जारको पानी खरिद गर्न भन्दै सात सय रुपैयाँ दिएर पठायो ।

दीपाको कोठा खोज्ने अभियान जारी नै थियो । तर, जातकै कारण भेट्टाउन सकिरहेकी थिइनन् । यता गृह मन्त्रालयको शक्ति प्रयोग गरेर घरबेटीले कोठा छाड्न वडाबाट ३५ दिने सूचना निकाले । विलखबन्धनमा परेकी उनले कीर्तिपुरमा बल्ल कोठा फेला पारिन् । हतारहतार सोही कोठामा सरिन् । तर, जब घरबेटीले उनको जात थाहा पाए, त्यहाँ पनि कोठाबाट निकाल्ने खेल सुरु भयो ।

कोभिड महामारीका कारण मुलुक ठप्प थियो । दलित भएकै कारण घरबेटीबाट निकालिनुपरेको कथा सञ्चारमाध्यममा छ्यापछ्याप्ती थियो । सोही माध्यमबाट कीर्तिपुरका घरबेटीले उनको जात थाहा पाएका थिए । घरबेटीको दबाबपछि दीपा कीर्तिपुरको डेरा पनि छाडेर शंखमूल सरिन् । तर, जात थाहा पाएपछि त्यहाँ पनि निकालामा परिन् ।

अहिलेसम्म सातवर्षे काठमाडौं बसाइमा आठ ठाउँमा कोठा सरेको अनुभव दीपासँग छ । 'अहिले बसिरहेको घरमा मात्रै हो लामो समय गुजारेको, नत्र सबैमा तीनदेखि पाँच महिनाभन्दा धेरै कतै बस्न पाइनँ,' उनले भनिन्, 'सहर हेर्दा जति फराकिलो र सुन्दर छ, यहाँमा अधिकांश मानिसको सोच साँघुरो र दुर्गन्धित छ । विभेद गर्नेहरूमाथि राज्यको लाचारीका कारण दलित समुदायका मानिसले वाससमेत पाउन सकेका छैनन् ।'

माइतीघर मण्डलामा छुट्टाछुट्टै आठ धर्ना

दीपा मात्रै होइन, माइतीघर मण्डलामा छुट्टाछुट्टै आठ समूह पनि धर्नारत छन् । समूहपिच्छे सबैका माग फरक-फरक छन् । यहीमध्येकी हुन्- सिन्धुलीको सुनकोशी गाउँपालिका- ३, जुम्लेडाँडाकी विन्दमाया विक । उनका छोरा २२ वर्षीय कृष्ण विकको सिन्धुलीको खुर्कोटस्थित इलाका प्रहरी कार्यालयको हिरासतमा गत ७ वैशाखमा शंकास्पद मृत्यु भएको थियो । छोराको न्यायका लागि प्रहरीमा दिएको जाहेरी दर्ता नभएपछि उनी १२ वैशाखदेखि धर्नामा छिन् ।

त्यस्तै, सहकारी बचतकर्ताको २३ अर्ब रुपैयाँभन्दा धेरै रकम ठगी गरेर फरार जिबी राईविरुद्ध पनि पीडितले मण्डलामा धर्ना सुरु गरेका छन् । टेन्टसहित धर्नामा उत्रिएका उनीहरू रात पनि सडकमै बिताउँछन् । दिनभर सडकमा धर्ना कस्छन् र राति टेन्टमा फर्किन्छन् ।

जनावरको सुरक्षाको माग गर्दै अभियान छेडेका अभियन्ता पनि माइतीघर मण्डलामै धर्नारत छन् । त्यस्तै, जबर्जस्ती करणीमा संलग्न नेत्रप्रसाद तिमिल्सिनाविरुद्ध कारबाहीको माग गर्दै पीडित धर्नामा बसेका छन् । सोही कसुरमा संलग्न कर्णबहादुर मल्लका पीडित पनि धर्नामा छन् । मिटरब्याजपीडित उमा महतो पनि एक सातादेखि माइतीघरमै धर्नामा छिन् । त्यस्तै, दलित जेन-जी फ्रन्ट, मिर्गौलापीडितहरूको पनि मण्डलामै धर्ना छ ।

स्थानीय तहका काम र खर्चमा खोटैखोट

नियमविपरीत सल्लाहकार नियुक्त, विदेश भ्रमणमा जाँदा संघ सरकारसँग लिइन्न स्वीकृति

शिवहरि घिमिरे/नयाँ पत्रिका

स्थानीय तहमा झन्-झन् बेथिति मौलाउँदै गएको छ। महालेखा परीक्षकको कार्यालयको ६३औँ वार्षिक प्रतिवेदनअनुसार स्थानीय तहका कामकारबाही र खर्च प्रणालीमाथि खोटैखोट देखाएको छ। प्रतिवेदनले स्थानीय तहहरूले नियमविपरीत सल्लाहकार राखेर र स्वीकृतिविना विदेश भ्रमण गर्दा सरकारलाई नै आर्थिक भार परेको औँल्याएको छ। हाल केही स्थानीय तहले करोडौँ रकम खर्चेर अस्पताल निर्माण गरे पनि जनशक्ति र उपकरण नभएको प्रतिवेदनमा उल्लेख छ।

प्रतिवेदनअनुसार स्थानीय तहको बेरुजु दर पनि उच्च देखिएको छ। गत वर्षजस्तै बेरुजु दर यस वर्ष पनि डरलाग्दो गरी बढेको छ। प्रतिवेदनअनुसार ७५३ स्थानीय तहको वार्षिक बेरुजु १९ अर्ब चार करोड ७७ लाख रुपैयाँ छ। प्रदेशतर्फको कुल बेरुजु पाँच अर्ब २२ करोड देखिएको छ। त्यसमध्ये ५२ करोड असुल गर्नुपर्ने र तीन अर्ब ७५ करोड नियमित गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ।

प्रतिवेदनअनुसार केन्द्र सरकारको बेरुजु ५३ अर्ब ४८ करोड छ। त्यसमा २६ अर्ब ५० करोड असुल र २५ अर्ब ४४ करोड नियमित गर्नुपर्ने प्रतिवेदनले औँल्याएको छ। महालेखाले प्रचलित कानुनको रित नपुऱ्याई कारोबार गरेको भन्दै स्थानीय तहमा आर्थिक अनुशासनहीनता बढेको उल्लेख गरेको छ। प्रतिवेदनअनुसार यस वर्ष ७२१ स्थानीय तहले मात्रै लेखा परीक्षण गराएका छन्। २२ स्थानीय तहले लेखा परीक्षण नै गराएका छैनन्। ६४ स्थानीय तहले १७ करोड पाँच लाख ५७ हजारका २२८ अध्ययन प्रतिवेदन कार्यान्वयनसमेत नगरेको प्रतिवेदनमा उल्लेख छ।

प्रतिवेदनअनुसार गत वर्ष ३२७ स्थानीय तहले आन्तरिक लेखा परीक्षण नगराएकोमा यस वर्ष २६८ ले आन्तरिक लेखा परीक्षण गराएका छैनन्। कानुनबमोजिम आन्तरिक लेखा परीक्षण गराउनुपर्दछ। त्यस्तै, यस वर्ष ८३ स्थानीय तहले ८८ करोड १० लाख २९ हजार घटी जिम्मेवारी सारेकोमा सोको आधार तथा कारण खुलाएका छैनन्। ९० स्थानीय तहको ग्रेस्टाले देखाएको भन्दा बैंक खातामा ५४ करोड ४९ लाख ३५ हजारले घटी मौज्दात रहेकोमा हिसाब मिलान गरी बैंक मौज्दात यकिन नगरेको प्रतिवेदनमा उल्लेख छ। त्यस्तै, सबै कार्यालयले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) अनिवार्य रूपमा लागू गर्नुपर्ने भए पनि यस वर्षसम्म २९३ स्थानीय तहले उक्त प्रणालीको प्रयोग नगरेको प्रतिवेदनमा उल्लेख छ।

भुक्तानीमा करकट्टी आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टी गरी दफा ९० बमोजिम राजस्व दाखिला गर्नुपर्ने व्यवस्था भए पनि यस वर्ष १५६ स्थानीय तहले आयकर ऐनअनुसार विभिन्न भुक्तानीमा तीन करोड १३ लाख १२ हजार अग्रिम कर कट्टी नगरेकोमा प्रतिवेदनले खोट देखाएको छ।



- २६८ स्थानीय तहले गराएनन् आन्तरिक लेखा परीक्षण
- ९७ स्थानीय तहले नियमविपरीत सल्लाहकार नियुक्त गरी चार करोड ४५ लाख भुक्तानी
- ४७९ स्थानीय तहले विभिन्न कर्मचारी करारमा राखी खुवाए तलब

चार पालिकाको बेरुजु शून्य, महानगरहरूको बेरुजु भने डरलाग्दो

प्रतिवेदनअनुसार चार पालिकाको बेरुजु शून्य देखिएको छ। जसमा काभ्रेको महाभारत गाउँपालिका, पर्वतको महाशिला गाउँपालिका, गुल्मीको धुर्कोट गाउँपालिका र सोलुखुम्बुको सोलु-दुधकुण्ड नगरपालिका छन्। काठमाडौं महानगरपालिकामा ६ करोड १९ लाख ७६३ बेरुजु देखिएको छ। ललितपुर महानगरपालिकामा चार करोड ६८ लाख ६२ हजार बेरुजु देखिएको छ। पोखरा महानगरपालिकाको बेरुजु चार करोड १० लाख ८२९, विराटनगर महानगरपालिकामा आठ करोड २३ लाख नौ हजार बेरुजु देखिएको छ। वीरगन्ज र भरतपुर महानगरपालिकाको बेरुजु भने प्रतिवेदनमा उल्लेख छैन।



अनावश्यक सल्लाहकार राखेर राज्यलाई भार

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधासम्बन्धी ऐनमा पदाधिकारीका लागि स्वकीय सचिव र सल्लाहकार राखी पारिश्रमिक दिने व्यवस्था छैन। तर, स्थानीय तहहरूले त्यसको बर्खिलाप गर्दै सल्लाहकार राख्ने गरेका छन्। यस वर्ष ९७ स्थानीय तहले सल्लाहकार नियुक्ति गरी चार करोड ४५ लाख ६ हजार पारिश्रमिक भुक्तानी गरेको महालेखाले उल्लेख गरेको छ। त्यस्तै, यस वर्ष ४७९ स्थानीय तहले विभिन्न कर्मचारी करारमा राखी तलब दिएका छन्।

स्वीकृतिविना विदेश भ्रमण, सरकारलाई नै आर्थिक भार

स्थानीय तहका जनप्रतिनिधिको विदेश मोह डरलाग्दो छ। स्थानीय तहका पदाधिकारीहरू विदेश भ्रमणमा जाँदा संघीय सरकारसँग स्वीकृति लिनुपर्ने व्यवस्था छ। महानगरपालिकाका मेयरको हकमा मन्त्रिपरिषद्बाटै निर्णय हुनुपर्ने कानुनी व्यवस्था छ। तर, स्थानीय तहका जनप्रतिनिधि त्यसलाई बेवास्ता गर्दै आफूखुसी विदेश भ्रमण जाने गरेका छन्। एक वर्षमा चार सयभन्दा स्थानीय तहका जनप्रतिनिधिले विदेश भ्रमण गरेका छन्। यस वर्ष १६ स्थानीय तहका पदाधिकारीले नेपाल सरकारको स्वीकृतिबेगर डेनमार्क, दक्षिण कोरिया, थाइल्यान्डलगायत देश भ्रमण गरेका छन्। भ्रमण गर्दा सरकारी रकम ५० लाख ९४ हजार खर्च भएको छ।

अस्पताल बन्यो, जनशक्ति र उपकरण छैनन्

प्रतिवेदनअनुसार स्थानीय तहहरूले अस्पताल पनि सञ्चालन गरिरहेका छन्। यस वर्ष २०८ स्थानीय तहबाट अस्पताल निर्माण कार्यमा १४ अर्ब २० करोड १० लाख १० हजार खर्च भएकोमध्ये निर्माण सम्पन्न भएका अस्पतालमा हालसम्म आठ स्थानीय तहले ८२ करोड ६४ लाख ९२ हजार खर्च गरेका छन्। सम्पन्न भएका उक्त अस्पतालमा जनशक्ति व्यवस्थापन तथा मेडिकल उपकरणको व्यवस्थापन नभएको कारण सञ्चालनमा नआएको प्रतिवेदनमा उल्लेख छ।

■ मुख्य न्यायाधिवक्ताको सातौँ राष्ट्रिय सम्मेलन

महान्यायाधिवक्तामातहत रहने व्यवस्था हटाउन माग



धनगढीमा **तेजराज भट्ट**

सातवटै प्रदेशका मुख्य न्यायाधिवक्ताहरूले प्रदेश सरकारका मुख्य न्यायाधिवक्ता संघीय सरकारको महान्यायाधिवक्तामातहत रहने संवैधानिक व्यवस्था संशोधन गर्न माग गरेका छन्। धनगढीमा भएको मुख्य न्यायाधिवक्ताको सातौं राष्ट्रिय सम्मेलनले नेपालको संविधानको धारा १६० मा रहेको यो व्यवस्थालाई संशोधन गर्न माग गरेको हो। १० बुँदे घोषणापत्र जारी गरेको सम्मेलनले संविधान संशोधनका क्षेत्रसमेत पहिचान गरेको छ। संवैधानिक परिषद्, न्यायपरिषद् र संवैधानिक निकायहरूको पुनर्संरचना, संवैधानिक अदालतको स्थापना, अदालतको क्षेत्राधिकार र निर्वाचन प्रणालीलाई संविधान संशोधनको क्षेत्रका रूपमा सम्मेलनले पहिचान छ। घोषणापत्रअनुसार संविधानमा संशोधन गर्नुपर्ने विषयमा संघ र प्रदेश सभामा रहने सदस्य संख्या, संघीय र प्रादेशिक कार्यपालिकामा रहने सदस्य संख्या तथा स्थानीय तहको पुनर्संरचनालाई पनि समावेश गरिएको छ। नेपाल सरकारले संविधान संशोधनका लागि सार्वजनिक र संस्थागत रूपमा माग गरेकाले संविधान संशोधनको बहसपत्रमा समावेश गर्न क्षेत्र पहिचान गरिएको सुदूरपश्चिमका मुख्य न्यायाधिवक्ता ठेकेन्द्रराज जोशीले बताए।

मुख्य न्यायाधिवक्ताको नियुक्ति मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखबाट हुने, निजको पदावधि मुख्यमन्त्रीको इच्छाअनुसार हुने र मुख्य न्यायाधिवक्ता प्रदेश सरकारप्रति उत्तरदायी हुनुपर्ने अवस्था रहेकाले महान्यायाधिवक्तामातहत रहने व्यवस्था हटाउनुपर्ने घोषणापत्रमा उल्लेख गरिएको छ। मुख्य न्यायाधिवक्ता कार्यालयमा रहने कर्मचारीको व्यवस्थापन महान्यायाधिवक्ता कार्यालयले गर्ने व्यवस्थालाई संशोधन गरेर कर्मचारी व्यवस्थापनको पनि प्रदेश सरकारबाट हुने प्रावधान संविधानमा राख्न सम्मेलनले माग गरेको छ। 'महान्यायाधिवक्ता एवं मुख्य न्यायाधिवक्ताबिच संविधान र कानुन कार्यान्वयनका विषयमा समन्वय, सहकार्य र परामर्श गर्नुपर्ने प्रावधान राख्न अनुरोध गर्दछौं,' सम्मेलनपछि जारी गरिएको घोषणापत्रमा भनिएको छ।

फौजदारी कसुर ऐन, २०७४ ले कसुरदारको सुधार तथा पुनर्स्थापना गर्न प्रदेश सरकारको व्यवस्थापनमा कारागार सञ्चालन हुने र मुख्य न्यायाधिवक्ताको अध्यक्षतामा गठन हुने प्रदेश प्रोबेसन तथा प्यारोल बोर्डसम्बन्धी व्यवस्था कार्यान्वयनका लागि नियमावली निर्माण र कारागार नियमावली संशोधन गर्न पनि सम्मेलनले माग गरेको छ।

न्याय प्रवाहको विकेन्द्रीकरण तथा उपभोक्तालाई न्यायमा सहज पहुँचको अधिकार सुनिश्चितताका लागि प्रत्येक प्रदेशमा रहेका उच्च अदालतमा प्रशासकीय अदालतको इजलस स्थापना गर्न पनि सम्मेलनले माग गरेको छ। सेवा कानुनसम्बन्धी विवाद निरूपणका लागि स्थापित प्रशासकीय अदालत हाल काठमाडौंमा मात्र रहँदा उपभोक्तालाई न्यायमा सहज पहुँच हुन नसकेकाले सम्मेलनले ठहर गरेको छ।

धनगढीमा दुई दिनसम्म भएको सम्मेलनको सुदूरपश्चिमका मुख्यमन्त्री कमलबहादुर शाहले मंगलबार उद्घाटन गरेका थिए। भेलाको उद्घाटनमा महान्यायाधिवक्ता डा. नारायणदत्त कँडेल विशिष्ट अतिथिका रूपमा सहभागी थिए। भेलामा सुदूरपश्चिमका मुख्य न्यायाधिवक्ता जोशी, कर्णाली, लुम्बिनी, गण्डकी, बागमती, मधेश र कोशी प्रदेशका मुख्य न्यायाधिवक्ताहरू क्रमशः कृष्णबहादुर हमाल, यमलाल खनाल, चिरञ्जीवी शर्मा पौडेल, अप्सरा बस्नेत, डा. सुनीलरञ्जन सिंह र नारायण वस्ती सहभागी थिए।

संक्षेप

जेठभित्रै पार्टी सदस्यता नवीकरण गर्दै एमाले

काठमाडौं/ एमालेले जेठ मसान्तसम्म मात्र पार्टी सदस्यता नवीकरण गर्ने भएको छ। पछिल्लो एघारौँ महाधिवेशनले प्रत्येक वर्ष सदस्यता नवीकरण अनिवार्य गरेकाले एमालेले आगामी वर्ष ०८३/८४ को सदस्यता नवीकरण जेठभित्रै सम्पन्न गर्ने निर्णय लिएको हो। केन्द्रीय कार्यालय सचिव डा. भीष्म अधिकारीले एमालेले यस वर्षबाट सदस्यता शुद्धीकरण हुने गरी व्यक्तिको भौतिक उपस्थितिमा पार्टीको नीतिप्रति प्रतिबद्ध हुनेहरूको मात्र सदस्यता नवीकरण गर्ने निर्णय गरिएको बताए। त्यसअनुसार केन्द्रीय संगठन विभागले देशैभर सदस्यता नवीकरणको कामको संयोजन गर्नेछ। 'संगठन विभागले जेठ मसान्तसम्म भौतिक उपस्थितिमा डिजिटल फर्म भरेर मात्र संगठित सदस्यता नवीकरण गर्ने व्यवस्था मिलाइएको छ। पार्टी सदस्यताका लागि पनि नियमावलीको व्यवस्थाअनुरूपको अनलाइन फर्म भर्ने व्यवस्था मिलाइएको छ। पेसागत क्षेत्रका लागि विशेष व्यवस्था गरिएको छ। यी सबै काम संगठन विभागको संयोजनमा बढ्नेछ,' उपमहासचिव लेखराज भट्टले केन्द्रीय सचिवालयको पछिल्लो निर्णय जानकारी दिँदै भने।

राजधानीमा नेकपाका स्थानीय जनप्रतिनिधिको भेला

काठमाडौं/ नेपाली कम्युनिस्ट पार्टीको स्थानीय तहका जनप्रतिनिधिको दुईदिने भेला राजधानीमा सुरु भएको छ। प्रज्ञा भवन कमलादीमा बुधबार सुरु भएको भेला बिहीबार समापन गर्ने तयारी छ। भेलामा नेकपाका देशभरका जनप्रतिनिधि सहभागी छन्। भेलामा स्थानीय तह विभाग प्रमुख अग्निप्रसाद सापकोटाले आगामी कार्ययोजना प्रस्तुत गरेका छन्। स्थानीय तह बलियो भए मात्रै केन्द्रीयस्तरमा समाजवादउन्मुख गन्तव्य हासिल गर्न आवश्यक आधार तयार हुने उनको ठम्याइ छ। विगतका कमजोरीको समीक्षा गर्दै नयाँ पुस्तालाई पूर्ण विश्वासमा लिएर उनीहरूको ऊर्जा र क्षमतालाई देश विकासमा परिचालन गर्नुपर्नेमा जोड दिइएको छ। सापकोटाले पालिकामा रहेका स्रोत, साधन र स्थानीय विशेषताको निरन्तर अध्ययन, अनुसन्धान, अन्वेषण र उपयोगमा ध्यान दिनुपर्ने आवश्यकता पनि औँल्याएका छन्। आगामी स्थानीय तहको निर्वाचन समाजवादी क्रान्तिको आधार तयार पार्ने लडाइँ हुने नेकपाको ठम्याइ छ।

बागमती सरकारले दुई प्रतिशत ब्याजमा ऋण दिने

भक्तपुर/ बागमती प्रदेश सरकारले स्वरोजगारमूलक व्यवसायका लागि दुई प्रतिशत ब्याजमा ऋण दिने भएको छ। बागमती प्रदेशका स्वास्थ्यमन्त्री किरण थापाले बुधबार भक्तपुरको गठ्ठाघरमा ग्रान्ड ब्युटी एक्स्पो उद्घाटन गर्दै युवालाई सिपमूलक तालिम दिने र स्वरोजगारमूलक व्यवसायका लागि सस्तो ब्याजमा पुँजी उपलब्ध गराउने बताए। 'स्वरोजगारमूलक व्यवसायका लागि बागमती प्रदेश सरकारले दुई प्रतिशत ब्याजमा ऋण दिने गरी बजेटमै व्यवस्था गर्दै छ,' उनले भने। शैक्षिक प्रमाणपत्र अथवा सिपमूलक तालिमका प्रमाणपत्र पेस गरेर युवाहरूले न्यूनतम १५ लाख रुपैयाँसम्म सस्तो ऋण पाउने उनको भनाइ छ। मन्त्री थापाले युवाहरूको चाहनाबमोजिम प्रदेश अस्पतालका सेवाहरूलाई प्रविधिमैत्री बनाएकोसमेत बताए। स्वास्थ्य मन्त्रालयले सिन्धुली अस्पताल, चौतारा अस्पताल, धादिङ अस्पताल र बकुलहर अस्पतालबाट पेपरलेस सेवा परीक्षण सुरु गरेको बताउँदै उनले आगामी आर्थिक वर्षबाट प्रदेशका १३ वटै अस्पतालमा पेपरलेस प्रणाली लागू गरिने जानकारी दिए। यसले सेवा प्रवाह छिटोछरितो हुनुको साथै रिपोर्टहरू सुरक्षित हुने र खोजिएको बखत प्राप्त गर्न सकिनेसमेत उनको भनाइ छ।

सुर्तीजन्य पदार्थमा ७५% कर पुऱ्याउन सुझाव

नयाँ पत्रिका

सुर्तीजन्य पदार्थमा कर बढाउन सरकारमाथि चौतर्फी दबाब परेको छ। संसद्को शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति, सत्तापक्षका सांसद, सुर्तीजन्य पदार्थ नियन्त्रण क्षेत्रमा काम गर्दै आइरहेको विज्ञलगायत संघसंस्थाले कर वृद्धिको माग गरेका हुन्।

सुर्तीजन्य पदार्थको सेवनबाट नसर्ने रोग भयावह भएको भन्दै संसद्को शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति ओजस्वी शेरचनसहित ३० जना सांसदले अर्थमन्त्री डा. स्वर्णिम वाग्लेलाई ध्यानाकर्षणपत्र बुझाएका छन्। लिखित र हस्ताक्षरसहितको निवेदन बुझाउँदै सांसदहरूले सुर्तीजन्य र मदिराजन्य वस्तुमा कर वृद्धि गर्न आग्रह गरे।

सुर्तीजन्य पदार्थ नियन्त्रण र रोकथामको क्षेत्रमा काम गर्दै आइरहेको एक्सन नेपालनामक संस्थाले पनि सुर्तीजन्य पदार्थको कर वृद्धि गर्न माग गरेको छ। संस्थाले नेपालमा सुर्तीजन्य पदार्थको प्रयोग र बिक्री-वितरणको अवस्थाबारे अध्ययन गर्दै आइरहेको छ। उसले सुर्तीजन्य पदार्थको सेवनबाट स्वास्थ्यमा जटिल असर परेको भन्दै यसलाई नियन्त्रण गर्न कर वृद्धि नै उत्तम उपाय रहेको औँल्याएको छ। भाइटल स्ट्राटेजिज एसिया प्रान्तका निर्देशक डा. तारासिंह बमले सुर्तीजन्य पदार्थमा उच्च कर तथा मूल्य वृद्धि गर्न माग गरेका छन्।

कैलाली ५ का रास्वपा सांसद आनन्दबहादुर चन्दले आफूहरू जनस्वास्थ्यलाई हानि गर्ने वस्तुको विपक्षमा रहेको बताउँदै अर्थमन्त्रीलाई ज्ञापनपत्र बुझाइएको बताए। 'सरकारले जनताको स्वास्थ्यको रक्षा र जर्गेना गर्नुपर्छ, सुर्तीजन्य पदार्थलाई नियन्त्रण गर्ने तरिका भनेको कर वृद्धि नै हो,' उनले भने, 'यस सवालमा अर्थ मन्त्रालय सधैँ उद्योगीकै पक्षमा उभिँदै आएको छ, यसपटक पनि उद्योगीकै पक्षमा उभिन्छ कि भन्नेमा चिन्तित छौं, आशा गरौं उभिँदैन।'

एक रुपैयाँदेखि १८० रुपैयाँ राजस्व पुऱ्याउन प्रस्ताव

सुर्तीजन्य पदार्थ नियन्त्रण र रोकथामको क्षेत्रमा काम गर्दै आइरहेको एक्सन नेपालले कर वृद्धि गर्न माग गरेको छ। हाल बिँडीमा प्रतिकाँटी ३० पैसा, चुरोट तथा सिगारमा ६० पैसा र सुर्ती, खैनी, गुट्खा तथा पान मसलामा प्रतिकिलो ६० रुपैयाँ कर लाग्दै आएकोमा यसलाई क्रमशः एक रुपैयाँ, दुई रुपैयाँ र १८० रुपैयाँ पुऱ्याउन प्रस्ताव गरेको छ। सुर्तीजन्य पदार्थमा लाग्ने अन्तःशुल्कमा पनि कम भएकाले सबै उमेर समूहका लागि यस्ता पदार्थ सहज रूपमा उपलब्ध भइरहेको भन्दै कम्तीमा हालको दरमा ५० प्रतिशत वृद्धि गर्न सुझाव दिइएको छ।



'नेपालमा सुर्तीजन्य पदार्थका कारण प्रत्येक वर्ष ठुलो जनधनको क्षति हुनुका साथै नसर्ने रोग स्वास्थ्य उपचार खर्च र स्वास्थ्य बिमामा अत्यधिक आर्थिक भार बढिरहेको अवस्था छ,' अर्थमन्त्री वाग्लेलाई बुझाएको पत्रमा छ, 'हाल नेपालमा सुर्तीजन्य पदार्थमा लाग्ने कर दक्षिण एसियामै न्यून (३३.३%) छ, जबकि छिमेकी राष्ट्र भारतमा ५८%, बंगलादेशमा ७३% र श्रीलंकामा ६८% कर छ।'

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)को रणनीतिअनुसार सुर्तीजन्य पदार्थको उपभोग न्यूनीकरण गर्न कुल करको हिस्सा खुद्रा मूल्यको कम्तीमा ७५ प्रतिशत हुनैपर्छ। तर, यो कार्यान्वयन नेपालले गर्न नसकेको सांसदहरूले बुझाएको ध्यानाकर्षणपत्रमा उल्लेख छ। सुर्तीजन्य र मदिराजन्य पदार्थबाट भएको घाटाको सम्बन्धमा समितिले विश्लेषणात्मक विवरणसमेत अर्थमन्त्रीलाई बुझाएको छ। सांसदहरूले आगामी बजेटमार्फत सुर्तीजन्य पदार्थ तथा मदिराजन्य वस्तुमा अन्तःशुल्क र स्वास्थ्य जोखिम कर उल्लेख्य रूपमा वृद्धि गरी जनस्वास्थ्य संरक्षण तथा स्वास्थ्य बिमा प्रणालीको दिगोपनमा सहयोग पुग्ने नीति अवलम्बन गर्न माग गरेका छन्।

निजी अस्पतालमा आकस्मिकबाहेकका सेवामा स्वास्थ्य बिमा बन्द



काठमाडौं/ सरकारले निजी स्वास्थ्य संस्थाबाट प्रदान गरिने आकस्मिकबाहेकका सबै सेवामा स्वास्थ्य बिमा रोकेको छ। आर्थिक रूपमा स्वास्थ्य बिमा कार्यक्रम संकटमा परेको भन्दै स्वास्थ्य बिमा बोर्डले यस्तो निर्णय गरेको हो। हाल बोर्डले सरकारी र निजी स्वास्थ्य संस्थालाई करिब १४ अर्ब बक्यौता तिर्न बाँकी छ। वित्तीय संकट देखाउँदै बोर्डले निजी अस्पतालमा आकस्मिकबाहेकका सेवामा स्वास्थ्य बिमा लागू नगर्न निर्देशन दिएको हो। बोर्डले बुधबार नै सबै निजी अस्पताललाई परिपत्र गरिसकेको छ। १६ जेठदेखि यो नियम लागू हुने बोर्डले जनाएको छ। 'वित्तीय दबाब र बढ्दो दायित्वका कारण सेवा निरन्तरता व्यवस्थापन चुनौतीपूर्ण बनेको छ। जसलाई मध्यनजर गर्दै तत्कालका लागि यो निर्णय लिनुपरेको हो,' बोर्डको विज्ञप्तिमा छ। सरकारको निर्णयसँगै अब निजीमा स्वास्थ्य बिमामा उपचार गराउन पुग्ने सेवाग्राहीलाई मर्का पर्ने भएको छ।

नयाँ प्रतिनिधिसभा हलमा नहुने भयो बजेट भाषण

प्रतिनिधिसभाको नयाँ हलबाट बजेट प्रस्तुत गर्ने तयारी गरिए पनि निर्माण कार्य समयमै नसकिँदा बजेट प्रस्तुत गर्ने योजना अधुरै


कमलराज भट्ट/नयाँ पत्रिका

पटक-पटक म्याद थपिए पनि संघीय संसद् भवन निर्माणको काम पूरा हुन नसकेपछि यसपटक पनि प्रतिनिधिसभाको आफ्नै हलमा बजेट भाषण नहुने भएको छ। सिंहदरबारस्थित पुतली बर्गैंचामा निर्माणाधीन संघीय संसद् भवनअन्तर्गत प्रतिनिधिसभाको नयाँ हलबाट बजेट प्रस्तुत गर्ने तयारी गरिए पनि निर्माण कार्य समयमै नसकिँदा योजना अधुरै बनेको हो।

प्राविधिक तथा संरचनागत काम बाँकी रहेपछि अब आगामी बजेट भाषण निर्माणाधीन भवनकै बहुउद्देश्यीय हलबाट हुने गरी तयारी थालिएको छ। सभामुख डोलप्रसाद अर्यालले प्रतिनिधिसभाको अहिलेको बैठक कक्षमै १५ जेठको अपराह्न ४ बजे दुवै सभाको संयुक्त बैठक बस्ने र त्यसअघि ३:४५ बजेभित्र उपस्थित हुन सांसदहरूलाई निर्देशन दिएका छन्। संसद् सचिवालयले केही दिनअघि प्रतिनिधिसभाको हलबाट बजेट भाषणको तयारी भैरहेको जनाएको थियो। संसद् सचिवालयका प्रवक्ता एकराम गिरीका अनुसार निर्माणाधीन प्रतिनिधिसभा हलमा अडियो-भिडियो सिस्टम, एमसिआर जडान तथा अन्य प्राविधिक व्यवस्थापन समयमै पूरा हुने सुनिश्चितता नभएकाले जोखिम लिन नसकिएको हो। 'हल सञ्चालन चुनौतीपूर्ण देखियो। बैठक सञ्चालन गर्न सकिनेमा सुनिश्चित हुन सकिएन,' प्रवक्ता गिरीले भने, 'बाध्यात्मक परिस्थितिमा बहुउद्देश्यीय हलमै बजेट वाचन गर्नुपर्ने भयो।'

यता सहरी विकास तथा भवन निर्माण विभाग भने हल सञ्चालन गर्न सकिने अवस्थामा रहेको दाबी गरिरहेको छ। विभागका प्रवक्ता रोशन श्रेष्ठका अनुसार केही कन्फ्रेन्सिङ उपकरण सिंगापुरबाट नआए पनि वैकल्पिक व्यवस्थामार्फत हल सञ्चालनको तयारी गरिएको थियो। 'काम चलाउने गरी वैकल्पिक व्यवस्था गरिएको थियो। हल चल्ने अवस्थामै थियो,' उनले भने, 'बहुउद्देश्यीय हलबाट बजेट आउने निर्णय भएको कुरा समाचारमार्फत थाहा भयो।'

छैटौँपटक थपिएको म्यादभित्र पनि निर्माण पूरा नहुने



सहरी विकास तथा भवन निर्माण विभागले संसद् भवन निर्माण सम्पन्न गर्न अन्तिमपटक भनेर गत फागुनमा छैटौँपटक ९० दिन समय थपेको थियो। १६ पुस ०८२ मा पाँचौँपटक म्याद सकिएको थियो। थपिएको ९० दिनको समय सकिनै लाग्दा समग्र भवनको प्रगति विवरण ९६ प्रतिशत मात्रै छ।

विभागका प्रवक्ता श्रेष्ठका अनुसार भवनको भौतिक प्रगति ९६ प्रतिशत र वित्तीय प्रगति ८५ प्रतिशत छ। 'मेजर काम त सकिसकेको छ। माइनर काम बाँकी हो। विदेशबाट अलिकति समान आइपुगेन,' उनले भने, 'पाँच महिनाअघि नै भुक्तानी गरेको सामान पनि आएन। समयभित्र सकिएन भने कानुनबमोजिम हुन्छ।' १ असोज ०७६ मा तत्कालीन प्रधानमन्त्री केपी ओलीले तीन वर्षभित्र निर्माण सम्पन्न गर्ने गरी शिलान्यास गरेको संसद् भवन सात वर्ष बितिसक्दा पनि निर्माण पूरा हुन सकेको छैन।

जेन-जी आन्दोलनमा बानेश्वरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा रहेको संसद् भवन आगजनी भएपछि अहिले संसद् सचिवालयसँग सदन सञ्चालन गर्न भवन छैन। समयमै नयाँ भवन निर्माण नहुँदा अस्थायी रूपमा काम चलाउनुपरेको छ। ठेकेदार कम्पनी टुदी सेप जेभीले पाँच अर्ब ३९ करोड लागतमा भवन बनाउँदै छ। सिंहदरबारस्थित पुतली बर्गैंचाको १५१ रोपनी क्षेत्रफलमा निर्माणाधीन भवनमा आठवटा ब्लक छन् भने १२ वटा छुट्टाछुट्टै भवन छन्। जसमा चार सय सिट क्षमताको प्रतिनिधिसभा, एक सय सिट क्षमताको राष्ट्रिय सभा छ। यी दुवैका बिचमा मुख्य प्रवेशद्वार छ, जसको दाहिनेतिर राष्ट्रिय सभा र देब्रेतर्फ प्रतिनिधिसभा छ। मुख्य भवनसँगै सहायक भवन पनि छन्। जहाँ संसदीय दलका कार्यालय, समितिका हल, दुइटा संसद् सचिवालय भवन, पुस्तकालय, संग्रहालय, चमेना गृहलगायत छन्।

भिभिआइपीका लागि छुट्टै भवन, विशाल पार्किङ, सुरक्षाकर्मी बस्ने ठाउँसहित आवश्यक सबै सेवा समेटिने संरचना तयार हुँदै छ। राष्ट्रिय महत्त्व बोकेको भवनको डिजाइन स्टकचरल, आर्किटेक्चर, इलेक्ट्रिकल, स्यानिटरी पक्षलाई समायोजन गरेर भूकम्पीय हिसाबले सुरक्षित बनाइँदै छ।

जनअपेक्षा र आगामी बजेट

सरकारले ल्याउँदै गरेको आगामी आर्थिक वर्षको बजेट देशमा भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्ने दिशामा केन्द्रित हुन आवश्यक छ



● प्रेमलकुमार खनाल

अग्रलेख

सरकारले आगामी आवका लागि आय-व्ययको अनुमानसहितको वार्षिक बजेट प्रस्तुत गर्दै छ। बजेट प्रस्तुत गर्दा संविधानले दिशाबोध गरेका आधारमा आर्थिक-सामाजिक नीति तथा कार्यक्रम अवलम्बन गर्न आवश्यक छ। संविधानले समाजवादउन्मुख दिशामा अगाडि बढाउन आर्थिक-सामाजिक आर्थिक नीतिले मुलुकको विकास गर्न निर्देश गरेको छ। विगतदेखि अवलम्बन गरेको नवउदारवादी अर्थनीतिले देशमा उत्पादन बढाएर रोजगारी विस्तार नभएका कारण देशमा उत्पादन, रोजगारी र वितरण क्षेत्रमा अपेक्षित विकास हुन सकेन। परिणामस्वरूप मुलुकमा जनसंख्या वृद्धिसँगै गरिबी र बेरोजगारी बढेर गयो। यसैको परिणास्वरूप झन्डै ७० लाख मानिस रोजगारीको खोजीमा बिदेसिएका छन्। वैदेशिक रोजगारीमा गएकाले पठाएको रेमिट्यान्सबाट फेरि वस्तु आयात गरेर देशको अर्थतन्त्र धानिरहेको छ। यसले गर्दा गरिबी र बेरोजगारीले आक्रान्त जनताले साँचो अर्थमा राहत र परिवर्तनको अनुभूति गर्न नपाएको यथार्थ मुलुकसामु रहेको छ।

देशका श्रमजीवी, भूमिहीन, गरिब र सुकुम्बासीका समस्या समाधान गर्न भूमिसुधार लागू गर्नुपर्ने थियो, तर यो हुन सकेको छैन। यस्तै कृषि क्रान्ति गरी उत्पादन वृद्धि गर्नुपर्ने थियो, तर यसो हुन सकेको छैन। मुलुकमा व्यापक रोजगारीका अवसर सिर्जना गर्न, उत्पादन वृद्धि गर्न मुलुकलाई कृषिको आधुनिकीकरण र राष्ट्रिय औद्योगिकीकरणको दिशामा अघि बढाउनुपर्ने थियो, यो काम पनि हुन सकेको छैन। यस्तै, शिक्षा र स्वास्थ्यमा आमूल परिवर्तन गरेर सर्वसुलभ र निःशुल्क प्रदान गर्नुपर्ने थियो, यो पनि हुन सकेको छैन। महँगी र मूल्यवृद्धिलाई नियन्त्रण गर्नुपर्ने, भ्रष्टाचारलाई माथिदेखि तलैसम्म निर्ममतापूर्वक नियन्त्रण गर्नुपर्ने, किसानले उत्पादन गरेको वस्तुको बजार र मूल्यको सुनिश्चितता गर्ने गरी संयन्त्र निर्माण गर्नुपर्ने थियो।

जनतालाई 'डेलिभरी' दिन कर्मचारीतन्त्रको रूपान्तरण आवश्यक छ। मुलुकको राष्ट्रियता संरक्षण र संवर्द्धनको दिशामा सरकारले ठोस कदम चाल्न सकेको छैन। भूपरिवेष्ठित हुनुको नाताले छिमेकी देशबाट निर्बाध पारबहन सुविधा प्राप्त गर्नुपर्ने, सिमानाको दृढतापूर्वक रक्षा गर्नुपर्नेजस्ता चुनौतीपूर्ण अभिभारा मुलुकसामु छन्। जनतालाई तत्काल राहतको अनुभूति हुने गरी नीति तथा कार्यक्रम तय गर्नुपर्छ। शिक्षा, स्वास्थ्य, स्वच्छ खानेपानी, सुरक्षित आवास, स्वच्छ खाद्यान्न, रोजगारी, सामाजिक सुरक्षाका हक र अधिकार कार्यान्वयन गरी सर्वसुलभ सेवा उपलब्ध गराउने दिशामा आगामी बजेटले ठोस नीति र कार्यक्रम अगाडि सार्नुपर्छ।

राष्ट्रियताको संरक्षण र असंलग्न विदेश नीति : नेपालले राष्ट्र संघको बडापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त, अन्तर्राष्ट्रिय कानुन र विश्वशान्तिको मान्यताका आधारमा परराष्ट्र नीति अवलम्बन गर्दै आएका सन्दर्भमा युद्ध र सामरिक विषयसँग सम्बन्धित अमेरिकाले अगाडि सारेको सैनिक मामिलासम्बन्धी राज्य साझेदारी कार्यक्रम (एसपिपी) नेपालमा लागू गर्न अनेक चलखेल भइरहेकामा सर्वत्र चासो र चिन्ता छ। नेपाल सरकारले अविलम्ब आफ्नो धारणा स्पष्ट पारेर नेपाल कुनै पनि सैनिक गठबन्धनमा संलग्न हुनेछैन भन्ने स्पष्टोक्ति जनसमक्ष सार्वजनिक गर्न जरुरी छ। छिमेकी देश चीन र भारतसँग सन्तुलित सम्बन्ध कायम गरेर नेपालको आर्थिक विकासमा उपयोग गर्ने नीति अवलम्बन गर्नुपर्छ। नेपाल एक चीन नीतिमा प्रतिबद्ध रहेका सन्दर्भमा चीनसँग भएको बिआरआई सम्झौताअनुसार नेपालमा खासगरी हिमाली र पहाडी क्षेत्रमा कृषि क्षेत्रको विकास गर्ने आयोजना सञ्चालन गर्न, ऊर्जा, रेलजस्ता क्षेत्रमा आर्थिक विकास गर्न साझेदारी कार्यक्रम अगाडि बढाउनुपर्छ। यस्तै, नेपाली भूमिमा भएको अतिक्रमण, सीमा अतिक्रमण, सीमा सुरक्षाका विषयमा कूटनीतिक एवं राजनीतिकस्तरबाट पहल गरेर समाधान गर्न पहल गर्नुपर्छ।

जनतालाई रोजगारी : यतिबेला पश्चिम एसियामा चर्किएको युद्ध र द्वन्द्वले खासगरी खाडीमा कार्यरत झन्डै २५ लाख आप्रवासी नेपाली श्रमिक प्रत्यक्ष रूपमा प्रभावित भएका छन्। खाडी मुलुकमा कार्यरत श्रमिक त्यहाँको युद्ध र द्वन्द्वका कारण नेपाल फर्कन चाहने लाखौँ नेपालीलाई उद्धार गर्नुपर्ने अवस्था छ। नेपाल फर्किएपछि तिनलाई स्वरोजगारीमा जोड्ने दायित्व सरकारकै हो। गरिबी र बेरोजगारी न्यून गर्न सरकारले हरेक पालिकाबाट बेरोजगारी र गरिबी पहिचान गरी तिनलाई घुम्ती सीप विकास तालिम शिविर प्रदान गर्ने, सीप तालिम हासिल गरेकालाई इलममा जोड्न सस्तो, सुलभ ऋण उपलब्ध गराउन पालिकाको सिफारिसमा वितरण र यसका लागि दातृ संस्था, एनआरएन, बैंकिङ क्षेत्र, विभिन्न कोष, विदेशी मुद्रा सञ्चितिबाट स्रोत परिचालन गरी सुरुवातमा एक बृहत् उत्पादन तथा रोजगारी वृद्धि कोष स्थापना गर्नुपर्छ। यसैगरी, कृषि क्षेत्रमा उत्पादन र रोजगारी वृद्धि गर्न वाणिज्य बैंकले आगामी चार-पाँच वर्षसम्म कुल कर्जाको ३५-४० प्रतिशत रकम कृषि र उद्योगमा लगानी गर्ने मौद्रिक कर्जा नीति अवलम्बन गर्नुपर्छ। झन्डै १५ लाख हेक्टर बाँझो खेतीयोग्य जमिनमा किसानको समूह बनाएर सहकारीमा आधारित खेती प्रणाली आरम्भ गर्ने र आवश्यकताअनुसार सरकारी पर्ती जग्गा पनि उत्पादन र रोजगारी वृद्धि हुने परियोजनाका लागि लिजमा उपयोग गर्न दिने नीति अवलम्बन गर्नुपर्छ।



श्रमजीवी वर्गलाई राहत : न्यून आय भएका गरिब, बेरोजगार र श्रमिकलाई रासन कार्ड वितरण गर्ने र रासन कार्डका आधारमा उपभोग्य वस्तु प्राप्त गर्न ७५३ वटै पालिकामा स्थानीय सरकारको व्यवस्थापनमा सहकारीमा आधारित सुपथ मूल्यका पसल आवश्यकताअनुसार वडा तहमा पनि विस्तार गर्नुपर्छ। स्थानीय तहस्तरमा रोजगारी गर्नेहरूको पञ्जीकरण गरेर राष्ट्रिय रूपमा श्रमिक तथ्यांक अद्यावधिक र सार्वजनिक गर्ने, अनिवार्य रूपमा रोजगारी गर्नेहरूलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्ने, श्रम क्षेत्रको अध्ययन-अनुसन्धान गर्न, श्रमिक तथ्यांक सार्वजनिक गर्न, सामूहिक सौदाबाजीलाई प्रवर्द्धन गर्न, न्यूनतम ज्याला पारिश्रमिकको सुनिश्चितता गर्न र सुमधुर औद्योगिक सम्बन्ध कायम गर्न अधिकार सम्पन्न 'राष्ट्रिय श्रम आयोग' गठन गरिनुपर्छ।

> शिक्षा, स्वास्थ्य, स्वच्छ खानेपानी, सुरक्षित आवास, स्वच्छ खाद्यान्न, रोजगारी, सामाजिक सुरक्षाका हक कार्यान्वयन गरी सर्वसुलभ सेवा उपलब्ध गराउने दिशामा आगामी बजेटले ठोस नीति र कार्यक्रम अगाडि सार्नुपर्छ

प्रशासनिक व्यवस्थापन : मुलुक संघीयतामा गएको १० वर्ष भइसक्यो। तर, संघीयताको प्रशासनिक व्यवस्थापन हुन सकेको छैन। निजामती सेवा ऐन, प्रदेश निजामती सेवा ऐन र स्थानीय निजामती सेवा ऐन, स्वास्थ्य सेवा ऐन, शिक्षा सेवा ऐन, सरोकारवालासँगको परामर्शमा कर्मचारी तथा शिक्षकको सेवा सुरक्षा, वृत्ति विकास, ट्रेड युनियन अधिकारको सुनिश्चितता हुने गरी संसद्को यसै अधिवेशनबाट जारी गर्नुपर्छ। स्थानीय तहमा आवश्यक पर्ने जनशक्ति करारबाट नियुक्ति गरेर कर्मचारीको सेवा सुरक्षा र वृत्ति विकास कुण्ठित गर्ने काम गरिनुहुँदैन। स्थानीय तहमा आवश्यक पर्ने जनशक्ति लोकसेवा आयोग र शिक्षक सेवा आयोगबाट खुला प्रतिस्पर्धाबाट पूर्ति गर्ने नीति अवलम्बन गरिनुपर्छ। विगतमा स्थानीय निकायमा नियुक्ति पाएका कर्मचारीलाई स्थानीय निजामती सेवा ऐनअनुसार समायोजित हुने व्यवस्था मिलाउनुपर्छ।

जनसेवाका लागि सार्वजनिक संस्थानको पुनर्संरचना : संविधानको लक्ष्य र संघीय शासन प्रणालीको अवधारणाअनुरूप सार्वजनिक संस्थानको सेवा स्थानीय तहमा जनतालाई सर्वसुलभ ढंगबाट प्रदान गर्न कृषिजन्य, खाद्यजन्य, दुग्धजन्य, औषधिजन्य, साझा यातायातजन्य सार्वजनिक संस्थानलाई संघ, प्रदेश र ७५३ वटै स्थानीय तहका सरकारको समेत लगानी, स्वामित्व र व्यवस्थापनमा सहभागितासमेत रहने गरी पुनर्संरचना गरेर ७५३ पालिकासम्म यिनको संरचना विस्तार गरी जनतालाई सर्वसुलभ सेवा प्रदान गर्नुपर्छ।

संस्थानको नियमन, अनुगमन र सुपरीवेक्षण गर्न उच्चस्तरीय अधिकार सम्पन्न स्वायत्त 'संस्थान नियमन अनुगमन आयोग' गठन गर्नुपर्छ। सार्वजनिक संस्थानमा प्रतिस्पर्धाका आधारमा 'मेरिटोक्रेसी' स्थापित गर्ने गरी व्यावसायिक, विज्ञ सञ्चालक समिति र उच्च व्यवस्थापनमा नियुक्त गर्ने व्यवस्था गर्नुपर्छ। हरेक प्रदेशमा सरकारी लगानीमा एक-एकवटा मेघा उद्योगका रूपमा चिनी, कपडा, कृषि औजार, रासायनिक मल, कपास, कागजजस्ता उद्योगको स्थापना गर्नुपर्छ।

शिक्षा र स्वास्थ्य सेवा : संविधानबमोजिम शिक्षा र स्वास्थ्य सेवालाई सर्वसुलभ निःशुल्क बनाउन सरकारले हरेक प्रदेशमा सरकारी मेडिकल कलेज स्थापनालाई आवश्यक नीति बनाई कार्यान्वयन गर्नुपर्छ। यस्तै हरेक जिल्लामा त्रिविको एक उच्च शिक्षा क्याम्पस सञ्चालन हुने गरी नीति अवलम्बन गरी सामुदायिक क्याम्पसको सञ्चालनमा सरकारको कम्तीमा ५० प्रतिशत लगानी हुने गरी सामुदायिक क्याम्पसको व्यवस्थापनमा त्रिविविको सहभागिता रहने नीति अवलम्बन गरिनुपर्छ। सामुदायिक क्याम्पसमा कार्यरत शिक्षक, प्राध्यापक, कर्मचारीको सेवा सर्त सुविधा त्रिविसरह हुने व्यवस्था मिलाउनुपर्छ। त्रिविका अस्थायी, करारमा कार्यरत शिक्षक कर्मचारीका सम्बन्धमा दरबन्दी निर्धारण गरी खुला प्रतियोगिताबाट पूर्ति गरेर समस्या समाधान गरिनुपर्छ। अब उप्रान्त अस्थायी करारमा नियुक्ति गर्ने नीति अन्त्य गर्ने सरकारले प्रतिबद्धता व्यक्त गर्नुपर्छ। १२ कक्षासम्म सञ्चालित माविको भौतिक सुधारका साथै शिक्षक दरबन्दी निर्धारण गरी स्थायी प्रक्रियाबाट शिक्षक पदपूर्ति गर्ने व्यवस्था मिलाउनुपर्छ। हरेक प्रदेशमा एक-एकवटा सरकारी लगानीमा कृषि विषयमा उच्च शिक्षा हासिल गर्ने क्याम्पस स्थापना गर्ने नीति अवलम्बन गर्नुपर्छ। सीपयुक्त जनशक्ति उत्पादन गर्न हरेक जिल्लामा सिटिभिटीका शिक्षालय स्थापना गरी सञ्चालन गर्ने नीति अवलम्बन गरिनुपर्छ।

सुशासनको आधारशिला निर्माण : सुशासनका मूल्य-मान्यता स्थापित गर्न अनियमितता र भ्रष्टाचार गर्नेलाई कठोर कारबाही र अकुत धन-सम्पत्ति कमाउनेको सम्पत्ति छानबिन गर्न उच्चस्तरीय न्यायिक छानबिन आयोग गठन गर्नुपर्छ। सार्वजनिक खर्चमा व्यापक कटौती, मन्त्रालय विषयगत आधारमा एक-अर्कोमा गाभ्ने र एकद्वारबाट सेवा प्रदान गर्ने नीति अवलम्बन गर्नुपर्छ। हरेक मन्त्रालयका काममा मन्त्री र कर्मचारी प्रशासनलाई जवाफदेही बनाउने जवाफदेहीपूर्ण व्यवस्थापन प्रणालीको अवलम्बन गर्नुपर्छ। यस्तै, शिक्षा, स्वास्थ्य र आपूर्ति क्षेत्रमा जनतालाई सर्वसुलभ र गुणस्तरीय सेवा प्रदान गर्न हाल निजी क्षेत्रबाट सञ्चालित संस्थाको स्पष्ट मापदण्ड तयार गरेर लागू गर्न र त्यसको अनुगमन गर्न एक उच्चस्तरीय आयोग गठन गर्नुपर्छ।

पर्यटन र कूटनीतिक क्षेत्र : देशभित्र लगानी वृद्धि गर्न, पर्यटन क्षेत्रको विकास गर्न, देशको संस्कृति, सम्पदा, उत्पादित वस्तुको विश्वव्यापी रूपमा प्रचारप्रसार गरी मूल्य अभिवृद्धि गर्न र श्रम गन्तव्य मुलुकमा नेपाली श्रमिकको हकहित संरक्षणका लागि योगदान पुग्ने गरी कूटनीतिक नियोगलाई परिचालन गर्न जरुरी छ। कूटनीतिक नियोगको भूमिकालाई प्रभावकारी बनाउन भौतिक एवं आर्थिक क्षमता अभिवृद्धि गर्ने नीतिका साथ कूटनीतिक नियोगका लागि अनुभवी एवं विज्ञहरूको सूची तयार गरी प्रतिस्पर्धात्मक विधिबाट छनोट गरेर टिओआरका आधारमा योग्य व्यक्तिलाई नियुक्ति गर्ने नीति अवलम्बन गर्न जरुरी छ।

अन्त्यमा, मुलुकको अर्थतन्त्र संकटग्रस्त भएको बेला सरकारले आगामी आर्थिक वर्षको बजेट संसद्समक्ष प्रस्तुत गर्दै छ। बजेटले मुलुकको राष्ट्रियता संरक्षण र संवर्द्धन गर्न ध्यान दिनुपर्छ। साथै, अर्थतन्त्रलाई पुनर्जीवन प्रदान गर्ने गरी उत्पादन र रोजगारी वृद्धि गर्ने, जनतालाई राहत प्रदान गर्ने, आपूर्ति व्यवस्थालाई सुदृढ गरी मूल्यवृद्धि नियन्त्रण गर्ने, अनियमितता र भ्रष्टाचार नियन्त्रण गरेर सुशासन कायम गर्ने दिशामा बजेट केन्द्रित हुन आवश्यक छ।

---

३ प्रश्न

नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानका प्राज्ञ एवं जल तथा मौसम विज्ञान विभागका पूर्वमहानिर्देशक **मदनलाल श्रेष्ठ**लाई



गर्मी अत्यधिक बढ्दा त्यसका के-कस्ता असर देखिन सक्छन् ?

गर्मी अत्यधिक बढ्दा कतिपय स्थानमा कहिलेकाहीं त्यसको घातक असर पनि देखिन सक्छ। खासगरी तराईमा लुको सम्भावना हुन्छ। त्यसले जनजीवनमै असर पुऱ्याउँछ। पश्चिमी तराईमा पहिलेपहिले पनि तापक्रम निकै उच्च हुने गर्थ्यो। अहिले झनै बढ्न सक्नेबारे जल तथा मौसम विज्ञान विभागले 'अलर्ट' गराइरहेको छ। गर्मीमा पानी कम पिइयो भने 'डिहाइड्रेसन'को समस्या बढ्न सक्छ। गर्मीका कारण स्वास्थ्यमा पनि थप समस्या आउन सक्छ। यसपालि तापक्रम झनै बढ्ने प्रक्षेपण गरिएकाले मनसुनमा थप गर्मी बढ्न सक्छ। समुद्री सतह तात्ने प्रक्रिया 'एलनिनो' 'स्ट्रङ' हुँदा यहाँ कम पानी पर्छ। त्यसैले, यसपालिको बर्खामा खडेरी पर्न सक्छ। रोपाइँ गरिसकेपछि पनि सिँचाइको अभावमा धानखेतीमा असर गर्न सक्छ।

यस्तो अत्यधिक गर्मीबाट जोगिन सर्वसाधारणले के गर्नुपर्छ ?

यस्तोमा सकभर घरबाहिर निस्कनुहुँदैन। बाहिर निस्कँदा पूरै शरीर ढाक्ने कपडा लगाउनुपर्छ। सूर्यको प्रकाश शरीरमा सीधै पर्न दिनुहुँदैन। पर्याप्त पानी पिउनुपर्छ।

अत्यधिक गर्मीबाट प्रभावितलाई सेवा दिन राज्यले के-कस्तो तयारी गर्नुपर्ला ?

यसमा राज्यले ठिक समयमा किसानलाई सुसूचित गर्नुपर्छ। सिँचाइ प्रणालीलाई 'अप टु डेट' राख्नुपर्छ। कुलो, नहरहरूको मर्मत पनि गर्नुपर्छ। पिउने पानीको पनि अभाव हुन सक्छ। राज्यले त्यसको विकल्पबारे पनि सोच्नुपर्छ। खानेपानीका 'रिजर्भ्वायर'हरू मर्मत गर्नुपर्छ। जल तथा मौसम विज्ञान विभाग, राष्ट्रिय विपत् प्राधिकरण र सरकारले आपसी समन्वयमा काम गर्नुपर्छ।

प्रेरक प्रसंग

कुकुरले किन हाऱ्यो सर्त ?

एकपटक एउटा गधा र कुकुरबिच को छिटो दौडिन सक्छ भन्ने विषयमा विवाद भयो। उनीहरूले आफूहरूबिच दौड प्रतियोगिता नै गर्ने सहमति गरे। उनीहरूले जसले दौड प्रतियोगिता जित्छ, ऊ राजा हुने र हार्ने उसको सेवक बन्ने सर्त लगाए। निश्चित मिति, समय र स्थानमा दौड सुरु भयो। दुवैले जोडले दौडिन सुरु गरे।



कुकुरले सोच्यो- यो गधासितको दौड पनि कुनै दौड हो ! यसलाई त म ख्यालख्यालमै हराइदिन्छु। दौड जितेपछि म राजा हुन्छु र यो गधा मेरो सेवक हुनेछ। तर, जब दौड बजारको दोस्रो गल्लीमा पुग्यो, त्यहाँका स्थानीय कुकुरले दौडमा सहभागी कुकुरलाई घेरे। सबैले उसमाथि आक्रमण नै गरे। सबैको आक्रमणबाट मुस्किलले ज्यान जोगाएर ऊ अघि बढ्यो। अर्को गल्लीमा पुग्दा फेरि उसको जम्काभेट अन्य स्थानीय कुकुरसित भयो। पुरानै कहानी दोहोरियो। ऊ त्यहाँबाट पनि ज्यान जोगाएर मुस्किलले अघि बढ्यो। यतिखेरसम्म ऊ अलिअलि घाइते पनि भइसकेको थियो। यसैगरी, अघि बढ्दै जाँदा उसले प्रत्येक गल्लीमा आफ्नै समुदायका साथीसित जुध्नुपऱ्यो। सबैले उसलाई रोक्नै खोजे। सबैले उसलाई अघि बढ्न दिएनन्।

सबैतिर संघर्ष गर्दागर्दै कुकुर बल्ल तोकिएको अन्तिम विन्दुमा पुग्यो। त्यहाँ पुग्दा त गधा उहिल्यै त्यहाँ पुगेर राजा बनिसकेछ। सर्तअनुसार कुकुरले गधाको सेवक नबनी धरै पाएन। आफ्नै समुदायका कारण यसरी प्रतियोगिता हारेर आफू गधाको सेवक बन्नुपरेकोमा कुकुर सारै दुःखी भयो।

टिप्पणी nayapatrikaofficial @naya_patrika

ढलको मर्मत कसले गर्ने हो ?

झन्डै एक वर्षभन्दा बढी समयदेखि काठमाडौंको सामाखुसी चोक हुँदै चक्रपथबाट वसुन्धरातिर जाँदा चौकी कटेर अगाडि बढेपछि चक्रपथको बायाँतिरको किनारामा फुटेर निस्केको ढल अझै पनि बेवारिसे अवस्थामा देखिन्छ। अहिले त त्यसरी ढलको पानी निस्केको ठाउँमा घाँस पलाएर झाडी भएको छ। चक्रपथको सो छेउ भएर यात्रा गर्दा दुर्गन्धले बसिसक्नु हुँदैन। झन् सो क्षेत्रमा बसोवास तथा पेसा, व्यवसाय गर्नेलाई कति सकस भएको होला ? झन्डै एक वर्षभन्दा बढी समय बित्न लाग्दा पनि सो ढलमाथि सरोकारवाला कसैको पनि ध्यान नजानु विडम्बना हो। वर्तमान सीमांकनमा सो क्षेत्र टोखा नगरपालिकाअन्तर्गत पर्छ जस्तो लाग्छ। सम्बन्धित निकायको ध्यान यसतर्फ छिटो जाओस्।

● **गौरव तामाङ**, सामाखुसी, काठमाडौं

गाँजालाई किन वैधानिक गर्ने ?

बागमती प्रदेश सरकारले गाँजालाई वैधानिक गर्ने नीति तथा कार्यक्रम ल्याएको समाचार पढियो। के यो देश गरिब भएको गाँजा अवैध भएकाले मात्र हो ? के गाँजा खुला या वैधानिक गर्नासाथ देश स्वर्ग बन्छ हो ? नत्र, गाँजा खुला गर्दा हाम्रा युवामा कस्तो असर पर्न सक्छ, यसले लागुऔषध दुर्व्यसन कति बढाउँछ र कति गाँजाका आम्दली बन्छन्, त्यसको चाहिँ अध्ययन गरिनुपर्दैन ?

● **वन्दना अधिकारी**, कोटेश्वर, काठमाडौं

सुझावलाई बजेटमा समेटौं

बजेटका लागि नयाँ सरकारलाई नागरिकका साढे १४ हजार सुझाव आएको समाचार पढियो। बजेटजस्तो महत्त्वपूर्ण दस्तावेज निर्माणमा नागरिकको समेत प्रत्यक्ष संलग्नता हुने गरी उनीहरूका सुझाव संकलन गरिनु स्वागतयोग्य कदम हो। तर, प्राप्त सुझावलाई इमानदारीपूर्वक कति समेटिन्छ, त्यो भने हेर्न बाँकी नै छ। बजेटमा तिनलाई नसमेट्ने हो भने सुझाव लिनुको अर्थ छैन र नागरिकलाई झुक्याएको ठहरिनेछ। त्यसैले, सुझाव बजेटमा समेटौं।

● **समृद्ध स्याङ्तान**, बिजेश्वरी, काठमाडौं

दुग्ध पदार्थको उत्पादनमा ध्यान देऊ

नेपाल दुध तथा दुग्धजन्य पदार्थ उत्पादन गर्न सकिने प्रशस्त सम्भावना भएको देश हो। यहाँका हिमाल, पहाड र तराई सबैतिर यसका लागि अत्यन्त उपयुक्त उर्वर भूमि रहेका छन्। पशुपालनका लागि यहाँ विशाल फाँट र चौर छन्। त्यसैले, सरकारले देशमा रोजगारी बढाउने र नेपाली युवालाई स्वदेशमै रोक्ने हो भने अविलम्ब दुध तथा दुग्धजन्य पदार्थको उत्पादनसम्बन्धी अत्यावश्यक ज्ञान दिएर नेपाली युवालाई यसतर्फ आकर्षित गर्न सक्नुपर्छ। यस सम्बन्धमा विद्यालय, कलेज र विश्वविद्यालयमा पठनपाठन सुरु गर्नुका साथै र अनुसन्धानसमेत हुनुपर्छ। यसका लागि उपयुक्त प्रविधिको उपयोगमा राज्यले विज्ञ तथा युवालाई सघाउनुपर्छ।

दुग्ध उत्पादनका लागि पशुपालनमा युवालाई आकर्षित गर्न सकेमा स्वदेशमै ठुलो रोजगारी सिर्जना हुन सक्छ। त्यसैले, अब तीनै तहका सरकारले हिमाल, पहाड र तराईमा उत्पादन हुने दुधको प्रशोधन गरी दुग्धपदार्थ उत्पादनका कारखानासमेत खोल्न युवालाई सहुलियत कर्जा तथा अनुदान उपलब्ध गराउनुपर्छ। बजारमा दुध तथा दुग्ध पदार्थको माग जहिल्यै कायम रहन्छ। लगभग हरेक उमेरका मानिसलाई यसको आवश्यकता पर्छ। स्वदेशी बजारमा मात्र उत्पादनको खपत हुन नसके त्यसलाई आवश्यक मापदण्ड पुऱ्याएर विश्व बजारमा समेत पुऱ्याउन सकिन्छ। हाम्रो हिमाली क्षेत्रको चिज, छुर्पी, पहाडको घिउ र तराईको पनिर तथा मक्खनको बिक्री वितरणका लागि उपयुक्त प्रचार, प्रसारको पनि खाँचो छ। यसतर्फ राज्यको ध्यान जाओस्।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं
nikhilcomwizard@gmail.com

जलवायु परिवर्तनका मुद्दामा श्रीलंकाको द्वैध चरित्र

अन्तर्राष्ट्रिय समुदायसामु वातावरणीय रूपमा जिम्मेवार छवि प्रस्तुत गरे पनि श्रीलंकाले देशको बाँकी वनक्षेत्रको विनाशलाई निरन्तरता दिइरहेको छ



देश / विदेश

● सुपुन लाहिरू प्रकाश
(प्रकाश डेली मिररका स्तम्भकार हुन्)

संयुक्त राष्ट्र संघको महासभाले यसै साता अन्तर्राष्ट्रिय न्याय अदालत (आइसिजे) को सल्लाहकार रायलाई समर्थन गर्ने ऐतिहासिक प्रस्ताव पारित गर्न मतदान गऱ्यो। रायले जलवायु परिवर्तनलाई सम्बोधन गर्नु देशको कानुनी दायित्व रहेको बताउँछ। यो वास्तवमा अन्तर्राष्ट्रिय कानुन, जलवायु न्याय र विज्ञानमा एक शक्तिशाली घोषणा हो। जलवायु संकटको अग्रपंक्तिमा रहेका देशमध्ये एक, प्रशान्त टापु राष्ट्र भानुआटुले यो प्रस्तावको सुरुवात गरेको थियो। धेरै प्रस्तावित संशोधनमाथि तीव्र वार्ता र छलफलपछि प्रस्तावलाई आठका विरुद्ध १४१ मतले पारित गरियो। मतदानमा २८ जना अनुपस्थिति रहे। विपक्षमा मतदान गर्ने देशहरूमा अमेरिका, रुस, इजरायल, साउदी अरेबिया, इरान, बेलारुस, लाइबेरिया र यमन थिए। यो उल्लेखनीय छ कि पक्षमा मतदान गर्ने १४१ देशमध्ये श्रीलंका पनि थियो।

जब जुलाई २०२५ मा अन्तर्राष्ट्रिय अदालतले हरितगृह ग्यास (जिएचजी) उत्सर्जनबाट वातावरणलाई जोगाउनु राज्यहरूको दायित्व हो भनी फैसला सुनायो, तब यो निर्णयले जलवायु परिवर्तनविरुद्धको विश्वव्यापी लडाइँमा एक प्रमुख सफलताका रूपमा व्यापक ध्यान आकर्षित गऱ्यो। राष्ट्र संघका महासचिव एन्टोनियो गुटेरेसले यसलाई 'हाम्रो ग्रहका लागि विजय' भनेर वर्णन गरे। राज्यहरूले आफ्नो दायित्व उल्लंघन गरे उनीहरूले पूर्ण क्षतिपूर्ति दिन आवश्यक पर्ने अदालतले थप फैसला सुनायो।

आइसिजेको राय कानुनी रूपमा बाध्यकारी नभए पनि त्यसले अन्तर्राष्ट्रिय कानुनलाई स्पष्ट पार्न र राज्यहरूको दायित्व परिभाषित गर्न महत्त गरेर पर्याप्त कानुनी र नैतिक अधिकार बोक्छन्। महासभाले प्रस्ताव पारित गर्नुले जलवायु संकटलाई सम्बोधन गर्नु केवल राजनीतिक छनोटको सट्टा अन्तर्राष्ट्रिय कानुनअन्तर्गत कानुनी कर्तव्य हो भन्ने बलियो सन्देश दिन्छ।

प्रस्तावले राष्ट्र संघका सबै सदस्य राष्ट्रलाई आफ्नो क्षेत्रभित्र उत्पन्न हुने उत्सर्जनसहित जलवायु र वातावरणमा उल्लेखनीय हानि पुऱ्याउनबाट बच्न र पेरिस सम्झौताअन्तर्गत आफ्ना विद्यमान प्रतिबद्धता पूरा गर्न सबै सम्भावित उपाय अपनाउन आह्वान गर्छ। सरकारहरूलाई जलवायु परिवर्तनलाई सम्बोधन गर्न विश्वव्यापी समन्वयलाई सुदृढ पार्न र जलवायु नीतिले जीवन, स्वास्थ्य र पर्याप्त जीवनस्तरको अधिकारसहित आधारभूत मानव अधिकारको रक्षा सुनिश्चित गर्न आग्रह गरिएको छ।

महासभाको मतदानपछि जारी गरिएको एक विज्ञप्तिमा राष्ट्र संघका महासचिव एन्टोनियो गुटेरेसले घोषणा गरे कि जलवायु परिवर्तनका लागि सबैभन्दा कम जिम्मेवार व्यक्तिले उच्च मूल्य चुकाइरहेका छन्। महासचिवले नवीकरणीय ऊर्जा सबैभन्दा सस्तो र सुरक्षित ऊर्जाको रूप साबित भएको र पूर्वऔद्योगिकस्तरभन्दा माथि विश्वव्यापी तापक्रम १.५ डिग्री सेल्सियसमा सीमित गर्ने लक्ष्य अझै पनि हासिल गर्न सकिने उल्लेख गरे।



यस प्रस्तावको विश्वव्यापी महत्त्वका बाबजुद पहिले नै जलवायु परिवर्तनको गम्भीर प्रभाव अनुभव गरिरहेका श्रीलंकाजस्ता देशमा यसले उल्लेखनीय सार्वजनिक ध्यान आकर्षित गर्न सकेको छैन। जलवायु-सम्बन्धित मुद्दाको सार्वजनिक बुझाइ सीमित छ। न्यूनीकरण, अनुकूलन, हानि र क्षति र राष्ट्रिय रूपमा निर्धारित योगदान (एनडिसी) जस्ता अवधारणालाई प्रायः केवल प्राविधिक शब्दावलीका रूपमा मात्र लिइन्छ। श्रीलंकालीले आफ्नो दैनिक जीवनमा जलवायु परिवर्तनको प्रभाव अनुभव गरे पनि यो ज्ञानको खाडलले यी कठिनाइलाई व्यापक जलवायु संकटसँग जोड्ने क्षमतामा बाधा पुऱ्याउँछ।

हालैको उदाहरणमध्ये एक चक्रवाती आँधी 'डिटवाह' हो, जसले ठुलो मानवीय संकट छाडेको थियो। डिटवाहले कसरी मध्यम-तीव्रताको चक्रवातले पनि असमान रूपमा गम्भीर प्रभाव निम्त्याउन सक्छ भनेर देखाउँछ। जलवायु परिवर्तनले यस्ता विनाशकारी आँधीको सम्भावना बढाउने अवस्था सिर्जना गरिरहेको छ।

साथै, संयुक्त राष्ट्र संघको यो मतदानले श्रीलंका सरकारको विरोधाभासी अडानलाई प्रतिबिम्बित गर्छ। अन्तर्राष्ट्रिय समुदायसामु वातावरणीय रूपमा जिम्मेवार छवि प्रस्तुत गर्दै यसले देशको बाँकी वनक्षेत्रको विनाशलाई निरन्तरता दिइरहेको छ। यो विरोधाभास विशेषगरी सेप्टेम्बर २०२५ मा पेस गरिएको श्रीलंकाको एनडिसी ३.० (२०२६-२०३५) को पृष्ठभूमिमा स्पष्ट छ, जसले २०३५ सम्ममा वनक्षेत्र र क्षय भएका भूमिको कम्तीमा ३२ प्रतिशत पुनर्स्थापना गर्ने वाचा गरेको थियो। यी प्रतिबद्धताका बाबजुद देशका विभिन्न भागमा वन फँडानी जारी छ।


उदाहरणका लागि १७ कम्पनीले हम्बनटोटा डिभिजनल सचिवालय डिभिजनभित्र पर्ने सिनुककुगाला, ओरुकेनगाला र कापापुवेवा क्षेत्रमा करिब एक हजार एकड हात्तीको वासस्थान अवैध रूपमा सफा गरेका छन् र सौर्य फार्म निर्माण सुरु गरेका छन्। त्यसैगरी, अधिकारीहरू अझै पनि वान्डामा-डेमालिया वनक्षेत्रमा भइरहेको व्यापक वन फँडानी रोक्न पनि असफल देखिएका छन्।

(श्रीलंकाको डेली मिररबाट)

विश्वको 'बैठक कक्ष'का रूपमा प्रभाव बढाउँदै चीन

हालैका सातामा रुसी राष्ट्रपति भ्लादिमिर पुटिन र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको बेइजिङको लगातार राजकीय भ्रमणले चीनलाई विश्वव्यापी प्रकाशमा ल्याएको छ। यी शिखर सम्मेलनहरू आयोजना गरेर चीन 'केही दिनभित्रै दुई प्रमुख प्रतिद्वन्द्वीलाई स्वागत गर्न सक्षम स्थिर शक्ति', 'ठुला शक्तिबिचको मध्यस्थकर्ता' र 'विश्वव्यापी स्थिरताको स्तम्भ' बनेको केही अन्तर्राष्ट्रिय विश्लेषकले औल्याए। त्यस्तै, अन्यका लागि भ्रमणले चीन कसरी 'अपरिहार्य विश्वव्यापी शक्ति' बन्दै छ र राष्ट्रपति सी जिनपिङ 'सम्मान गर्नुपर्ने विश्वनेता' बन्दै छन् भन्ने कुरा प्रकाश पारेको छ।

विगत ६ महिनाको अवधिमा, फ्रान्स, बेलायत, क्यानडा, दक्षिण कोरिया र जर्मनीका नेतासहित धेरै अन्य विश्वनेताले बेइजिङको भ्रमण गरेका छन्। यस विषयलाई चिनियाँ विश्लेषकले पनि मनन गरेका छन्। अझ महत्त्वपूर्ण कुरा त ती नेता लामो अन्तरालपछि चीन भ्रमणमा निस्किएका थिए। उदाहरणका लागि यो बेलायती प्रधानमन्त्रीको आठ वर्षमा पहिलो भ्रमण थियो। त्यस्तै, क्यानेडियन, दक्षिण कोरियाली र अमेरिकी नेताका लागि नौ वर्षमा पहिलो भ्रमण थियो।



● चेस्ला टुबिलेविज

टुबिलेविज एडिलेड विश्वविद्यालयको राजनीति तथा अन्तर्राष्ट्रिय सम्बन्ध विभागका वरिष्ठ लेक्चरर हुन्।

एकपछि अर्को विश्वनेताको भ्रमण भइरहदा चिनियाँ सञ्चार माध्यमले चिनियाँ राजधानीलाई अन्तर्राष्ट्रिय 'बैठक कक्ष'को रूपमा वर्णन गऱ्यो, जसले अशान्त संसारमा स्थिरता प्रदान गर्छ। सञ्चार माध्यमले विश्वनेताको शृंखलाबद्ध भ्रमणलाई विशेष महत्त्व दिएका थिए। विश्वनेताको भ्रमणका सन्दर्भमा एउटा समाचारको शीर्षकमा लेखिएको थियो, 'विश्व बेइजिङ समयमा प्रवेश गर्दै छ।'

चीन कार्ड कि अमेरिकाको विकल्प ?

बेइजिङका लागि विश्वव्यापी मञ्चमा यो निर्विवाद रूपमा ठुलो क्षण हो। तर यी व्याख्याले तीन महत्त्वपूर्ण बुँदा 'छुटाएका' छन्। पहिलो, यो स्पष्ट छैन कि विश्वनेताहरू सक्रिय चिनियाँ कूटनीतिको कारणले बेइजिङ भ्रमण गरिरहेका छन् वा ट्रम्प प्रशासनविरुद्ध प्रतिक्रिया जनाउने तरिकाको रूपमा।



उदाहरणका लागि जब क्यानडाका प्रधानमन्त्री मार्क कार्नीले जनवरीमा बेइजिङको भ्रमण गरेका थिए, यसलाई व्यापक रूपमा अमेरिकामा क्यानडाको संरचनात्मक निर्भरता र दोस्रो ट्रम्प प्रशासनको अस्थिरताको प्रतिक्रियाको रूपमा व्याख्या गरिएको थियो। केही मिडियाले विश्लेषण गरेका छन् कि उनी अमेरिकासँग आफ्नो देश अनुकूलको सर्त राखेर वार्ता गर्न 'चीन कार्ड' खेलिरहेका थिए। ट्रम्पको दोस्रो कार्यकालमा अमेरिका-क्यानडा सम्बन्ध त्यति सुखद छैन।

दोस्रो, बेइजिङले आफ्नो 'बैठक कोठा'मा भ्रमणका लागि उच्च 'प्रवेश शुल्क' तोक्छ। कहिलेकाहीं यी शिखर सम्मेलनलाई भ्रमण गर्ने विशिष्ट व्यक्तिको प्रमुख नीति परिवर्तनसँग जोडिएको छ। उदाहरणका लागि ट्रम्पले बेइजिङको भ्रमण गर्दा उनले चिनियाँ नागरिकलाई अमेरिकामा कृषि जग्गा किन्नबाट रोक्न र अमेरिकी विश्वविद्यालयमा चिनियाँ विद्यार्थीको संख्यामा सीमा लगाउने पहिलेका आह्वानबाट पछि हटे। चिनियाँ मिडियाले ट्रम्पको मेक अमेरिका ग्रेट

> एकपछि अर्को विश्वनेताको चीन भ्रमणले बेइजिङ 'अपरिहार्य विश्व शक्ति' र राष्ट्रपति सी जिनपिङ 'विश्वनेता' बनेको तथ्यमा प्रकाश पारेको विश्लेषक बताउँछन्

अगेन अर्थात् एमएजिए (मगा) आधार र अमेरिकाका अन्य रिपब्लिकनबाट यी सहुलियत प्राप्त भएको नकारात्मक प्रतिक्रियालाई प्रकाश पारे।

त्यस्तै, क्यानडाका प्रधानमन्त्री कार्नीको चीन भ्रमणले पहिलो ४९ हजार कारका लागि वार्षिक रूपमा चीनमा निर्मित विद्युतीय सवारीसाधनमा ६.१ प्रतिशतमा कर घटाउने व्यापार सम्झौता गऱ्यो। २०२४ को अन्त्यतिर क्यानडाले चिनियाँ इभीहरूमा शतप्रतिशत कर लगाएको थियो। महिनौं पछि २०२५ को चुनावका क्रममा कार्नीले चीनलाई 'भूराजनीतिक अर्थबाट' सबैभन्दा ठुलो खतरा भने। विद्युतीय कारमा कार्नीको छुटले स्वदेशमै आलोचना निम्त्याएको थियो। यसले क्यानडाको अर्थतन्त्रमा लगानीको ग्यारेन्टीविना 'चीनमा निर्मित विद्युतीय सवारी साधनको बाढी' निम्त्याउने भन्दै कतिपय विश्लेषकले सम्झौताको विरोध गरे।

अन्तमा, विदेशी नेताको यी भ्रमणले स्पष्ट रूपमा चीनको मुख्य विदेश नीति स्थिति परिवर्तन गरेका छैनन्। उदाहरणका लागि युरोपेली नेताहरूको अपिलले युक्रेनमा रुसको युद्धका लागि बेइजिङको भौतिक समर्थनलाई परिवर्तन गरेन। न त तिनीहरूले युरोपेली संघसँग चीनको ठुलो व्यापार अधिशेषलाई घटाए। त्यस्तैगरी, ट्रम्पले सीको नेतृत्वको प्रशंसा र ताइवानलाई हतियार बिक्री रोक्ने निर्णयका बाबजुद बेइजिङ इरानमा ट्रम्प प्रशासनलाई सहयोग गर्न सहमत भएन। अर्थात्, ट्रम्पको भ्रमणका बाबजुद इरानप्रति चीनको धारणामा कुनै परिवर्तन आएन। अर्कोतर्फ बेइजिङ भ्रमणका क्रममा पुटिनले पनि पावर अफ साइबेरिया २ पाइपलाइनमा देखिएको असहमति समाधान गर्न असफल भए। उक्त परियोजनामा देखिएको असहमति समाधान गर्न पुटिनले लामो समयदेखि खोजिरहेका थिए। यदि निर्माण गरियो भने पाइपलाइनले वार्षिक ५० अर्ब घनमिटर रुसी प्राकृतिक ग्यास चीनमा निर्यात हुन सक्छ। यो भनेको सन् २०२५ मा चीनको ग्यास प्रयोगको लगभग १२ प्रतिशत हो।

अमेरिकी विदेश नीतिको नाटकीय परिवर्तनको प्रभाव

चीनमा हालै अन्तर्राष्ट्रिय नेताहरूको आगमन विश्वव्यापी व्यवस्थामा बढ्दो अनिश्चितताको प्रतिबिम्ब हुन सक्छ। ट्रम्प प्रशासनको अधीनमा अमेरिकी विदेश नीतिमा नाटकीय परिवर्तनले वासिंटनका परम्परागत सहयोगीमा ठुलो चिन्ता उत्पन्न गरेको छ। यसले चीनलाई वर्षौंदेखि आफ्नो आक्रामक ब्वाँसो-योद्धा कूटनीति (वुल्फ वारियर डिप्लोमेसी) पछ्याएपछि आफूलाई स्थिर साझेदारको रूपमा प्रस्तुत गर्ने अवसर पनि प्रदान गरेको छ।

तर, यी भ्रमणले चीनको कूटनीतिक प्रयास अझ प्रभावकारी भएको प्रमाणित गर्दैनन्। घरेलु आर्थिक दबाब र प्रतिस्पर्धी अन्तर्राष्ट्रिय प्राथमिकताका कारण अझै पनि बेइजिङले वास्तविक रूपमा के प्रदान गर्न सक्छ भनेर सीमित गर्छ।

उदाहरणका लागि, कारखाना बन्द हुनबाट रोक्न र वृद्धि लक्ष्य पूरा गर्न चीनले निश्चित उत्पादन क्षेत्रमा ठुलो मात्रामा राज्य अनुदान प्रवाह गर्छ। यसले अतिरिक्त उत्पादन सिर्जना गर्छ, जुन कृत्रिम रूपमा कम मूल्यमा विश्वव्यापी रूपमा निर्यात गरिन्छ (इयूसहित)। चीनले यी निर्यातलाई लगाम लगाउन सक्दैन। साथै, चीनको आर्थिक विकासमा पश्चिमी बजारको महत्त्वका बाबजुद बेइजिङले अमेरिका र युरोपको सुरक्षालाई चुनौती दिन रुस र इरानलाई निरन्तर समर्थन गरिराखेको छ। फलस्वरूप, बेइजिङमा हुने हाई प्रोफाइल बैठकहरूले समारोह र भव्यता निम्त्याउने गर्छ, तर सीमित ठोस परिणाम प्रदान गर्छन्।

ट्रम्प, पुटिन र अन्य विश्वनेताहरूको हालैका भ्रमणले निश्चित रूपमा चीनलाई विश्वव्यापी कूटनीतिमा बढी केन्द्रबिन्दु बनाएको छ। तर, यो दृश्यता प्रभावकारी विश्वव्यापी नेतृत्वमा रूपान्तरण हुँदैन।

द कन्भर्सेसनबाट

इतिहासमा आज

मे २८



सन् १८७१ : पेरिस कम्युनविरुद्ध फ्रेन्च सेनाले मे २१ देखि सुरु गरेको दमन यसै दिन टुंगियो। मार्सल म्याकमोहनको नेतृत्वमा मार्च १८ देखि पेरिसमा स्थापना भएको कम्युनविरुद्ध फौज परिचालन गरिको थियो। झन्डै तीस हजार कम्युनार्ड (कम्युन पक्षधर)को हत्या भएको घटनामा करिब ७५० जति फ्रेन्च फौज मारिए।

सन् १४३१ : अघिल्लो सुनुवाइमा महिलाको कपडा लगाउन स्वीकार गरेकी फ्रान्सेली वीरंगना जोन अफ आर्क पुनः पुरुष पहिरन (सैन्य पहिरन)मा देखिएपछि धर्मविरोधी आरोप पुनः ब्युँत्याइयो। यस घटनालाई आधार बनाएर उनलाई मृत्युदण्ड दिइयो।

सन् १७३१ : पोपको शासन रहेका भेग (आजको इटलीका अधिकांश भागमा) यहुदी घरको खानतलासी गरेर सबै हिब्रु पुस्तक जफत गरियो।

सन् १८३० : अमेरिकी कंग्रेसले सबै आदिवासीलाई मिसिसिपी नदीभन्दा पश्चिमतर्फ जान निर्देशन दिने विधेयकमा राष्ट्रपति एन्ड्रु ज्याकसनले हस्ताक्षर गरे।

सन् १९०० : बेलायतले स्वतन्त्र 'अरेन्ज फ्री स्टेट'लाई कब्जामा लिएर आफ्नो शासन रहेको दक्षिण अफ्रिकी उपनिवेशमा गाभ्यो।

सन् १९२३ : अमेरिकी महान्याधिवक्ताले महिलाहरूले पाइन्ट लगाउँदा अपराध नहुने घोषणा गरे।

सन् १९३६ : गणितज्ञ एलान टुरिङले 'अन कम्प्युटेबल नम्बर्स' प्रकाशनका लागि पेस गरे, जहाँ उनले आधुनिक कम्प्युटरको सैद्धान्तिक आधार तय गरेका थिए।

सन् १९६१ : मानव अधिकार क्षेत्रमा काम गर्ने गैरसरकारी संगठन 'एम्नेस्टी इन्टरनेसनल' (सन् १९७७ को नोबेल शान्ति पुरस्कार विजेता) लन्डनमा स्थापना भयो।

सन् २०२३ : भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले विपक्षीको बिहिष्कारबिच (जसले उद्घाटन राष्ट्रपतिले गर्नुपर्ने माग राखेका थिए) देशको नयाँ संसद् भवन उद्घाटन गरे।

युक्रेन-रुस युद्धमा १५ हजार ८०० भन्दा बढी सर्वसाधारण मारिए : संयुक्त राष्ट्रसंघ

न्युयोर्क / फेब्रुअरी २०२२ मा छिमेकी देश युक्रेनमाथि रुसले पूर्णस्तरीय आक्रमण सुरु गरेपछि युक्रेनमा १५ हजार ८५० जना सर्वसाधारण मारिएको संयुक्त राष्ट्रसंघले बताएको छ।

'वास्तविक संख्या उल्लेखनीय रूपमा बढी पनि हुन सक्छ,' संयुक्त राष्ट्र संघको 'डिपार्टमेन्ट अफ पोलिटिकल एन्ड पिसबिल्डिङ अफेयर्स (डिपिपिए)' का युरोप तथा मध्य एसिया निर्देशक कायोको गोटोहले गत मंगलबार संयुक्त राष्ट्र संघको सुरक्षा परिषद्लाई जानकारी दिए। यो संख्या सर्वसाधारणको मात्र हो। युद्धमोर्चामा मारिएका सेनाको यकिन संख्या भने हालसम्म जारी गरिएको छैन। विभिन्न अनुमानले दुवै पक्षमा लाखभन्दा बढी सेना मारिएका हुन सक्ने प्रक्षेपण गरेका छन्।

युक्रेन र रुसबिच युद्ध अन्त्य गर्ने उद्देश्यले सुरु भएको वार्ता प्रयास अहिले अवरुद्ध छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पछिल्लोपटक यसै महिनाको सुरुमा दुई पक्षबिच मध्यस्थता गर्ने प्रयास गरेका थिए। दुई पक्षले केही अघि तीनदिने युद्धविरामको घोषणा गरे पनि पछि पुनः लडाइँ सुरु भएको छ।

अफ्रिकालाई मनाउने प्रयासमा किन सफल भइरहेको छैन फ्रान्स ?

कुनै समय अफ्रिकाभर फ्रान्सले ठुलो प्रभाव राख्ने गर्थ्यो, तर त्यहाँ गुमेको सद्भावना फिर्ता गर्ने प्रयासमा फ्रान्सले कूटनीतिक प्रयास तीव्र पारेको छ

विश्वशक्तिको रूपमा फ्रान्सको कद घट्दै गएको छ। तथापि, विश्वमञ्चमा यो देशको पतन विगत एक दशकमा विशेष तीव्र रहयो। यो पतन सबैभन्दा स्पष्ट अफ्रिकी राष्ट्रमा देखिन्छ, जहाँ कुनै समय फ्रान्सको ठुलो प्रभाव राख्ने गर्थ्यो। यही गुमेको सद् भावना फिर्ता गर्ने हतास प्रयासमा फ्रान्सले मिश्रित परिणामसहित अफ्रिकी राष्ट्रलाई समर्थन गर्नेदेखि सहयोग बढाउन पनि थालेको छ। भर्खरै सम्पन्न 'अफ्रिका फवार्ड शिखर सम्मेलन' यसै दिशामा पछिल्लो प्रयास रहयो।

सम्मेलनका क्रममा सुरक्षा परिषद्ले प्रयोग गर्ने भिटोमा सुधार गर्ने २०१५ को प्रस्तावप्रति अफ्रिकी समर्थनलाई पुनः जोड दिइयो। केन्यामा सम्पन्न अफ्रिका फर्वार्ड शिखर सम्मेलनले 'नवप्रवर्तन र वृद्धिका लागि अफ्रिका-फ्रान्स साझेदारी'लाई प्रवर्द्धन गर्न खोजेको थियो। फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोंले ऊर्जा, कृत्रिम बुद्धिमत्ता (एआई) र कृषिमा केन्द्रित २७ अर्ब डलरको नयाँ लगानीको घोषणा गरे, जसमा ६० प्रतिशत फ्रान्सेली योगदान हुनेछ भने ४० प्रतिशत अफ्रिकी हिस्सा हुनेछ।

केहीले यस शिखर सम्मेलनलाई सन् २०२२ मा अमेरिकाले आयोजना गरेको यस्तै शिखर सम्मेलनको नक्कलका रूपमा लिए। त्यतिबेला पनि हाल फ्रान्सले प्रस्ताव गरेकोभन्दा दोब्बर बढी लगानी गर्ने वाचा गरेको थियो। र, महत्त्वपूर्ण रूपमा अमेरिकाले सो महत्त्वाकांक्षी लक्ष्य दुई वर्षभित्र पूरा गरेको थियो। विगतका सम्मेलनको नक्कल यसको सबैभन्दा खराब पक्ष थिएन। फ्रान्सेली दृष्टिकोणबाट शिखर सम्मेलनको मुख्य उद्देश्य लगानी वृद्धिभन्दा अफ्रिकी सरकारसँग सम्बन्ध पुनर्स्थापित गर्ने थियो। यस लक्ष्यमा भने फ्रान्स असफल भएको छ।



● ब्रेट डी. शेफर

सेफर 'अमेरिकन इन्टरप्राइज इन्स्टिच्युट'का वरिष्ठ फेलो हुन्।

अफ्रिकाभर फ्रान्सको गिर्दो अवस्था

कुनै समयको अफ्रिकाको प्रमुख औपनिवेशिक शक्तिको रूपमा फ्रान्सले लामो समय यस भेगमा ठुलो प्रभाव राख्यो। फलस्वरूप, स्वतन्त्रतापछि पनि फ्रान्कोफोन (फ्रेन्च भाषा बोल्ने) पूर्वफ्रेन्च शासित देशमा यसले लामो समयदेखि सेनासमेत तैनाथ गरेको थियो। तथापि, विगत एक दशकको अवधिमा भने महादेशमा फ्रान्सेली प्रभाव तीव्र रूपमा घट्दै गएको छ। विभिन्न देशमा तैनाथ फान्सेली सेना निष्कासित भइरहेका छन्। कुनै समयका घनिष्ट देशसँगको सम्बन्ध चिसिँदै गएको छ। उता, इस्लामिक विद्रोहले विशाल रूप लिँदा



> भर्खरै सम्पन्न अफ्रिकाको भ्रमणका क्रममा फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोंले संयुक्त राष्ट्र संघको सुधार प्रस्तावका लागि जोड दिए, जुन सफल हुने कुनै सम्भावना छैन र सफल भए पनि यसले फ्रान्सेली हितलाई हानि पुऱ्याउनेछ।

मालीजस्ता पूर्व आश्रित देश अहिले हातबाट फुत्किएका छन्।

विभिन्न समयमा अफ्रिकी देशका घरेलु राजनीतिमा हुने फ्रान्सेली हस्तक्षेप र मैत्रीपूर्ण सरकारलाई सघाउन पुऱ्याएको असफलताले फ्रान्सप्रतिको आमआक्रोश निरन्तर बढ्दै गयो। विगत पाँच वर्षमा बुर्किना फासो, माली र निजेरका निरंकुश सरकारले फ्रान्सेली कूटनीतिज्ञ र सैन्य बललाई निष्कासन गरे। चाड, कोट डी'भ्वार(आइभरी कोस्ट) र सेनेगलसँगको सम्बन्ध पनि त्यस्तै बिग्रँदै गएको छ। अझ चिन्ताजनक कुरा, फ्रान्ससँग टाढिएका यसका प्रायः पूर्वऔपनिवेशिक साझेदार रुससँग नजिकिएका छन्। रुसी प्रभावको विस्तारले यस क्षेत्रमा अमेरिकी सम्बन्धलाई पनि नकारात्मक असर पारेको छ। यसको सबैभन्दा प्रमुख घटनाका रूपमा सन् २०२४ मा अमेरिकी सेनालाई निष्कासन गर्ने निजेरको निर्णय मानिन्छ।

निरन्तर गिर्दो सम्बन्ध सुधार गर्न र सम्बन्ध पुनर्स्थापित गर्ने उद्देश्यले म्याक्रोंले कूटनीतिक प्रयास तीव्र पारेका छन्। सन् २०२५ मा फ्रान्सले अल्जेरियासँग सम्बन्ध पुनर्स्थापित गर्न, लाइबेरियासँग सहकार्य सम्झौता सबल बनाउन र केन्या तगा नाइजेरियासँग सम्बन्ध विस्तार गर्न खोज्यो। यी प्रयासले अहिलेको 'अफ्रिका फर्वार्ड शिखर सम्मेलन'लाई आधार प्रदान गऱ्यो। म्याक्रोंले अफ्रिकी सरकारसँग 'पारस्परिक सम्मान'को आवश्यकतालाई जोड दिँदै फ्रान्स र महादेशबिचको नयाँ साझेदारीको प्रतिज्ञा गरेको छ।

सम्भव छैन म्याक्रोंको प्रस्तावित संयुक्त राष्ट्र सुधार

यसबिच म्याक्रोंले अफ्रिकाका थप ११ नयाँ देशले सार्वजनिक रूपमा फ्रान्सले अघि सारेको सन् २०१५ को संयुक्त राष्ट्र संघ सुधारसम्बन्धी प्रस्तावको समर्थन गरेको जनाए। मेक्सिकोको सह-प्रायोजित उक्त प्रस्तावमा 'सुरक्षा परिषद्का स्थायी सदस्यले आमनरसंहारको घटनामा भिटो प्रयोग नगर्ने सहमति जनाउने' उल्लेख छ। सुन्दा प्रभावशाली लाग्ने यो घोषणा एक प्रकारले जाली देखिन्छ। खासमा संयुक्त राष्ट्र संघका सुधारका पक्षधरले भिटो प्रणाली नै पूर्ण रूपमा हटाउनुपर्ने बताउँदै आएका छन्। तथापि, पूर्ण हटाउने त परको कुरा कस्तो विषयमा भिटो लगाउन नपाउने विषय आफैंमा एक अप्राप्य लक्ष्य हो।

भिटोमा औपचारिक सीमितता कार्यान्वयन गर्ने हो भने संयुक्त राष्ट्र संघको बडापत्रमा संशोधन गर्नुपर्छ। बडापत्रको संशोधनका लागि संघका सबै स्थायी सदस्यहरू (चीन, फ्रान्स, रुस, बेलायत र संयुक्त राज्य अमेरिका)को समर्थन र अनुमोदन आवश्यक पर्छ। चीन, रुस र संयुक्त राज्य अमेरिकाले यस्तो संशोधनलाई समर्थन गर्ने सम्भावना छैन। उल्लेखनीय कुरो, फ्रान्स आफैंले आफ्नो भिटो शक्ति अन्य कुनै देशका लागि त्याग्ने प्रस्ताव गरेको छैन। ऊ आफ्नो हितविरुद्धका प्रस्ताव सुरक्षा परिषद्मा आउँदा रोक्ने यो शक्ति त्याग्न तयार छैन।

हुन त सन् २०१५ को फ्रान्सेली प्रस्तावले औपचारिक रूपमा भिटो हटाउने प्रस्ताव गर्दैन। बरु, प्रस्तावले सुरक्षा परिषद्का स्थायी सदस्यलाई कुन विषयमा भिटो नलगाउने भन्ने कुरामा नियन्त्रण गर्न दबाब दिन खोजेको छ। यो सुधार लागू गर्न पहिले त ठुलो बहुमतको समर्थनमा महासभामा प्रस्ताव पारित हुनुपर्छ। त्यसपछि यसलाई 'बृहत्तर अन्तर्राष्ट्रिय समुदायको इच्छा'का रूपमा प्रस्तुत गरिनेछ र स्थायी सदस्यलाई भिटो लगाउन नपाउने विषयबारे बारम्बार चेतावनी दिन प्रयोग गरिनेछ।

भिटो लगाउन नपाउने भनिएका 'आमनरसंहार' र 'अन्तर्राष्ट्रिय अपराध' के हो भन्ने कुराको निर्धारण प्रायः महासचिवजस्ता संयुक्त राष्ट्र संघका अधिकारीले गर्छन्। वा, अन्तर्राष्ट्रिय फौजदारी अदालत (आइसिसी)जस्ता अन्तर्राष्ट्रिय संस्थाहरूको निर्णयमा पनि यो निर्भर हुन्छ। बेइजिङ र मस्कोका अधिनायकवादी सरकारले यस्ता रणनीतिलाई सघाउने सम्भावना कम छ। तर, यस प्रस्तावको मुख्य लक्ष्य संयुक्त राज्य अमेरिका हो। संयुक्त राष्ट्र संघका संस्था र अधिकारीले समय-समयमा संयुक्त राज्य अमेरिका र इजरायलका कार्यलाई अवैध भनेर निन्दा गर्ने गर्छन्। यसको उद्देश्य अमेरिकाले आफू वा आफ्ना सहयोगीको बचाउमा भिटोको प्रयोगलाई अन्तर्राष्ट्रिय विधिको उल्लंघनको रूपमा चित्रण गर्नु हो।

एकातिर यो प्रयास पूर्णतया प्रतीकात्मक छ। यसको कार्यान्वयनको कुनै माध्यम छैन। तर, यसले अमेरिकाका विरोधीलाई अमेरिकी नेता र जनमतलाई लक्षित गर्ने एउटा औजार प्रदान गर्नेछ। फ्रान्सले यस प्रस्तावलाई समर्थन गर्नुको मुख्य कारण भिटो तथा संयुक्त राज्य अमेरिका-इजरायललाई घृणा गर्ने अफ्रिकी देशलाई खुसी बनाउने देखिन्छ।

फ्रान्सले अन्तिमपटक सन् १९८९ मा आफ्नो भिटो शक्ति प्रयोग गरेको थियो, त्यसवेलादेखि दशकौंको अवधिमा अमेरिकाले सुरक्षा परिषद्मा भिटो प्रयोग गरेबापत आलोचना भोग्दा फ्रान्स खुसी देखिने गरेको छ। जबकि अमेरिकाको भिटो प्रयोग प्रायः फ्रान्स र पश्चिमी देशको व्यापक फाइदाका लागि हुने गर्छ। यसैले, म्याक्रोंको सुरक्षा परिषद्को सुधार, प्रस्ताव सफल भयो भने उसैले एकदिन पछुताउनुपर्ने हुन सक्छ।

नेसनल इन्ट्रेस्टबाट

देशभर स्थानीय र प्रदेशस्तरका ६८ हजार १ सय किलोमिटर सडक निर्माण

४८,६६५ किमि कच्ची सडक, चालू आवको आठ महिनामा तीन किमि मात्रै कालोपत्रे

मिलन विश्वकर्मा / नयाँ पत्रिका

देशभर निर्माण भएको ६८ हजार १ सय किलोमिटर प्रदेश र स्थानीय तहअन्तर्गतका सडकमध्ये ७१.४६ प्रतिशत कच्ची रहेका छन्। अर्थ मन्त्रालयले बुधबार सार्वजनिक गरेको चालू आव ०८२/८३ को आर्थिक सर्वेक्षणअनुसार फागुनसम्म प्रदेश र स्थानीय तहअन्तर्गतका ४८ हजार ६६५ किलोमिटर सडक कच्ची अवस्थामा छन्। तथ्यांकअनुसार ३३ हजार ८४७ प्रादेशिक र ३४ हजार २५३ स्थानीय सडक छन्। त्यसमा ५ हजार ९६ किमि सडक मात्रै पक्की अवस्थामा छन्।

स्थानीय तथा प्रादेशिक सडक	
कच्ची	४८ हजार ६६५ किमि
ग्राभेल	१४ हजार ३३९ किमि
पक्की	पाँच हजार ९६ किमि
पुल	७३० वटा
राष्ट्रिय सडक	
कच्ची	आठ हजार ७४८ किमि
आठ महिनामा ७६ किमि नयाँ सडक	
ग्राभेल	सात हजार ६०२ किमि
आठ महिनामा ९१ किमि सडक ग्राभेल	
कालोपत्रे	२० हजार ४५६ किमि
आठ महिनामा ४१२ किमि कालोपत्रे	

चालू आवको समीक्षा अवधिमा तीन किमि मात्रै स्थानीय तथा प्रदेशअन्तर्गतका सडक कालोपत्रे भएको देखिन्छ। गत असारसम्म कालोपत्रे सडकको लम्बाइ ५ हजार ९३ किमि थियो। यसैगरी, १४ हजार ३३९ किमि सडक ग्राभेल अवस्थामा छन्। त्यसमा चालू आवको समीक्षा अवधिमा चार किमि सडक मात्रै ग्राभेल भएको छ।

समीक्षा अवधिमा प्रदेश र स्थानीय तहतर्फ सात किमि सडक मात्रै थप भएको छ। गत आवको असार मसान्तसम्म ६८ हजार ९३ किमि यस्ता सडक थिए। यस्ता सडकमध्ये कालोपत्रे, ग्राभेल र कच्ची सडकको अंश क्रमशः ७.४८ प्रतिशत, २१.०६ प्रतिशत र ७१.४६ प्रतिशत रहेको छ।

आठ नयाँ पुल सञ्चालन

स्थानीय पूर्वाधारतर्फ समीक्षा अवधिमा आठवटा नयाँ पुल बनेका छन्। असार ०८२ सम्म स्थानीय पूर्वाधारअन्तर्गत ७२२ पुल बनेका थिए। फागुन मसान्तसम्म आउँदा त्यो ७३० पुगेको तथ्यांकमा उल्लेख छ।

राष्ट्रियतर्फ २० हजार ४५६ किमि सडक कालोपत्रे

राष्ट्रियतर्फ भने २० हजार ४५६ किमि सडक कालोपत्रे भएको देखिएको छ। हालसम्म राष्ट्रियस्तरमा ३६ हजार ८०६ किमि सडक बनेका छन्। चालू आवको आठ महिनामा भने ४१३ किमि सडक कालोपत्रे भएको छ। गत आवको सोही अवधिमा ३ सय ५५ किमि सडक कालोपत्रे भएको थियो। चालू आवको समीक्षा अवधिमा एक सय दुईवटा पुल निर्माण सम्पन्न भएर सञ्चालनमा आएका छन्। गत आवको यही अवधिमा ४६ वटा पुल बनेको थियो। गत आवभर भने ११८ वटा पुलको निर्माण सम्पन्न भएका थिए। यसपालि आठ महिनामा १०२ वटा पुल बनेको छ।



राष्ट्रिय गौरवका आयोजनामा कति भए काम ?

मध्यपहाडी : १९ किमि कालोपत्रे

चालू आवको आठ महिनामा मध्यपहाडी (पुष्पलाल) लोकमार्गमा १९ किमि सडक कालोपत्रे भएको छ। योसँगै १८ सय ७९ किमि लामो यस परियोजनामा कालोपत्रे सडक १५ सय २९ किमि पुगेको छ। असार ०८२ सम्म यसमा १५ सय १० किमि सडक कालोपत्रे भएको थियो। परियोजनामा हालसम्म ११४ वटा पुलको निर्माण सम्पन्न भएको छ। अब यस परियोजनामा २३ पुल बन्नुपर्नेछ। यस परियोजनामा कुल १३७ पुल बन्दै छन्।

हुलाकी लोकमार्ग : २९ किमि कालोपत्रे

चालू आवको आठ महिनामा १८ सय ५७ किमि लामो हुलाकी लोकमार्गमा २९ किमि सडक कालोपत्रे भएको छ। गत असारसम्म यस परियोजनामा १३ सय ५२ किमि सडक कालोपत्रे भएको थियो। फागुन मसान्तसम्म आउँदा त्यो १३ सय ८१ किमि पुगेको छ। हालसम्म परियोजनाअन्तर्गतका २५० मध्ये १४३ पुलको निर्माण सम्पन्न भएको छ।

कालीगण्डकी करिडोरमा ३७९ किमि सडक कालोपत्रे

४९५ किमि लामो कालीगण्डकी कोरिडोरको गैंडाकोट-राम्दी-मालढुंगा खण्ड (२९३ किमि)मा हालसम्म २९२ किमि सडक कालोपत्रे भइसकेको छ। यसैगरी ३६ वटा पुलको निर्माण सम्पन्न भइसकेका छन्।

२०२ किमि लामो मालढुंगा-बेनी-जोमसोम-कोरला खण्डमा भने यो आठ महिनामा ६ किमि सडक कालोपत्रे भएको छ। गत असारसम्म यस खण्डमा ८१ किमि सडक कालोपत्रे भएको थियो। फागुन मसान्तसम्म त्यो ८७ किमि पुगेको छ। हालसम्म यस परियोजनामा १६ वटा पुल निर्माण सम्पन्न भएको छ।

कर्णाली करिडोर : खुल्यो सबै ट्र्याक

फागुन मसान्तसम्म २६९ किमि लामो कर्णाली करिडोरको सबै ट्र्याक खुलेका छन्। '०८२ असारसम्म २६८.८ किमि ट्र्याक निर्माण भएकोमा चालू आर्थिक वर्षको फागुनसम्म ०.२ किमि थप ट्र्याक निर्माण भई सम्पूर्ण ट्र्याक निर्माण सम्पन्न भएको छ,' प्रतिवेदनमा भनिएको छ। यस करिडोरअन्तर्गत हालसम्म ४१.५ किमि ग्राभेल सडकको निर्माण सम्पन्न भएको छ।

कोशी करिडोर : १४ किमि सडक कालोपत्रे

१६२ किमि लामो कोशी करिडोरमा फागुनसम्म १४ किमि सडक कालोपत्रे भएको छ। यसैगरी, ११ पुल निर्माण भएको प्रतिवेदनमा उल्लेख छ। '२०८२ असारसम्म च्याम्ताङ-घोङघप्पा सडक खण्डको १०.५१ किमि नयाँ ट्र्याक निर्माण सम्पन्न भएको छ। यस खण्डमा ३.९ किमि सडक ग्राभेलमा स्तरोन्नति गरिएको छ,' प्रतिवेदनमा भनिएको छ।

मदन भण्डारी : आठ महिनामा ३०.५ किमि सडक कालोपत्रे

चालू आवको आठ महिनामा ७४० किमि लामो मदन भण्डारी राजमार्गमा ३०.५ किमि सडक कालोपत्रे भएको छ। '०८२ असारसम्म ३६५ किलोमिटर सडक कालोपत्रे भएको थियो। चालू आवको फागुनसम्म थप ३०.५ किमि सडक कालोपत्रे भई ३९५.५ किमि पुगेको छ,' प्रतिवेदनमा भनिएको छ। आयोजनाअन्तर्गतका १८५ पुलमध्ये फागुन ०८२ सम्म पुलको निर्माण भएको छ।

२७ संस्थान नाफामा, १६ घाटामा

आर्थिक वर्ष ०८१/८२ मा संस्थानको खुद नाफा १२.०३ प्रतिशतले वृद्धि भई ४५ अर्ब ८ करोड ४९ लाख पुग्यो

अजित अधिकारी / नयाँ पत्रिका

आर्थिक वर्ष ०८१/८२ मा बैंकिङ, व्यापार र सेवा क्षेत्रका संस्थान नाफामा रहेका अर्थ मन्त्रालयले जनाएको छ। सञ्चालनमा रहेका कुल ४५ संस्थानमध्ये २७ नाफामा र १६ संस्थान घाटामा सञ्चालन भइरहेको अर्थ मन्त्रालयद्वारा बुधबार प्रकाशित 'सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा, ०८३' मा उल्लेख छ।

अर्थका अनुसार २० पूर्ण स्वामित्वका र २५ सरकारको अधिकांश स्वामित्वमा रहेका गरी कुल ४५ संस्थानको सम्पत्ति पनि ९.४९ प्रतिशतले बढेर ३२ खर्ब ६ अर्ब ९१ करोड पुगेको छ। संस्थानमा सरकारी लगानी अघिल्लो वर्षको तुलनामा १३.४४ प्रतिशतले वृद्धि भई सात खर्ब ९८ अर्ब ५६ करोड ३५ लाख पुगेको छ। जसमा सेयर लगानी तीन खर्ब ७० अर्ब २५ करोड २० लाख र ऋण लगानी ४ खर्ब २८ अर्ब ३१ करोड १५ लाख रहेको छ।

संस्थानको कुल आय र कुल सञ्चालन आयमा पनि सुधार भएर क्रमशः ७ खर्ब २१ अर्ब र ६ खर्ब ७२ अर्ब पुगेको छ। कुल गार्हस्थ्य उत्पादनमा कुल आय र सञ्चालन आयको अनुपात क्रमशः ११.८० र १०.८५ प्रतिशत रहेको छ।

समीक्षा वर्षमा संस्थानको खुद नाफा १२.०३ प्रतिशतले वृद्धि भई ४५ अर्ब ८ करोड ४९ लाख पुगेको छ। नाफामा रहेका संस्थानको खुद नाफा भने ४८ अर्ब ८९ करोड ६ लाख रहेको छ भने नोक्सानमा रहेका संस्थानको खुद नोक्सान ३ अर्ब ८० करोड ५७ लाख रहेको छ। संस्थानको खुद नाफा अघिल्लो वर्षको तुलनामा १०.५८ प्रतिशतले बढेको हो।

गत आवसम्ममा विद्युत् प्राधिकरण, दूरसञ्चार कम्पनी लिमिटेड र नागरिक उड्डयन प्राधिकरणको सञ्चित नाफा सबैभन्दा धेरै रहेको तथ्यांकमा उल्लेख छ। अघिल्लो वर्षझैँ सरकारमातहतका सबै उद्योग घाटामै सञ्चालन भएका छन्। सरकारमातहत उदयपुर सिमेन्ट, हेटौँडा सिमेन्ट, जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी, दुग्ध विकास संस्थान, धौवादी फलाम कम्पनी, ओरियन्ट म्याग्नेसाइट, नेपाल औषधि, नेपाल मेटल र बुटवल धागो कारखाना स्वामित्वमा छन्।

गत आवमा संस्थानबाट ८ अर्ब ३७ करोड ७६ लाख लाभांश प्राप्त भएको छ। जुन कुल सेयर लगानीको तुलनामा २.३ प्रतिशत लाभांश प्राप्ति हो। संस्थानमा कुल ३८ हजार २ सय ८५ स्वीकृत दरबन्दी रहेकोमा ३० हजार ३ सय ५२ जनालाई रोजगारी प्राप्त भएको छ। संस्थानहरूले प्रशासनिक र कर्मचारी खर्चबापत ६१ अर्ब ५ करोड खर्चेका छन्।

आयल निगम सर्वाधिक नाफामा

आर्थिक वर्ष ०८१-८२ मा सबैभन्दा धेरै नाफा आर्जन गर्ने संस्थानको सूचीमा आयल निगम परेको छ। निगमले सो वर्ष १३ अर्ब ६४ करोड रुपैयाँ नाफा आर्जन गरेको थियो। त्यस्तै, सबैभन्दा धेरै घाटा व्यहोर्नेमा वायुसेवा निगम रहेको छ। वायुसेवा निगमले सो वर्ष एक अर्ब २३ करोड घाटा व्यहोरेको थियो।

नाफा गर्ने संस्थानको सूचीमा विद्युत् प्राधिकरण र टेलिकम क्रमशः दोस्रो र तेस्रो स्थानमा छन्।

त्यस्तै, घाटामा सञ्चालित १६ संस्थानको सूचीमा वायुसेवा निगम पहिलो र खानेपानी संस्थान दोस्रो स्थानमा छन्।

नाफामा रहेका २७ संस्थान

संस्थानको नाम	नाफा रकम
आयल निगम लिमिटेड	१३ अर्ब ६४ करोड
नेपाल विद्युत् प्राधिकरण	६ अर्ब ९४ करोड
नेपाल दूरसञ्चार कम्पनी लिमिटेड	६ अर्ब ६७ लाख
कृषि विकास बैंक	३ अर्ब ७३ करोड
निक्षेप तथा कर्जा सुरक्षण कोष	३ अर्ब ३६ करोड
नेपाल बैंक लिमिटेड	३ अर्ब ७ करोड
राष्ट्रिय वाणिज्य बैंक	२ अर्ब ८३ करोड
नेपाल स्टक एक्सचेन्ज लिमिटेड	२ अर्ब २७ करोड
नागरिक उड्डयन प्राधिकरण	२ अर्ब २६ करोड
नागरिक लगानी कोष	१ अर्ब ६२ करोड
एचआइडिसिएल लिमिटेड	९३ करोड ४३ लाख
सिडिएस एन्ड क्लियरिङ लिमिटेड	७५ करोड ९५ लाख
राष्ट्रिय बिमा कम्पनी	४२ करोड ७६ लाख
कृषि सामग्री कम्पनी लिमिटेड	३६ करोड ८९ लाख
गोरखापत्र संस्थान	१८ करोड ६५ लाख
जनक शिक्षा सामग्री केन्द्र	१३ करोड ४७ लाख
विशाल बजार कम्पनी	१३ करोड १७ लाख
पारवहन तथा गोदाम व्यवस्था कम्पनी	४ करोड ८७ लाख
विद्युत् उत्पादन कम्पनी लिमिटेड	४ करोड ३७ लाख
खाद्य व्यवस्था तथा व्यापार कम्पनी	३ करोड ५७ लाख
औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड	१ करोड ७१ लाख
राष्ट्रिय जीवन बिमा कम्पनी	१ करोड ६६ लाख
नेपाल वन निगम	१ करोड २२ लाख
पूर्वाधार निर्माण कम्पनी	३८ लाख ९८ हजार
सांस्कृतिक संस्थान	२८ लाख ७६ हजार
जनकपुर चुरोट कारखाना	१२ लाख
राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र	४ लाख ६९ हजार

घाटामा रहेका १६ संस्थान

संस्थानको नाम	घाटा रकम
नेपाल वायुसेवा निगम	१ अर्ब २३ करोड
नेपाल खानेपानी संस्थान	८० करोड ७९ लाख
दुग्ध विकास संस्थान	४० करोड २१ लाख
हेटौँडा सिमेन्ट उद्योग	३१ करोड २४ लाख
उदयपुर सिमेन्ट उद्योग	२८ करोड
नेपाल रेल्वे कम्पनी	१९ करोड ९८ लाख
सार्वजनिक सेवा प्रसारण नेपाल	१३ करोड ३५ लाख
नेपाल ओरियन्ट म्याग्नेसाइट प्रालि	१० करोड १९ लाख
नेपाल औषधि लिमिटेड	१० करोड ३ लाख
साझा यातायात	७ करोड ७ लाख
जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी	६ करोड ६३ लाख
राष्ट्रिय प्रसारण ग्रिड कम्पनी	३ करोड ६३ लाख
बुटवल धागो कारखाना	३ करोड ५७ लाख
धौवादी फलाम कम्पनी	५२ लाख
राष्ट्रिय आवास कम्पनी	१ करोड ९१ लाख
नेपाल मेटल कम्पनी	३८ हजार

सिटिजन्स म्युचुअल फण्ड

अन्तर्गत संचालित

सिटिजन्स सदाबहार योजना (खुलामुखी)

धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डबाट २०८२/०३/०२ मा योजना संचालन अनुमती प्राप्त मिति २०८२ श्रावण १५ मा बाँडफाँड भएको खुलामुखी योजना

२०८३ बैशाख मसान्तको अपरिष्कृत वित्तीय विवरण

खुद सम्पत्ति मूल्य सम्बन्धी विवरण

विवरण	२०८३ बैशाख मसान्तको खुद सम्पत्ति मूल्य रु.	२०८२ चैत्र मसान्तको खुद सम्पत्ति मूल्य रु.
क. धितोपत्रमा तथा अन्य लगानी		
१. सूचिकृत धितोपत्र	६५५,३०१,२८८	६४३,५२०,५७९
२. सूचिकृत हुन बाँकी धितोपत्र	२,२३७,५६४	२,९४७,४७२
३. ऋणपत्र/बण्ड	३६०,६७२	३६२,२३७
४. मुद्दती निक्षेप	-	-
जम्मा (क)	६५७,८९९,५२४	६४६,८३०,२८९
ख. चालु सम्पत्ति		
बैंक मौज्दात	१९,५२७,११८	७५,५७१,३०२
अन्य सम्पत्ति	४१,५४०,६१७	३८,०४४,०२४
जम्मा (ख)	६१,०६७,७३५	११३,६१५,३२६
ग. चालु दायित्व		
अन्य दायित्व	१३७,८९८	१८,६७३,८७४
जम्मा (ग)	१३७,८९८	१८,६७३,८७४
कुल सम्पत्ति (क)+(ख)-(ग)	७१८,८२९,३६१	७४१,७७१,७४२
न्युन : भुक्तानी हुन बाँकी व्यवस्थापन शुल्क		
योजना व्यवस्थापन तथा डिपोजिटरी शुल्क	१,०३७,८२७	२,९९२,४७९
कोष सुपरिवेक्षक शुल्क	३०,६००	९१,८००
खुद सम्पत्ति	७१७,७६०,९३४	७३८,६८७,४६३
जम्मा जारी इकाई संख्या	६९,८९६,९४२	६९,८७५,५३४
प्रति इकाई खुद सम्पत्ति मूल्य	१०.२७	१०.५७

२०८३ बैशाख मसान्त सम्मको आय व्यय विवरण

विवरण	२०८३ बैशाख मसान्तको खुद सम्पत्ति मूल्य रु.	२०८२ चैत्र मसान्तको खुद सम्पत्ति मूल्य रु.
आय		
प्राप्त भईसकेको आम्दानी/(नोक्सानी)	४२,२७४,२३१	३०,२९३,१४७
प्राप्त भईनसकेको आम्दानी/(नोक्सानी)	(१०,२७८,६१४)	२१,७३३,२७०
जम्मा आय (क)	३१,९९५,६१७	५२,०२६,४१७
व्यय		
पूर्व संचालन खर्च	३,५३२,२६०	३,४५२,७५३
सूचना प्रकाशन तथा अन्य प्रशासनिक खर्च	१,१२५,६८७	१,१८०,५०४
बैंक तथा अन्य शुल्क	१,११९	१,०३३
योजना व्यवस्थापन तथा डिपोजिटरी शुल्क	८,८५८,९०३	७,८२१,०७५
कोष सुपरिवेक्षक शुल्क	३८९,०००	३५३,०००
सिडिएससी वार्षिक शुल्क	९८,४६१	८७,८६३
योजना लेखा परीक्षण शुल्क	९२,७१९	८२,७३९
जम्मा खर्च (ख)	१४,०९८,२२१	१२,९७८,९६७
कुल आय/(व्यय) (क)-(ख)	१७,८९७,३९६	३९,०४७,४५०

२०८३ बैशाख मसान्तको लगानी विवरण

सूचिकृत धितोपत्रमा लगानी

क्र.सं.	लगानी	संख्या (कित्ता)	बजार मूल्य (रु.)
क	वाणिज्य बैंक	३९४,११५	१५३,८३०,७६९
	एभरेष्ट बैंक लिमिटेड	६४,२६५	४५,१७८,२९५
	हिमालयन बैंक लिमिटेड	५९,८१४	१२,१८४,११२
	माछापुच्छ्रे बैंक लिमिटेड	२८,९९१	७,१८९,७६८
	प्राइम कमर्सियल बैंक लिमिटेड	११०,१६८	२६,२५३,०३४
	सानिमा बैंक लिमिटेड	५०,०९०	१८,२०७,७१५
	सिद्धार्थ बैंक लिमिटेड	२९,३३६	११,५२९,०४८
	स्टयाण्डर्ड चार्टर्ड बैंक लिमिटेड	५१,४५१	३३,२८८,७९७
ख	विकास बैंक	१६८,१२५	८०,४९२,३७१
	गरिमा विकास बैंक	४२,८५९	१७,७८६,४८५
	कामना सेवा विकास बैंक लिमिटेड	१७,०००	८,१९४,०००
	सालापा विकास बैंक	१,४५२	१,७७२,८९२
	शाइन रेशुङ्गा डेभलपमेन्ट बैंक लिमिटेड	२०,८४७	८,५४७,२७०
	मुक्तिनाथ विकास बैंक लिमिटेड	६४,४६७	२३,९८१,७२४
	नारायणि डेभलपमेन्ट बैंक लिमिटेड	२१,५००	२०,२१०,०००
ग	लघुवित्त वित्तीय संस्था	१२१,८०६	१०४,८४९,०५४
	छिमेक लघुवित्त विकास बैंक लिमिटेड	४३,६००	३९,७४१,४००
	इन्फिनिटि लघुवित्त वित्तीय संस्था	२८,९१३	२७,०३३,६५५
	स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड	७,१४०	५,८२६,९५४
	साना किसान लघुवित्त वित्तीय संस्था लिमिटेड	४२,१५३	३२,२४७,०४५
घ	हाइड्रोपावर कम्पनी	२७४,५१२	१२४,०३५,७७३
	चिलिमे हाइड्रोपावर कम्पनी लिमिटेड	१,३५९	६४६,३४०
	ईङ्वा हाईड्रोपावर लिमिटेड	७,६३२	३,०२२,२७२
	रिज लाइन इनर्जी लिमिटेड	७८६	७८९,१४४
	भुजुङ्ग हाईड्रोपावर लिमिटेड	९२१	८४५,७५४
	शिखर पावर डेभलपमेन्ट लिमिटेड	१,१६६	९२९,३०२
	सुर्यकुण्ड हाईड्रो इलेक्ट्रिक लिमिटेड	३८१	४७९,२९८
	सोलु हाईड्रोपावर लिमिटेड	८,४२१	५,८२७,३३२
	सुपर खुदी हाईड्रोपावर लिमिटेड	८५७	७५७,५८८
	शिव श्री हाईड्रोपावर लिमिटेड	३५,६५९	७,५९५,३६७
	डादी ग्रुप पावर लिमिटेड	२२,०००	९,८१२,०००
	माउन्टेन इनर्जी नेपाल लिमिटेड	४०,७९९	२४,७२४,१९४
	सिगंटी हाईड्रा इनर्जी लिमिटेड	८७,९६२	२७,१८०,२५८
	युनाइटेड मोदि हाइड्रोपावर लिमिटेड	२६,७५०	१४,८६७,६५०
	साहास उर्जा लिमिटेड	३९,८१९	२६,५५९,२७३
ङ	जीवन विमा कम्पनी	६४,६१९	३५,१७६,५६६
	सुर्यज्योती लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड	१७,५३३	७,५०४,१२४
	नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड	४७,०८६	२७,६७२,४४२
च	निर्जीवन विमा कम्पनी	१९,८८१	११,९८९,८५२
	सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड	१२,८८०	७,५०९,०४०
	शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड	५,००१	३,०६०,६१२
	सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेड	२,०००	१,४२०,२००
छ	होटल एण्ड टुरिजम	६७,४९१	४१,६०३,२७३
	बन्दीपुर केवल कार एण्ड टुरिजम लिमिटेड	४,७०६	३,८११,८६०
	होटेल फरेस्ट इन लिमिटेड	३,६८४	३,५६९,४२८
	चन्द्रागिरि हिल्स लिमिटेड	१५,९४५	१२,७४३,२४४
	सोल्टी होटल लिमिटेड	४३,१५६	२१,४७८,७४१
ज	सामुहिक लगानी कोष	२,०००,०००	१८,५४०,०००
	एचएल आई लार्ज क्याप फण्ड	२,०००,०००	१८,५४०,०००
झ	अन्य	३७,३५८	२७,३१४,४२८
	हिमालयन रिइन्स्योरेन्स लिमिटेड	२२,४७८	१४,०७१,२२८
	नेपाल रिइन्स्योरेन्स कम्पनी लिमिटेड	१४,८८०	१३,२४३,२००
ञ	उत्पादन तथा प्रशोधन	५०,९९५	४७,७२२,४४१
	पाल्पा सिमेन्ट इन्डष्ट्रिज लिमिटेड	२,९५४	२,४९०,२२२
	सर्वोत्तम सिमेन्ट लिमिटेड	३२,५५१	२७,३१०,२८९
	हिमालयन डिष्टिलरी लिमिटेड	१५,४९०	१७,९२१,९३०
ट	लगानी	४,४९०	९,७४६,७६१
	एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लिमिटेड	४९०	६७०,७६१
	सिईडिबि होल्डिङ्स लिमिटेड	४,०००	९,०७६,०००
	कुल	३,२०३,९१२	६५५,३०१,२८८

नोट:

क. सामूहिक लगानी कोष नियमावली, २०६७ तथा सामूहिक लगानी कोष निर्देशिका, २०६९ को अधिनमा रही योजना व्यवस्थापकले अवलम्बन गरेको मुल्यांङ्कन नीति बमोजिम योजनाको लगानीको गणना गरिएको छ।

ख. सूचिकृत तथा सूचिकृत नभएको शेयर तथा ऋणपत्र समेत गरी योजनाले २०८३ बैशाख सम्म गरेका लगानीको परल मूल्य (धितोपत्र दलाल कमिशन तथा कारोवार शुल्क समेत) रु ६६८,१७८,१३८ रहेको छ।

ग. योजनाको दैनिक तथा साप्ताहिक प्रति इकाई खुद सम्पति मूल्य योजना व्यवस्थापकको www.citizenscapital.com.np मा सार्वजनिक गरिएको छ।

घ. अपरिष्कृत वित्तीय विवरणमा पेश भएका विवरण नियमन निकायले निर्देशन गरेको खण्डमा निर्देशन गरिए बमोजिम परिवर्तन हुन सक्नेछ।

योजनाले अवलम्बन गरेको मुल्यांङ्कन नीति बमोजिम योजनाको लगानी मुल्यांङ्कन गरी कोष सुपरिवेक्षकको मिति २०८३ जेष्ठ १३ को बैठकद्वारा स्विकृती प्रदान गरिएको छ।

कोष प्रवर्द्धक

Citizens Bank International Ltd. सिटिजन्स बैंक इन्टरनेशनल लि.
YOUR PARTNER FOR PROGRESS
(नेपाल राष्ट्र बैंकबाट "क" वर्गको ईजाजतपत्र प्राप्त संस्था)
नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोन: ९७७ १ ४५२८५४२/४३/२४, फ्याक्स: ९७७ १ ४५२७०४४
इमेल: info@ctznbank.com, वेबसाइट: www.ctznbank.com

योजना व्यवस्थापक तथा डिपोजिटरी

Citizens Capital Ltd.
(Formerly known as CBIL Capital Ltd.)
A Subsidiary of Citizens Bank International Ltd.
Spreading Prosperity, Enriching Lives
बाटुलेचर, डिल्लीबजार, काठमाडौं, नेपाल
E-mail: info@citizenscapital.com.np, Website: www.citizenscapital.com.np

कृषि अनुदानमा २४ अर्ब खर्च

काठमाडौं / चालू आर्थिक वर्ष ०८२/८३ को फागुन मसान्तसम्म संघीय बजेटबाट कृषि अनुदानतर्फ २४ अर्ब २२ करोड रुपैयाँ खर्च भएको छ। अर्थ मन्त्रालयले प्रकाशित गरेको आर्थिक सर्वेक्षणअनुसार चालू आवमा ३७ अर्ब ३१ करोड रुपैयाँ अनुदानका लागि विनियोजन भएको छ। त्यसमध्ये ६४.९ प्रतिशत खर्च भएको हो। गत आव ०८१-८२ मा भने ३६ अर्ब १५ करोड कृषि अनुदान विनियोजन भएकोमा ३२ अर्ब १३ करोड खर्च भएको थियो। यो वर्ष ६ लाख टन मल आयात र वितरणको लक्ष्य लिइए पनि फागुनसम्म ४ लाख ९५ हजार ९ सय ७ टन मल आयात भएको छ।

प्रसारणलाइनलाई मुख्य प्राथमिकतामा राखेर ऊर्जाको बजेट तयार

रणनीतिक महत्त्वका ११ प्रसारणलाइनलाई एक वर्षमै सक्ने गरी १५ अर्बभन्दा बढी बजेट प्रस्ताव

नयाँ पत्रिका

पूर्वाधार अभावकै कारण विद्युत् खेर जाने जोखिम बढेपछि प्रसारणलाइन, वितरण लाइनजस्ता पूर्वाधारलाई प्राथमिकतामा राखेर ऊर्जा क्षेत्रको बजेट तयार गरिएको छ। सरकारले शुक्रबार संसद्मा आगामी आर्थिक वर्ष ०८३/८४ को बजेट प्रस्तुत गर्दै छ। त्यसमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले प्रसारणलाइन परियोजनालाई प्राथमिकता दिएर तयार गरेको बजेट अर्थ मन्त्रालयमा पेस गरिएको मन्त्रालयका एक उच्च अधिकारीले बताए।


मन्त्रालयले नेपाल विद्युत् प्राधिकरण र राष्ट्रिय प्रसारण ग्रिड कम्पनीले अघि बढाएका झन्डै ११ प्रसारणलाइन परियोजनालाई आगामी आवमै सम्पन्न गर्ने लक्ष्यसहित १५ अर्बभन्दा बढी बजेट प्रस्ताव गरेको छ। त्यसमा तीन अर्ब हाराहारीको बजेट राष्ट्रिय ग्रिड कम्पनीलाई प्रस्ताव गरिएको मन्त्रालयका एक अधिकारीले बताए।

स्रोतका अनुसार लालबन्दी-नवलपुर-सालिपुर १३२ केभी, कुशाहा-विराटनगर १३२ केभी, नेपालगन्ज-नानपारा १३२ केभी, कुश्मा-तल्लो मोदी-नयाँ मोदी १३२ केभी, नयाँ मोदी-लेखनाथ १३२ केभी र कहिलपुर-सुर्खेत-दैलेख १३२ केभी प्रसारणलाइन छन्।

यस्तै, कालीगण्डकी-रिडी १३२ केभी, लुम्मिङटार-शीतलपाटी २२० केभी, ढल्केबर-वाणगंगा १३२ केभी, भुमई-हाकुई १३२ केभी प्रसारणलाइनलाई पनि आगामी आवमै सम्पन्न गर्ने गरी पर्याप्त बजेट प्रस्ताव गरिएको स्रोतको भनाइ छ। यसैगरी, नेपाल-भारत विद्युत् प्रसारण तथा व्याापार आयोजनालाई पनि यसमा समावेश गरिएको छ।

ऊर्जा मन्त्रालयलाई आगामी आवका लागि ४३ अर्बको बजेट सिलिङ दिइएको छ। तर, अर्थ मन्त्रालयसँगकै समन्वयनमा सिलिङ थप गरेर ५० अर्बभन्दा बढीको बजेट प्रस्ताव गरिएको छ।

'अहिले उत्पादन हुने विद्युत्कै लागि प्रचलित प्रसारणलाइनको क्षमताले पुग्ने अवस्था छैन। प्राधिकरणसँग पिपिए गरेकाबाट अबको केही वर्षमा तीन हजार मेगावाटभन्दा बढी विद्युत् थपिँदै छ। त्यो अवस्थामा प्रसारणलाइनको क्षमता बढाउन र निर्माणाधीन अवस्थामा रहेको प्रसारणलाइन बनाउन सकिएन भने विद्युत् खेर जाने अवस्था आउँछ,' स्रोतले भन्यो, 'तसर्थ, ११ प्रसारणलाइनको निर्माण आगामी आवमै सम्पन्न गर्ने गरी पर्याप्त बजेट प्रस्ताव गरेका छौँ। अब अर्थ मन्त्रालयले त्यसमा के-कति बजेट दिन्छ, त्यो हेर्न बाँकी छ।'



बुढीगण्डकीलाई एक अर्ब बजेट प्रस्ताव

निर्माणपूर्वको तयारीमा रहेको राष्ट्रिय गौरवको १२ सय मेगावाटको बुढीगण्डकी जलविद्युत् परियोजनालाई भने एक अर्ब बजेट प्रस्ताव गरिएको छ। यो परियोजनाको निर्माण सन् २०२८ देखि मात्रै सुरु गर्न सकिने देखिएको छ। त्यो अवस्थामा पूर्वतयारीलगायतका कामका लागि आगामी आवलाई एक अर्ब रुपैयाँ बजेट विनियोजन गरिएको स्रोतको भनाइ छ। यो परियोजना सरकारकै ऋण र पुँजी लगानीमा बनाउने तयारी छ।

राष्ट्रिय गौरवका ६ सिँचाइ आयोजना तीन वर्षमा सक्ने गरी बजेट

निर्माणाधीन अवस्थामा रहेको राष्ट्रिय गौरवका ६ आयोजनालाई तीन वर्षभित्र सक्ने गरी बजेट प्रस्ताव गरिएको छ। हाल नेपालमा २७ वटा राष्ट्रिय गौरवका आयोजना छन्। त्यसमा सिँचाइतर्फ सिक्टा, बबई, रानीजमरा कुलरिया, सुनकोसी मरिन डाइभर्सन, महाकाली र भेरी बबई डाइभर्सन बहुउद्देश्यीय गरेर ६ आयोजना छन्। हाल उनीहरूको औसत भौतिक प्रगति ५६ प्रतिशत हाराहारीमा छ। अबको तीन वर्षमा उनीहरूको निर्माण सम्पन्न गर्ने गरी बजेट प्रस्ताव गरिएको छ।

'राष्ट्रिय गौरवका ६ सिँचाइ आयोजनाको काम तीन वर्षमा सक्ने लक्ष्य लिएका छौँ। त्यो लक्ष्य पूरा गर्नका लागि आगामी आवमा कति बजेट चाहिन्छ, त्योअनुसार बजेट प्रस्ताव गरिएको छ,' स्रोतले भन्यो, 'त्यसपछिका वर्षमा पनि सोहीअनुसार बजेट विनियोजन हुनेछ।'

सिँचाइ विभागका अनुसार बबई सिँचाइको ७७.३४ प्रतिशत, महाकाली सिँचाइको २६.६ प्रतिशत, सिक्टा सिँचाइको ४४.७५ प्रतिशत, रानीजमरा कुलरियाको ७४.७६ प्रतिशत, भेरी बबईको ६९ प्रतिशत र सुनकोशी मरिण डाइभर्सनको ३६.८३ प्रतिशत भौतिक प्रगति भएको छ।

लक्ष्मी सन्राइज र ब्रिटिस इन्टरनेसनलबिच अढाई करोड डलरको कर्जा सम्झौता



काठमाडौं/ लक्ष्मी सन्राइज बैंक लिमिटेड र बेलायतको विकास वित्त संस्था तथा प्रभावमुखी लगानीकर्ता ब्रिटिस इन्टरनेसनल इन्भेस्टमेन्टबिच दुई करोड ५० लाख अमेरिकी डलरबराबरको कर्जा सम्झौता भएको छ। नेपालका लघु, साना तथा मझौला उद्यमलाई वित्तीय पहुँच विस्तार गर्नुका साथै महिला उद्यमीलाई प्रोत्साहन गर्ने उद्देश्यले सम्झौता गरिएको बैंकले जनाएको छ।

बैंकका अनुसार, नेपालको जिडिपीमा लघु, साना तथा मझौला उद्यम क्षेत्रको योगदान करिब २२ प्रतिशत छ। यस क्षेत्रले झन्डै २० लाख मानिसलाई रोजगारी प्रदान गरेको छ। तर, विश्व बैंक र नेपाल राष्ट्र बैंकको तथ्यांकअनुसार वित्तीय संस्थाको सीमित पहुँच तथा उद्यमीको आवश्यकता र बैंकिङ प्रक्रियाबिचको असमानताका कारण औपचारिक वित्तीय प्रणालीमार्फत जम्मा १६ प्रतिशत लघु, साना तथा मझौला उद्यमले मात्र कर्जा सुविधा प्राप्त गर्न सकेका छन्।

यस लगानीमार्फत बैंकले लघु, साना तथा मझौला उद्यम क्षेत्रमा दीर्घकालीन कर्जाप्रवाह विस्तार गर्नेछ, जसअन्तर्गत कुल सुविधाको ३० प्रतिशत हिस्सा महिलाको नेतृत्वमा रहेका व्यवसायका लागि लक्षित गर्ने जनाएको छ। यस सहकार्यले वित्तीय पहुँचबाट वञ्चित व्यवसायीलाई पुँजी उपलब्ध गराई रोजगारी सिर्जना, उद्यमशीलता प्रवर्द्धन तथा समावेशी निजी क्षेत्र विकासमा योगदान पुर्‍याउने बैंकको विश्वास छ।

ब्रिटिस इन्टरनेसनल इन्भेस्टमेन्ट यस पहलको संस्थापक सदस्यसमेत हो। बैंकको सुशासन, नेतृत्व, रोजगारी र कर्जा पोर्टफोलियोमा लैंगिक समावेशिताका क्षेत्रमा देखाएको प्रगतिलाई आधार मानी यो मान्यता प्रदान गरिएको हो।

साथै, ब्रिटिस इन्टरनेसनल इन्भेस्टमेन्टको प्राविधिक सहयोग कार्यक्रम 'इन्भेस्ट फर इम्प्याक्ट नेपाल'ले महिला स्वामित्व तथा नेतृत्व भएका व्यवसायलाई सेवा विस्तार गर्न बैंकलाई थप सक्षम बनाउन सहयोग गरेको छ।

एनसेलले पायो आइएसओ ९००१ र १४००१



काठमाडौं/ एनसेलले प्रतिष्ठित आइएसओ ९००१ र १४००१ मान्यता प्राप्त गरेको छ। यी अन्तर्राष्ट्रिय रूपमा मान्यताप्राप्त मापदण्डले कम्पनीको उच्च गुणस्तरीय सेवा प्रदान गर्ने तथा वातावरणीय प्रभावलाई न्यूनतम राख्ने प्रतिबद्धतालाई उजागर गरेको बताइएको छ।

आइएसओ ९००१ गुणस्तर व्यवस्थापन प्रणाली (क्वालिटी म्यानेजमेन्ट सिस्टम)को विश्वव्यापी मानक हो। यसले ग्राहकका आवश्यकता तथा नियामक निकायहरूका प्रावधानहरू पूरा गर्न व्यावसायिक प्रतिष्ठानले आवश्यक प्रक्रिया अपनाउने गरेको सुनिश्चित गर्छ। त्यसैगरी, आइएसओ १४००१ ले वातावरणीय व्यवस्थापन प्रणाली (इन्भाइरन्मेन्टल म्यानेजमेन्ट सिस्टम)को मापदण्ड निर्धारण गर्छ, जसले संस्था तथा व्यवसायलाई उनीहरूको वातावरणप्रतिको जिम्मेवारी, फोहोरमैला व्यवस्थापन र विद्यमान कानुन तथा नियम प्रभावकारी रूपमा पालना गर्न मार्गदर्शन गर्छ।

एनसेलले पुस २०८१ मा आइएसओ २७००१:२०२२ (आइएसएमएस) र आइएसओ २७७०१:२०१९ (पिआइएमएस)को मान्यताप्राप्त गरेको थियो। उक्त प्रमाणीकरण यो वर्ष पनि नवीकरण गरिएको छ। यस्तो प्रमाणीकरण प्राप्त गर्ने एनसेल नेपालको पहिलो दूरसञ्चार सेवाप्रदायक हो। यी दुई प्रमाणीकरणले कम्पनीको उत्कृष्ट सञ्चालन र दिगोपनप्रति एनसेलले ध्यान केन्द्रित गरेको कुरालाई पुष्टि गर्ने बताइएको छ।

एनआइसीद्वारा विद्यालयमा पानीट्यांकी र मोटर जडान



काठमाडौं/ एनआइसी एसिया बैंकले विद्यालयमा पानीट्यांकी र मोटर जडान गरेको छ। बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत वीरेन्द्रनगर-१, धारापानी, सुर्खेतस्थित नेपाल राष्ट्रिय प्राथमिक विद्यालयमा पानीट्यांकी र मोटर जडान गराएको हो। विद्यालयमा खानेपानी व्यवस्थापन, सहज शैक्षिक तथा स्वास्थ्यअनुकूल वातावरण सिर्जना गर्ने उद्देश्यले यो सहयोग गरिएको बैंकका सहायक प्रमुख कार्यकारी अधिकृत जयन्द्र रावलले बताए।

विद्यालयका लागि यस बैंकका कर्णाली सर्कल हेड जीवन शाहीले उक्त विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सुशीला सुनारलाई सहयोग हस्तान्तरण गरेका थिए। उक्त विद्यालयमा एक सय ६७ विद्यार्थीले पठनपाठन गर्दै आएका छन्। कार्यक्रममा वीरेन्द्रनगर नगरपालिका, वडा नम्बर १ का वडा अध्यक्ष दिनेश खत्री, उक्त विद्यालयका व्यवस्थापन समितिका प्रतिनिधि, शिक्षक तथा शिक्षिका, विद्यार्थी र बैंकका कर्मचारीको उपस्थिति थियो।

गरिमा क्यापिटलका कर्मचारीलाई तालिम



काठमाडौं/ गरिमा क्यापिटल लिमिटेडका कर्मचारीलाई सम्पत्ति शुद्धीकरण (एएमएल) तथा आतंकवादमा वित्तीय लगानी निवारण (सिएफटी)सम्बन्धी तालिम दिइएको छ। एएमएल नेपालले गरिमा क्यापिटलका कर्मचारीलाई धितोपत्र बजारकेन्द्रित एकदिने एएमल-सिएफटी तालिम प्रदान गरेको हो।

तालिम कार्यक्रमको मुख्य उद्देश्य धितोपत्र बजार, विशेषगरी मर्चेन्ट बैंकिङ व्यवसायमा एएमल-सिएफटीसम्बन्धी व्यावहारिक ज्ञान, नियामकीय दायित्व तथा अनुपालन क्षमताको अभिवृद्धि गर्नु रहेको बताइएको छ। कार्यक्रममा अन्तर्राष्ट्रिय एएमल-सिएफटी अवधारणा, नेपालको कानुनी तथा नियामकीय व्यवस्था, धितोपत्र बोर्डको निर्देशनअनुसार बजार मध्यस्थकर्ताको भूमिका तथा जिम्मेवारीका साथै मर्चेन्ट बैंकरहरूको व्यावहारिक अनुपालन अपेक्षालगायतका विषयमा विस्तृत प्रस्तुति दिइएको थियो।

तालिमको सहजीकरण श्रीधर अधिकारी र लेखनाथ पोखरेलले गरेका थिए। कार्यक्रममा गरिमा क्यापिटलका कर्मचारीको उत्साहजनक सहभागिता थियो। सहभागीले नेपाली धितोपत्र बजारमा देखिएका वास्तविक अनुपालन चुनौती तथा उत्कृष्ट अभ्यासबारे छलफल गरेका थिए। कार्यक्रमका क्रममा एएमएल नेपालका प्रतिनिधिले नेपालको पुँजी बजारको पारदर्शिता, विश्वसनीयता तथा वित्तीय अपराध नियन्त्रणका लागि प्रभावकारी एएमएल-सिएफटी अनुपालन अपरिहार्य रहेको उल्लेख गरे।

ब्ल्याक प्लस डेकरका जुसर र ब्लेन्डर बजारमा

काठमाडौं/ बढ्दो गर्मीलाई ध्यानमा राख्दै सिजी इलेक्ट्रोनिक्सअन्तर्गतको विश्वप्रसिद्ध ब्रान्ड ब्ल्याक प्लस डेकरले अत्याधुनिक जुस एक्स्ट्र्याक्टर र ब्लेन्डर सार्वजनिक गरेको छ।

कम्पनीका अनुसार अत्यधिक गर्मीको समयमा शरीरलाई डिहाइड्रेसनबाट जोगाउन र ऊर्जावान् राख्न ताजा तथा झोलिलो पेय पदार्थ आवश्यक पर्ने भएकाले उपभोक्ताको स्वास्थ्यलाई ध्यानमा राख्दै यी उपकरण बजारमा ल्याइएको हो।

जुस र स्मुदी तयार गर्न सहज बनाउने उद्देश्यले डिजाइन गरिएका यी उत्पादन समय बचत र प्रयोगमैत्री छन्। कम्पनीको प्रिमियर जुसर जेई८०० बी फाइभ मोडेलमा ८०० वाटको शक्तिशाली मोटर जडान गरिएको छ। यसमा रहेको ७५ एमएमको ठुलो फिडिङ ट्युबमार्फत फलफूललाई स-साना टुक्रा नगरी सिधै राखेर जुस निकाल्न सकिने कम्पनीले जनाएको छ। त्यसैगरी, एसबिएक्स ३०० बी फाइभ पर्सनल स्पोर्टस् ब्लेन्डर विशेषगरी फिटनेसप्रेमी तथा व्यस्त जीवनशैली भएका प्रयोगकर्तालाई लक्षित गरिएको छ। ३०० वाट क्षमताको यस ब्लेन्डरमा रहेको ५०० एमएल ट्राइटन स्पोर्टस् बोतलमै स्मुदी तयार गरेर अफिस वा जिम लैजान सकिने सुविधा छ। परिवारका लागि उपयुक्त हुने बिएक्स ६५० जी-बी फाइभ ब्लेन्डरमा ७०० वाटको हाई-स्पिड मोटर र १.७ लिटर क्षमताको ग्लास जार रहेको कम्पनीले जनाएको छ।



पाँचौं संस्करणको महालक्ष्मी कर्पोरेट क्रिकेट लिग १७ जेठदेखि



काठमाडौं/ महालक्ष्मी विकास बैंकले ३२औं वर्षमा प्रवेश गरेको अवसरमा पाँचौं संस्करणको महालक्ष्मी कर्पोरेट क्रिकेट लिग-२०२६ सञ्चालन गर्ने भएको छ। बैंकले १७ देखि २० जेठसम्म चुनिखेलमा लिग सञ्चालन गर्ने भएको छ। लिग उद्घाटन १७ र समापन तथा पुरस्कार वितरण २२ गते हुने बताइएको छ।

लिगमा बैंक तथा वित्तीय संस्था, बिमा कम्पनीका साथै मर्चेन्ट बैंकहरूको सहभागिता रहनेछ। चार दिनमा कुल ४५ खेल सञ्चालन हुनेछन् भने दुई सय ४० खेलाडीको सहभागिता रहनेछ। उक्त लिगमा नौ वाणिज्य बैंक, सात विकास बैंक, तीन वित्त कम्पनी, एक लघुवित्त कम्पनी, तीन बिमा कम्पनी र एक मर्चेन्ट बैंकको सहभागिता रहने बैंकले जनाएको छ।

मंगलबार आयोजित पूर्वप्रतियोगिता भेटघाट तथा टाइसिट कार्यक्रममा विजेता तथा उपविजेता ट्रफी र टिम जर्सी सार्वजनिक गरिएको छ। सोही कार्यक्रममा टिम कप्तानलाई जर्सीसमेत वितरण गरिएको बताइएको छ।

लिग कम नकआउट ढाँचामा आयोजना हुने प्रतियोगितामा कुल ४५ वटा खेल खेलिनेछन्। सहभागी २४ टोलीलाई ६ वटा समूहमा विभाजन गरिनेछ, जसबाट समूहको उत्कृष्ट एक टिम सुपर सिक्समा प्रवेश गर्नेछन्। खेल १० ओभर प्रतिइनिङ्सको हुनेछ।

प्रतियोगिताको विजेता, उपविजेता टिम, म्यान अफ द सिरिज, बेस्ट बलर, बेस्ट ब्याट्सम्यान, बेस्ट विकेट किपर, बेस्ट फिल्डर, फेयर प्ले अवार्डलगायत विभिन्न विधाका उत्कृष्ट खेलाडीलाई पुरस्कार प्रदान गरिने बताइएको छ। प्रतियोगिताको सम्पूर्ण खेल प्रसारण बैंकको आधिकारिक सामाजिक सञ्जालमार्फत प्रत्यक्ष प्रसारण हुनेछन्।

रेडमी प्याड २ सार्वजनिक



काठमाडौं/ ग्लोबल टेक्नोलोजी कम्पनी साओमीले रेडमी प्याड २ ९.७ सार्वजनिक गरेको छ। यो प्याडले शक्तिशाली अक्टा-कोर प्रोसेसरसहित सिमलेस इन्टरकनेक्टिभिटी र प्रिमियम ६ ट्याबलेट अनुभव प्रदान गर्ने कम्पनीले जनाएको छ। ग्राफाइट ग्रे र सिल्भर रङमा उपलब्ध हुने रेडमीका प्याडको पहिलो आकर्षण यसको युनिबडी मेटल कन्स्ट्रक्सन हो, जसले टिकाउपन दिन्छ। त्यसैगरी, यसको १२० हर्जको रिफ्रेस रेट र ९.७ इन्चको टु-के क्रिस्टल क्लियर डिस्प्लेले अल्ट्रा स्मुथ भिजुअल, डिटेल र फास्ट रेस्पोन्सिभनेस प्रदान गर्छ। आठ मेगापिक्सल रियर क्यामेरा तथा पाँच मेगापिक्सल फ्रन्ट क्यामेरासहित यसले हरेक सटमा फोटोको गुणस्तर कायम गर्दै कडा र सूक्ष्म तस्बिर निकाल्छ। त्यसैगरी, म्युजिक तथा भिडियो हेर्न/सुन्नका लागि हाई रिजोलुसन अडियो दिने इमर्सिभ स्टेरियो स्पिकर्स र ३.५ एमएमको हेडफोन ज्याक छन्। कम्पनीले यसको मूल्य ४/१२ भेरिएन्टमा २५ हजार ९९९ रुपैयाँ तोकेको छ।

सिटिजन्स म्युचुअल फण्ड
अन्तर्गत सञ्चालित

सिटिजन्स सन्तुलित योजना

धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डबाट २०८२/०८/०९ मा योजना संचालन अनुमती प्राप्त २०८२/१०/०४ देखि २०९२/१०/०३ सम्म अवधि भएको १० वर्षे योजना

२०८३ बैशाख मसान्तको अपरिष्कृत वित्तीय विवरण

खुद सम्पत्ति मूल्य सम्बन्धी विवरण

विवरण	२०८३ बैशाख मसान्तको खुद सम्पत्ति मूल्य रु.	२०८२ चैत्र मसान्तको खुद सम्पत्ति मूल्य रु.
क. धितोपत्रमा तथा अन्य लगानी		
१. सूचिकृत धितोपत्र	९९८,९२१,९८७	७७५,४१४,४३२
२. सूचिकृत हुन बाँकी धितोपत्र	४,०४९,४७५	५,३३४,५९९
३. ऋणपत्र/बण्ड	२४०,४४८	२४१,४९२
४. मुद्दती निक्षेप	-	-
जम्मा (क)	१,००३,२११,९१०	७८०,९९०,५२२
ख. चालु सम्पत्ति		
बैंक मौज्दात	२००,०३६,८८३	४६७,४७६,८२७
अन्य सम्पत्ति	५४,३४१,५६६	६४,०७७,४३७
जम्मा (ख)	२५४,३७८,४४९	५३१,५५४,२६४
ग. चालु दायित्व		
अन्य दायित्व	२८,९३०,१५०	५५,०९०,५४२
जम्मा (ग)	२८,९३०,१५०	५५,०९०,५४२
कुल सम्पत्ति (क) + (ख) – (ग)	१,२२८,६६०,२१०	१,२५७,४५४,२४५
न्युन: भुक्तानी हुन बाँकी व्यवस्थापन शुल्क		
योजना व्यवस्थापन तथा डिपोजिटरी शुल्क	१,७७३,९८३	४,९३१,९११
कोष सुपरिवेक्षक शुल्क	-	१५३,०००
खुद सम्पत्ति	१,२२६,८८६,२२७	१,२५२,३६९,३३४
जम्मा जारी इकाई संख्या	१२५,०००,०००	१२५,०००,०००
प्रति इकाई खुद सम्पत्ति मूल्य	९।८२	१०।०२

२०८३ बैशाखसम्मको आय व्यय विवरण

विवरण	२०८३ बैशाख मसान्त सम्मको रु.	२०८२ चैत्र मसान्त सम्मको रु.
आय		
प्राप्त भईसकेको आम्दानी/(नोक्सानी)	(१७३,७८९)	५,३१८,०३९
प्राप्त भईनसकेको आम्दानी/(नोक्सानी)	(१०,३५१,३१७)	७,७८२,५१७
जम्मा आय (क)	(१०,५२५,१०६)	१३,१००,५५६
व्यय		
पूर्व संचालन खर्च	५,४१४,१८७	५,३२९,४८१
सूचना प्रकाशन तथा अन्य प्रशासनिक खर्च	२८,८७९	८८,८९५
बैंक शुल्क	८१८	६४०
स्टक एक्सचेञ्ज वार्षिक शुल्क	३२,५००	२४,१६७
योजना व्यवस्थापन तथा डिपोजिटरी शुल्क	६,७८०,८३३	५,००७,०१४
कोष सुपरिवेक्षक शुल्क	१८०,०००	१८०,०००
सिडिएससी वार्षिक शुल्क	७८,०००	६५,५००
योजना लेखापरीक्षण शुल्क	७३,४५०	३५,५२५
जम्मा खर्च (ख)	१२,५८८,६६७	१०,७३१,२२२
कुल आय/(व्यय) (क)–(ख)	(२३,११३,७७३)	२,३६९,३३४

नोट:
क. सामूहिक लगानी कोष नियमावली, २०६७ तथा सामूहिक लगानी कोष निर्देशिका, २०६९ को अधिनमा रही योजना व्यवस्थापकले अवलम्बन गरेको मूल्यांकन नीति बमोजिम योजनाको लगानीको गणना गरिएको छ।
ख. सूचिकृत तथा सूचिकृत नभएको शेयर तथा ऋणपत्र समेत गरी योजनाले २०८३ बैशाख मसान्तसम्म गरेका लगानीको परल मूल्य (धितोपत्र दलाल कमिशन तथा कारोवार शुल्क समेत) रु.१,०१३,५६३,२२७/- रहेको छ।
ग. योजनाको साप्ताहिक प्रति इकाई खुद सम्पत्ति मूल्य योजना व्यवस्थापकको वेभ साइट www.citizenscapital.com.np मा सार्वजनिक गरिएको छ।
घ. अपरिष्कृत वित्तीय विवरणमा पेश भएका विवरण नियमन निकायले निर्देशन गरेको खण्डमा निर्देशन गरिए बमोजिम परिवर्तन हुन सक्नेछ।
योजनाले अवलम्बन गरेको मूल्यांकन नीति बमोजिम योजनाको लगानी मूल्यांकन गरी कोष सुपरिवेक्षकको मिति २०८३ जेष्ठ १३ को बैठकद्वारा स्विकृती प्रदान गरिएको छ।

२०८३ बैशाख मसान्तको लगानी विवरण

क्र.सं.	लगानी	संख्या (कित्ता)	बजार मूल्य (रु)
	सूचिकृत धितोपत्रमा लगानी		
क	वाणिज्य बैंक	६५१,९९३	२२५,५९१,४३८
	हिमालयन बैंक लिमिटेड	१२१,३१७	२४,७१२,२७३
	एभरेष्ट बैंक लिमिटेड	६७,३५१	४७,३४७,७५३
	सानिमा बैंक लिमिटेड	९०,६७८	३२,९६१,४५३
	माछापुच्छ्रे बैंक लिमिटेड	८४,०००	२०,८३२,०००
	नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड	१४८,२१९	२९,३०२,८९६
	प्राइम कमर्सियल बैंक लिमिटेड	५२,४७१	१२,५०३,८३९
	सिद्धार्थ बैंक लिमिटेड	८२,११४	३२,२७०,८०२
	स्ट्याण्डर्ड चार्टर्ड बैंक लिमिटेड	४५,८४३	२९,६६०,४२१
ख	विकास बैंक	१८५,७६५	९०,३३०,७४०
	नारायणी डेभलपमेन्ट बैंक लिमिटेड	१९,३००	१८,१४२,०००
	कामना सेवा विकास बैंक लिमिटेड	५०,०००	२४,१००,०००
	शाइन रेशम्मा डेभलपमेन्ट बैंक लिमिटेड	४८,८४७	२०,०२७,२७०
	गरिमा विकास बैंक लिमिटेड	६७,६१८	२८,०६१,४७०
ग	हाइड्रोपावर कम्पनी	६१८,५४३	२७८,४८५,११५
	ग्रिन भेन्चर्स लिमिटेड	६०,५२९	२९,४४१,३०६
	अपि पावर कम्पनी लिमिटेड	७६,५००	२६,६२२,०००
	आँखुखोला जलविद्युत कम्पनी लिमिटेड	१,५००	५२८,६००
	घलेम्दी हाइड्रो लिमिटेड	२०,०००	४,६९६,०००
	कालिका पावर कम्पनी लिमिटेड	४,८००	२,३४९,१२०
	डादी ग्रुप पावर लिमिटेड	१८,०००	८,०२८,०००
	पञ्चकन्या माई हाइड्रोपावर लिमिटेड	२६,८५१	८,९८९,७१५
	शिखर पावर डेभलपमेन्ट लिमिटेड	२,१०९	१,६८०,८७३
	सुर्यकुण्ड हाईड्रो इलेक्ट्रिक लिमिटेड	६९०	८६८,०२०
	लिवर्टी इनर्जी कम्पनी लिमिटेड	१५,४५४	३,४५८,६०५
	सुपर खुदी हाईड्रोपावर लिमिटेड	१,५५०	१,३७०,२००
	दरम खोला हाइड्रो इनर्जी लिमिटेड	१३,७६३	८,०९२,६४४
	माउन्टेन इनर्जी नेपाल लिमिटेड	८८,०७२	५३,३७१,६३२
	माबिलुङ इनर्जी लिमिटेड दरमखोला	७,२९४	४,७४८,३९४
	सानिमा माई हाइड्रोपावर लिमिटेड	२३,०४०	११,९८०,८००
	रिज लाइन इनर्जी लिमिटेड	१,४२१	१,४२६,६८४
	नेपाल हाइड्रो डेभलपर लिमिटेड	७,१६२	४,५७६,५१८
	शिव श्री हाइड्रोपावर लिमिटेड	६०,०००	१२,७८०,०००
	राधि विद्युत कम्पनी लिमिटेड	३०,२१८	२२,९२९,४१८
	सिंगटि हाइड्रो इनर्जी लिमिटेड	१००,२६८	३०,९८२,८१२
	साहस उर्जा लिमिटेड	५९,३२२	३९,५६७,७७४
घ	जीवन बिमा कम्पनी	१६८,२५१	८२,८६२,६३२
	एशियन लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड	४१,२३२	१८,७२७,५७४
	नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड	६१,१८३	३५,९५७,२४९
	सुर्यज्योती लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड	६५,८३६	२८,१७७,८०८
ङ	निर्जीवन बिमा कम्पनी	१,१८०	१,१८०,०००
	नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेड	१,१८०	१,१८०,०००
च	लघुवित्त वित्तीय संस्था	१६०,९९८	१४१,५१२,१२७
	स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड	३७,९३४	३०,९५७,९३७
	नेशनल लघुवित्त वित्तीय संस्था लिमिटेड	१५,८१२	१७,७०९,४४०
	इन्फिनिटी लघुवित्त वित्तीय संस्था लिमिटेड	७,६५२	७,१५४,६२०
	साना किसान लघुवित्त वित्तीय संस्था लिमिटेड	३४,७८०	२६,६०६,७००
	छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड	६४,८२०	५९,०८३,४३०
छ	वित्तीय संस्था	८,८११	६,९८७,१२३
	मञ्जुश्री फाइनान्स लिमिटेड	८,८११	६,९८७,१२३
ज	लगानी	२९,२०७	३३,८५५,०३१
	नागरिक लगानी कोष	८,२१९	१४,५२२,९७३
	सिईडिबि होल्डिङ्स लिमिटेड	१,८४६	४,१८८,५७४
	हाइड्रोईलेक्ट्रीसिटी इनभेष्टमेण्ट एण्ड डेभलपमेन्ट कम्पनी लि.	१०,०००	२,६७३,०००
	एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लिमिटेड	९,१४२	१२,५१४,४८४
झ	उत्पादन तथा प्रशोधन	११३,९५९	९३,८७२,०६५
	शिवम् सिमेन्ट्स लिमिटेड	४९,७००	३३,५४७,५००
	सर्वोत्तम सिमेन्ट लिमिटेड	३८,८२१	३२,५७०,८१९
	पाल्पा सिमेन्ट लिमिटेड	५,३४४	४,५०४,९९२
	हिमालयन डिष्टिलरी लिमिटेड	२०,०९४	२३,२४८,७५८
ञ	होटल्स एण्ड टुरिजम	८०,१७४	४०,१९७,७१३
	सोल्टी होटल लिमिटेड	७९,२६४	३९,४४९,६९३
	कालिन्चोक दर्शन लिमिटेड	९१०	७४८,०२०
	कुल	२,०५८,८८१	९९८,९२१,९८७

कोष प्रवर्द्धक: Citizens Bank International Ltd. सिटिजन्स बैंक इन्टरनेशनल लि. YOUR PARTNER FOR PROGRESS (नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्र प्राप्त संस्था) नारायणहिटीपथ, दरबारमार्ग, काठमाडौं फोन नं. ९७७-१-४५२७८४२ फ्याक्स नं. ९७७-१-४५२७०४४ इमेलः info@ctznbank.com वेभसाइटः www.ctznbank.com

योजना व्यवस्थापक/डिपोजिटरी: Citizens Capital Ltd. सिटिजन्स क्यापिटल लिमिटेड (A Subsidiary Of Citizens Bank International Ltd.) बाटुलेचर, डिल्लीबजार, काठमाडौं, नेपाल फोनः ४५१७७२३/४५१७७५७ इमेलः info@cbilcapital.com वेभसाइटः www.cbilcapital.com

सिटिजन्स म्युचुअल फण्ड
अन्तर्गत संचालित

सिटिजन्स म्युचुअल फण्ड - २

धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डबाट २०७६/०१/०६ मा योजना संचालन अनुमति प्राप्त २०७६/०३/२२ देखि २०८३/०३/२१ सम्म अवधि भएको ७ वर्षे योजना

२०८३ बैशाख मसान्तको अपरिष्कृत वित्तीय विवरण

खुद सम्पत्ति मूल्य सम्बन्धी विवरण

विवरण	२०८३ बैशाख मसान्तको खुद सम्पत्ति मूल्य रु.	२०८२ चैत्र मसान्तको खुद सम्पत्ति मूल्य रु.
क. धितोपत्र तथा अन्य लगानी		
१. सूचिकृत धितोपत्र	४६१,८८३,५१९	४६५,९७६,२५८
२. सूचिकृत हुन बाँकी धितोपत्र	१,९१८,२४४	२,५२७,१६५
३. ऋणपत्र/बण्ड	-	-
४. मुद्दती निक्षेप	-	-
जम्मा (क)	४६३,८०१,७६३	४६८,५०३,४२३
ख. चालु सम्पत्ति		
बैंक मौज्दात	७४,२९३,३७१	११६,२२०,३१८
अन्य सम्पत्ति	३६,३७८,०७५	७,७९१,६४०
जम्मा (ख)	११०,६७१,४४६	१२४,०११,९५८
ग. चालु दायित्व		
अन्य दायित्व	८१७,६६८	८३२,२४९
जम्मा (ग)	८१७,६६८	८३२,२४९
कुल सम्पत्ति (क)+(ख)-(ग)	५७३,६५५,५४२	५९१,६८३,१३२
न्युन : भुक्तानी हुन बाँकी व्यवस्थापन शुल्क		
योजना व्यवस्थापन तथा डिपोजिटरी शुल्क	८२८,२४०	२,४४५,१०५
कोष सुपरिवेक्षक शुल्क	१७,०००	५६,३१३
खुद सम्पत्ति	५७२,८१०,३०२	५८९,१८१,७१५
जम्मा जारी इकाई संख्या	५६,०००,०००	५६,०००,०००
प्रति इकाई खुद सम्पत्ति मूल्य	१०।२३	१०।५२

२०८३ बैशाख मसान्त सम्मको आय व्यय विवरण

विवरण	२०८३ बैशाख मसान्त सम्मको रु.	२०८२ चैत्र मसान्त सम्मको रु.
आय		
प्राप्त भईसकेको आम्दानी/(नोक्सानी)	(२,४१४,४६६)	(१०,०८३,३२२)
प्राप्त भईनसकेको आम्दानी/(नोक्सानी)	३,४५२,७९९	२६,६०४,०११
जम्मा आय (क)	१,०३८,३३३	१६,५२०,६८९
व्यय		
सूचना प्रकाशन तथा अन्य प्रशासनिक खर्च	२०३,८१५	१८९,१२५
बैंक शुल्क	२,२८८	२,११७
स्टक एक्सचेञ्ज वार्षिक शुल्क	४१,३७०	३७,१२४
योजना व्यवस्थापन तथा डिपोजिटरी शुल्क	८,०५१,५४०	७,२२३,३००
कोष सुपरिवेक्षक शुल्क	२४३,७५०	२२३,७५०
योजना लेखा परीक्षण शुल्क	११२,१९६	१००,६७९
सिडिएससी वार्षिक शुल्क	९९,२८६	८९,०९५
जम्मा खर्च (ख)	८,७५४,२४६	७,८६५,१९०
कुल आय/(व्यय) (क)-(ख)	(७,७१५,९१३)	८,६५५,४९९

२०८३ बैशाख मसान्तको लगानी विवरण

क्र.सं.	लगानी	संख्या (कित्ता)	बजार मूल्य रु.
	सूचिकृत धितोपत्रमा लगानी		
क.	वाणिज्य बैंक	३०२,९८८	९९,८२६,३५१
	ग्लोबल आ.ई.एम.ई बैंक लिमिटेड	४७,५००	११,१६२,५००
	हिमालयन बैंक लिमिटेड	७५,०००	१५,२७७,५००
	नेपाल बैंक लिमिटेड	१५,०००	३,९६०,०००
	एभरेष्ट बैंक लिमिटेड	३३,३२९	२३,४३०,२८७
	प्राईम कर्मशियल बैंक लिमिटेड	७९,७५८	१९,००६,३३१
	स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड	२८,०१४	१८,१२५,०५८
	सानिमा बैंक लिमिटेड	२४,३८७	८,८६४,६७५
ख.	विकास बैंक	८०,८४८	४६,७२९,०१३
	नारायणी डेभलपमेन्ट बैंक लिमिटेड	२१,५००	२०,२१०,०००
	गरिमा विकास बैंक लिमिटेड	२९,५४१	१२,२५९,५१५
	सालपा विकास बैंक लिमिटेड	१,३१६	१,६०६,८३६
	शाइन रेसुङ्गा डेभलपमेन्ट बैंक लिमिटेड	१५,०००	६,१५०,०००
	कामना सेवा विकास बैंक लिमिटेड	१३,४९१	६,५०२,६६२
ग.	वित्तीय संस्था	८,०८०	५,१९७,४००
	गुहेश्वरी मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लिमिटेड	३,५८०	१,६२८,९००
	मन्जुश्री फाइनान्स लिमिटेड	४,५००	३,५६८,५००
घ.	लघुवित्त वित्तीय संस्था	११३,२०३	१०२,२३०,८९०
	छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड	४५,५२३	४१,४९४,२१५
	मातृभुमि लघुवित्त वित्तीय संस्था लिमिटेड	७,५०४	६,७०८,५७६
	साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड	७,१५७	५,४७५,१०५
	लक्ष्मी लघुवित्त वित्तीय संस्था लिमिटेड	२०,०००	१९,०८०,०००
	स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेड	१,००१	७४०,७४०
	स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड	१०,१३१	८,२६७,९०९
	इन्फिनिटी लघुवित्त वित्तीय संस्था लिमिटेड	२१,८८७	२०,४६४,३४५
ङ.	हाइड्रोपावर कम्पनी	१८०,००८	८८,३५४,६००
	ग्रीन भेन्चर्स लिमिटेड	१२,५५०	६,१०४,३२०
	सोलु हाइड्रोपावर लिमिटेड	७,६३१	५,२८०,६५२
	भुजुङ्ग हाइड्रोपावर लिमिटेड	७३७	६७६,७८७
	सूर्यकुण्ड हाइड्रो इलेक्ट्रिक लिमिटेड	३२७	४११,३६६
	रिज लाइन इनर्जी लिमिटेड	६७४	६७६,६९६
	सुपर खुदी हाइड्रोपावर लिमिटेड	७३४	६४८,८५६
	शिखर पावर डेभलपमेन्ट लिमिटेड	९९९	७९६,२०३
	साहस उर्जा लिमिटेडत	१९,९९६	१३,३३७,३३२
	हिमाल दोलखा हाइड्रोपावर कम्पनी लिमिटेड	१०,०००	२,२१०,०००
	आखुखोला जलविद्युत कम्पनी लिमिटेड	११,०००	३,८७६,४००
	सिंगटि हाइड्रो इनर्जी लिमिटेड	७,०००	२,१६३,०००
	शिव श्री हाइड्रोपावर लिमिटेड	१५,०००	३,१९५,०००
	श्वेत-गंगा हाइड्रोपावर एण्ड कन्स्ट्रक्सन लिमिटेड	३,०००	१,०८२,१००
	युनिभर्सल पावर कम्पनी लिमिटेड	९,०००	३,३३०,०००
	युनियन हाइड्रोपावर लिमिटेड	३०,०००	१६,०२०,०००
	युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड	५१,३६०	२८,५४५,८८८
च.	जीवन बिमा कम्पनी	४२,७११	२२,४४०,०३६
	नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड	२४,१०३	१४,१६५,३३३
	सूर्यज्योति लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड	५,०००	२,१४०,०००
	एशियन लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड	४,७५२	२,१५८,३५८
	सन नेपाल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड	८,८५६	३,९७६,३४४
छ.	निर्जीवन बिमा कम्पनी	३,१४७	१,९२३,७६१
	नेको इन्स्योरेन्स कम्पनी लिमिटेड	३,१४७	१,९२३,७६१
ज.	होटल्स एण्ड टुरिजम	३३,९३७	१९,८५७,१२२
	होटल फरेष्ट इन लिमिटेड	२,९४७	२,८५५,३४८
	चन्द्रागिरि हिल्स लिमिटेड	५,२३४	४,१८३,०१३
	सोल्टी होटल लिमिटेड	२५,७५६	१२,८१८,७६१
झ.	उत्पादन तथा प्रशोधन	२६,५९५	२७,४१०,४२१
	श्रीनगर एग्रीटेक इन्डष्ट्रिज लिमिटेड	८६७	१,००१,३८५
	हिमालयन डिष्टिलरी लिमिटेड	५,०००	५,७८५,०००
	पाल्पा सिमेन्ट लिमिटेड	२,५३१	२,१३३,६३३
	सर्वोत्तम सिमेन्ट लिमिटेड	१६,५९७	१३,९२४,८८३
	बोटलर्स नेपाल लिमिटेड	२४०	३,६४७,५२०
	शिवम् सिमेन्ट्स लिमिटेड	१,३६०	९१८,०००
ञ.	अन्य	९,१००	८,०९९,०००
	नेपाल रिइन्स्योरेन्स कम्पनी लिमिटेड	९,१००	८,०९९,०००
ट.	लगानी	३,८९९	६,८८९,५३३
	नागरिक लगानी कोष	३,८९९	६,८८९,५३३
ठ.	सामूहिक लगानी कोष	३,३४७,९५२	३२,९२५,३९२
	एनआइबिएल समृद्धि फण्ड २	२००,३००	१,८६२,७९०
	एनआईबिएल ग्रोथ फण्ड	७५९,५५०	७,१०१,७९३
	एनआईबिएल स्टेबल फण्ड	६७९,५०२	६,४०७,७०४
	एनएमबि हाईब्रिड फण्ड एल २	५००,०००	४,८९०,०००
	प्रभु स्मार्ट फण्ड	१२८,४००	१,६५५,०७६
	रिलायबल समृद्धि योजना	२४९,१००	२,५८०,६७६
	सनराईज फोकस्ड इक्विटी फण्ड	८३१,१००	८,४२७,३५४
	कुल	४,१५२,४६८	४६१,८८३,५१९

नोट :
क. सामूहिक लगानी कोष नियमावली, २०६७ तथा सामूहिक लगानी कोष निर्देशिका, २०६९ को अधिनमा रही योजना व्यवस्थापकले अवलम्बन गरेको मूल्यांकन नीति बमोजिम योजनाको लगानीको गणना गरिएको छ।
ख. सूचिकृत तथा सूचिकृत नभएको शेयर तथा ऋणपत्र समेत गरी योजनाले २०८३ बैशाख मसान्तसम्म गरेका लगानीको परल मूल्य (धितोपत्र दलाल कमिशन तथा कारोवार शूल्क समेत) रु. ४६०,३४८,९६४ रहेको छ।
ग. योजनाको साप्ताहिक प्रति इकाई खुद सम्पति मूल्य तथा मासिक विवरण योजना व्यवस्थापकको वेभ साइट www.citizenscapital.com.np मा सार्वजनिक गरिएको छ।
घ. अपरिष्कृत वित्तीय विवरणमा पेश भएका विवरण नियमन निकायले निर्देशन गरेको खण्डमा निर्देशन गरिए बमोजिम परिवर्तन हुन सक्नेछ।

योजनाले अवलम्बन गरेको मूल्यांकन नीति बमोजिम योजनाको लगानी मूल्यांकन गरी कोष सुपरिवेक्षकको मिति २०८३ जेष्ठ १३ को बैठकद्वारा स्विकृती प्रदान गरिएको छ।

कोष प्रवर्द्धक: Citizens Bank International Ltd. सिटिजन्स बैंक इन्टरनेशनल लि. YOUR PARTNER FOR PROGRESS (नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्र प्राप्त संस्था) नारायणहिटी पथ, काठमाडौं, नेपाल, फोनः ९७७ १ ४५२७८४२/४३/२४, फ्याक्सः ९७७ १ ४५२७०४४ इमेलः info@ctznbank.com, वेभसाइटः www.ctznbank.com

योजना व्यवस्थापक/निष्काशन तथा बिक्री प्रबन्धकः Citizens Capital Ltd. (Formerly known as CBIL Capital Ltd.) A Subsidiary of Citizens Bank International Ltd. Spreading Prosperity, Enriching Lives बाटुलेचर, डिल्लीबजार, काठमाडौं, नेपाल फोन नं: ०१-४५२१२३५, ४५१७७५७, ४५१७७२३ E-mail: info@citizenscapital.com.np, Website: www.citizenscapital.com.np

का.नि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.नं. १७/०६९/०७०

नयाँ पत्रिका

फुटबल विश्वकपमा फेरिएका नियम

विश्वकपलाई रोमाञ्चक र प्रतिस्पर्धात्मक बनाउन फिफाले बनाएको नयाँ नियमले खेलाडीदेखि रेफ्रीसम्मलाई सुविधा

एजेन्सी

अमेरिका, मेक्सिको र क्यानडाले संयुक्त रूपमा आयोजना गर्ने फिफा विश्वकप फुटबल प्रतियोगिता, २०२६ सुरु हुन अब १४ दिन मात्र बाँकी छ। विश्वकपमा ४८ राष्ट्रले भाग लिँदै छन्। विश्वकपलाई रोमाञ्चक र प्रतिस्पर्धात्मक बनाउन फिफाले यसपटकदेखि केही नियम परिवर्तन गर्ने भएको छ। द इन्टरनेसनल फुटबल एसोसिएसन बोर्ड (आइएफएबी) र फिफा खेललाई पारदर्शी बनाउने ती नियम लागू गर्ने योजनामा छन्। अब खेलमा हुने ढिलासुस्ती हटाउन र मैदानभित्र अनुशासन कायम राख्न खेलाडीले शतप्रतिशत नियम पालना गर्नुपर्नेछ।

१ जुन २०२६ पूर्ण रूपमा लागू हुने फिफाले जनाएको छ। १९७० को विश्वकपमा पहँलो र रातो कार्ड देखाउन थालिएको थियो। २०१८ विश्वकपलाई प्राविधिक रूपमा बलियो बनाउन भिडियो असिस्टेन्ट रेफ्री (भार) प्रयोग गरियो। २०२२ को कतार विश्वकपमा अतिरिक्त समयलाई वास्तविक खेल समयअनुसार लम्ब्याउने अभ्यास भएको थियो। प्रत्येक विश्वकपमा फिफाले नियम परिवर्तन गरिरहेको छ। यसपटक पनि फिफाले केही नियम परिवर्तन गरेको छ।

पहिलो चरणमा पाएको पहँलो कार्ड अर्को चरणमा गणना नहुने

फिफाले नियम परिवर्तन लागेकोमध्ये कार्ड प्रमुख मानिएको छ। यसअघि पहँलो कार्डका कारण प्रमुख खेलाडीले महत्त्वपूर्ण खेल गुमाउने गरेका थिए। एउटा पहँलो कार्ड समूह चरणमा र अर्को क्वार्टरफाइनलमा पाएका खेलाडीले सेमिफाइनल गुमाउनुपर्ने हुन्थ्यो। अब फिफाले यो नियम परिवर्तन गर्ने योजना बनाएको छ। समूह चरणपछि सबै पहँलो कार्ड 'शून्य' हुनेछ। क्वार्टरफाइनल सकिएपछि फेरि सबै पहँलो कार्ड 'शून्य' हुनेछ। सेमिफाइनल पुग्नका लागि चार टोलीले पहिलेभन्दा धेरै खेल खेल्नुपर्ने हुन्छ। धेरै खेल खेल्दा दुईवटा पहँलो कार्ड पाउने र मुख्य खेलाडीले सेमिफाइनल वा फाइनलजस्ता ठुला खेल गुमाउने सम्भावना उत्तिकै हुन्छ। नियम परिवर्तन भए पनि दुईवटा पहँलो कार्ड खाँदा एक खेलको प्रतिबन्ध लाग्ने नियम यथावत् रहेको छ। तर, त्यो कार्ड निश्चित समयभित्रै पाएको हुनुपर्नेछ। कुनै खेलाडीले समूह चरणका तीनमध्ये दुई खेलमा पहँलो कार्ड व्यहोरे उसले अर्को खेल गुमाउनेछ। तर, समूह चरणमा एउटा मात्र कार्ड छ भने अर्को चरणमा त्यो गणना हुँदैन।

खेलाडीलाई मैदानबाहिर निस्कन १० सेकेन्ड

खेलका दौरान खेलाडी परिवर्तन गर्नु फुटबलको एक प्रमुख हिस्सा हो। मैदानबाट बाहिरिने क्रममा खेलाडीले समय खेर फाल्ने गर्छन्। फिफाको नयाँ नियमअनुसार अब यस्तो रणनीतिका साथ मैदानबाहिर जाने खेलाडी पनि कारबाहीमा पर्न सक्छन्। फिफाले मैदानबाहिर निस्कने खेलाडीलाई धेरैमा १० सेकेन्डभित्र मैदानको चार कुनामा लेखिएको रेखा पार गर्नुपर्ने जनाएको छ। तोकिएको समयभन्दा ढिलो गरे उनको स्थानमा भित्र प्रवेश गर्ने खेलाडी तत्काल प्रवेश गर्न सक्दैनन्। ती खेलाडीले एक मिनेटको 'पेनाल्टी वेट'पछि मात्र खेलमा सहभागी हुन पाउनेछन्। मैदानभित्र हुने चोटपटकको उपचारका लागि पनि नयाँ नियम बनाइएको छ। मैदानभित्र उपचार गराउने खेलाडीले कम्तीमा एक मिनेट बाहिरै बस्नुपर्नेछ। खेल सुरु भएको एक मिनेटपछि मात्र उनी खेलाडी मैदान प्रवेश गर्ने नियम बनाइएको छ।

तीन मिनेटको हाइड्रेसन ब्रेक

फिफाको नयाँ नियमअनुसार अब प्रत्येक मध्यान्तरमा अनिवार्य रूपमा तीन मिनेटको 'हाइड्रेसन ब्रेक' लागू हुनेछ।



अत्यधिक गर्मी मौसममा मात्र नभएर अब यो सबै सिजनमा हुनेछ। फिफाले खेलाडीको सुझावका आधारमा यस्तो व्यवस्था गरिएको हो।
सन् २०२२ को कतार विश्वकपमा अत्यधिक गर्मी हुँदा खेलाडीले 'कुलिङ ब्रेक' पाएका थिए। त्यसपछि फिफाले अत्यधिक गर्मी हुने स्थानमा हुने खेल दौरान कुलिङ ब्रेक लागू गरेको थियो। विश्वकप तीन स्थानमा सञ्चालन हुँदा त्यहाँका मौसम फरक हुनेछन्। खेलाडीलाई गर्मीबाट प्रतिरक्षा र आराम दिन हाइड्रेसन ब्रेक व्यवस्था फिफाले गरेको हो। 'अब मौसम र तापक्रमको स्थिति हेर्नुपरेन, रेफ्रीले सबै खेलमा विश्रामको समय दिनेछ,' फिफाले भनेको छ।

कर्नर र दोस्रो पहँलो कार्डमा पनि 'भार' प्रयोग

कतार विश्वकपसम्म पनि मुख्य रेफ्रीले गोल, पेनाल्टी र सिधै रातो कार्डका निर्णय गर्ने क्रममा भिडियो असिस्टेन्ट रेफ्री (भार) हेर्थे। आगामी विश्वकपमा कर्नर र दोस्रो पहँलो कार्डमा पनि भार प्रयोग हुने छ। मैदानमा आफूले गरेका गलत निर्णय तत्काल सच्याउन सकिने व्यवस्था भए पनि खेलको गति ढिलो नहुने दाबी फिफाको छ।

समय खेर फाल्दा पाँच सेकेन्डको 'अल्टिमेटम'

पहिला मैदानमा खेलाडीले जानीजानी समय खेर फाल्थे। अब विश्वकपमा उनीहरूले यस्तो गर्न मिल्दैन। नयाँ नियमअनुसार, 'थ्रो-इन' वा 'गोल किक' लिँदा रेफ्रीले पाँच सेकेन्डको 'भिजुअल' काउन्टडाउन सुरु गर्नेछन्। यस समयभित्र खेल सुरु नभए थ्रो-इन विपक्षी टोलीलाई दिइनेछ। गोल किकको बदलामा विपक्षीले सिधै कर्नर किक पाउनेछ। यसैगरी गोलरक्षकले आठ सेकेन्डभन्दा बढी समय हातमा बल होल्ड गरे विपक्षी टोलीले कर्नर किक पाउनेछ।

निर्णय विरोध गर्दा रातो कार्ड

फिफाको नयाँ नियमअनुसार खेल सञ्चालन गर्ने रेफ्रीलाई बलियो बनाइएको छ। रेफ्रीको निर्णयको विरोधमा मैदान छाड्ने खेलाडी वा टोलीलाई पनि सिधै रातो कार्डको व्यवस्था गरिएको छ। यसअघि विवाद हुँदा रेफ्रीले कतिपय अवस्थामा लचिलो हुँदै रातो कार्डको स्थानमा चेतावनीस्वरूप पहँलो कार्ड दिन्थे। अब रेफ्रीले यस्तो घटनामा विनासंकोच रातो कार्ड दिन सक्ने व्यवस्था गरिएको छ। विगतका केही विवादित घटनालाई आधार मानेर यस्तो कडाइ गरिएको फिफाले जनाएको छ।

आपत्तिजनक गतिविधिमा पनि रातो कार्ड

अक्सर फुटबलम कडा प्रतिद्वन्द्वीबिच विवाद हुने गर्छ। खेलाडीहरू मैदानमै घम्साघम्सी गर्छन्। यस्तो किसिमको गतिविधि रोक्न फिफाले कडा नियम बनाएको छ। अब खेलाडीले विवाद वा संवादका क्रममा मुख छोपेमा सिधै रातो कार्ड पाउनेछ। यस्तो व्यवहारलाई गलत संकेत वा आपत्तिजनक गतिविधिसँग जोडेर कडा कारबाही गर्ने तयारी गरिएको फिफाको भनाइ छ।

'बडी क्यामेरा'को निगरानीमा खेलाडी

मैदानमा रेफ्रीमाथि हुने दुर्व्यवहार रोक्न र निर्णय प्रक्रियालाई पारदर्शी बनाउन रेफ्रीले 'बडी क्यामेरा' प्रयोग गर्न सक्नेछन्। रेफ्रीसँग तर्क गर्न वा स्पष्टीकरण सोध्न टोलीका कप्तानलाई मात्र अनुमति हुनेछ। भारको क्षेत्राधिकार पनि बढाइएको छ। अब गलत पहँलो कार्ड वा गलत कर्नर किक दिइएको अवस्थामा पनि भारले हस्तक्षेप गर्न पाउनेछ।

■ २०औँ एसियन क्रिकेट छनोट

नेपालसँग चीन १९ रनले पराजित

नेपालले दिएको १२६ रनको लक्ष्य पछ्याएको चीनले २० ओभरमा पाँच विकेटको क्षतिमा १०६ रन मात्रै बनायो

नयाँ पत्रिका

नेपालले एसियन खेलकुद प्रतियोगिताअन्तर्गत महिला क्रिकेट छनोटमा चीनलाई १९ रनले पराजित गरेको छ। मलेसियाको क्वालालम्पुरमा बुधबार भएको समूह 'बी'को प्रतिस्पर्धामा पहिलो ब्याटिङ गरेको नेपालले २० ओभरमा पाँच विकेट गुमाएर १२५ रनको योगफल खडा गऱ्यो। प्रत्युत्तरमा चीनले २० ओभरमा पाँच विकेटको क्षतिमा १०६ रन जोड्दा नेपाल १९ रनले विजयी भयो। चीनको यो दोस्रो खेल हो। चीनले समान एक जित र हार सामना गरेको छ।

समूह 'बी'को पहिलो खेलमा चीनले इन्डोनेसियालाई पाखा लगाएको थियो। नेपालको भने यो पहिलो खेल हो। रनरेट बलियो बनाएको नेपाल २ अंकका साथ शीर्ष स्थानमा रह्यो। चीन दोस्रो स्थानमा रहँदा एक खेल खेलेको इन्डोनेसिया तेस्रो स्थानमा छ।

प्रतियोगिताअन्तर्गत समूह 'ए'को खेलमा थाइल्यान्डले आयोजक मलेसियामाथि सात विकेटको सानदार जित निकाल्यो। मलेसियाले पहिलो ब्याटिङ गर्दै २० ओभरमा सात विकेटको क्षतिमा ९२ रन जोड्यो। थाइल्यान्डले १२.३ ओभरमा तीन विकेटको नोक्सानीमा ९५ रन बनाएको थियो। थाइल्यान्डले समूह 'बी'मा लगातार दोस्रो जित निकाली ४ अंक बनाएको छ। थाइल्यान्ड शीर्ष स्थानमा छ। मलेसिया र हङकङले समान एक खेल खेल्दा अंक बटुल्न सकेका छैनन्।

पूजाको अर्धशतकीय इनिङ्स

नेपालको जितमा उपकप्तान पूजा महतोले अर्धशतकीय इनिङ्स खेलिन्। उनले ५७ बलमा ६ चौकाको सहयोगमा सर्वाधिक ६३ रनको योगदान दिइन्। ओपनिङ खेलाडीकी रूपमा क्रिजमा प्रवेश गरेकी पूजा इनिङ्सको १९.३ ओभरमा रनआउट भइन्। उनले रुबी पोद्दारसँग चौथो विकेटका लागि ६४ रनको बलियो साझेदारी गर्दै टोलीलाई ५६-३ बाट १२०-४ को स्थितिमा राखिन्। रुबीले नटआउट रहँदा २५ बलमा एक चौकाको सहयोगमा २२ रन बनाइन्। नेपालको ब्याटिङमा सोनी पाख्रिनले २४ बलमा दुई चौका प्रहार गरी १८ रन बनाइन्। कप्तान इन्दु बर्मा सामना गरेको बलमै आउट भइन्। पूर्वकप्तान रुविना क्षेत्रीले ४ रनको योगदान दिइन्। बलिङमा चीनकी मा रुकिईले चार ओभरमा २६ रन खर्चेर सर्वाधिक दुई विकेट हात पारिन्। वाङ र जिपिङले समान एक विकेट लिए।

नेपालको कसिलो बलिङ

१२६ रनको लक्ष्य पछ्याएको चीनले नेपालमाथि दबाब बनाइराखेको थियो। शीर्ष चार ब्याट्सम्यानले संयमित रूपमा ब्याटिङ गर्दा नेपाल इनिङ्सको केही समयमा दबाबमा आएको थियो। ओपनर जिपिङ ली र वेइ हेटिङले पहिलो विकेटका लागि ६.२ ओभरमा ३० रनको साझेदारी गरेका थिए। जिपिङले २४ बलमा दुई चौकाको सहयोगमा १५ रन बनाइन्।

त्यसपछि हेटिङ र कप्तान मियायु झाउले दोस्रो विकेटका लागि २९ रनको साझेदारी गर्दै टोलीलाई ११.१ ओभरमा ५९-२ को स्थितिमा राखे। हेटिङले २६ बल सामना गरी १८ रन बनाइन्। कप्तान मियायुले २८ बलमा ३० रनको योगदान दिइन्। उनी इनिङ्सको १५.६ ओभरमा आउट भइन्। उनलाई मनीषा उपाध्यायले रुविना क्षेत्रीबाट क्याच आउट गराइन्। हेटिङले २१ रन बनाइन्। उनी रिया शर्माको ओभरमा एलबिडब्लू भइन्।

नेपालले चीनलाई लक्ष्यसम्म पुग्न नदिन कसिलो बलिङ गरेको थियो। नेपालका लागि मनीषाले चार ओभरमा ११ रन खर्चेर दुई विकेट लिइन्। यसैगरी रियाले चार ओभरमा एक मेडन राखी १८ रन दिएर दुई विकेट लिइन्। कविता कुँवर र पूजाले पनि समान एक विकेट हात पारे।



खेल संक्षेप

सन्दीप दोम्रोपटक बृजको ब्रान्ड एम्बासडर

कास्की/ शैक्षिक परामर्शदाता कम्पनी बृज इन्टरनेसनल एजुकेसनल कन्सल्टेन्सीले राष्ट्रिय क्रिकेट टोलीका लेगस्पिनर कप्तान सन्दीप लामिछानेलाई दोम्रोपटक ब्रान्ड एम्बासडर बनाएको छ। पोखरामा दुई पक्षबिच सम्झौता भएको हो। बृजले ०८१ भदौमा दुई वर्षका लागि सम्झौता गरेको थियो। सम्झौता अवधि बाँकी नै रहेको अवस्थामा पुनः दुई पक्षबिच पाँच वर्षका लागि नवीकरण भएको बृजका अध्यक्ष महेश गिरीले बताए। निर्देशक गिरीले नेपालको खेलकुद इतिहासमै एकैपटक यति लामो समयका लागि सम्झौता भएको यो पहिलोपटक भएको दाबी गरेका छन्। लामिछानेले एकदिवसीय खेलमा छिटो ५० र १५० विकेट लिने विश्वकीर्तिमान बनाएका छन्। सम्झौतापछि लामिछानेले नेपालकै नम्बर वान कन्सल्टेन्सी बृजसँगको सम्झौताले आफू थप उत्साहित भएको बताए। उनले दुई वर्षअघि आफू कठिन समयमा हुँदा बृजले उठाउने काम गरेको स्मरण गरे। बृजले ग्राउन्ड लेभलबाट नै क्रिकेट खेलको विकास गर्नुपर्छ भनेर राईजिङ एन्ड साइनिङ विथ एस २५ कार्यक्रमसमेत घोषणा गरेको छ।

विराटनगर फाइनलमा

विराटनगर/ टिडब्लुवाइसी फुटबल क्लब विराटनगर छैटौँ मिल्स गोल्डकप फुटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ। विराटनगर जुटमिलको खेलमैदानमा बुधबार भएको पहिलो सेमिफाइनलमा उदयपुरको ब्रदरहुड फुटबल क्लबलाई १-० गोलले पराजित गर्दै विराटनगर उपाधिनजिक पुगेको हो। खेलको ४३औँ मिनेटमा दोर्जे तामाङको गोलमा विराटनगरले अन्तिम दुईको यात्रा गरेको हो। विराटनगरले अब उपाधिका लागि बिहीबार कशी प्रदेश प्रहरी कार्यालय विराटनगर र लालीगुराँस फुटबल क्लब, रानीको विजेताविरुद्ध प्रतिस्पर्धा गर्नेछ। प्रतियोगिताको विजेताले दुई लाख र उपविजेताले एक लाख रुपैयाँ प्राप्त गर्नेछन्।

महर्जनमाथिको महाभियोग विफल

काठमाडौं/ नेपाल बुद्धिचाल महासंघका अध्यक्ष हिराकाजी महर्जनमाथिको महाभियोग प्रस्ताव विफल भएको छ। हेटौंडामा दुई दिन भएको विशेष अधिवेशनमा अध्यक्ष महर्जनले वैध मानिएको साधारणसभाबाट महाभियोग रक्षा गरेको बताए। आवश्यक ५० प्रतिशत गणपूरक संख्या नपुगेपछि दोम्रोपटक ११ जेठमा साधारणसभा भएको थियो। जसमा ३३ प्रतिशत संख्या पुगेका कारण अधिवेशन वैध रहेको उनले दाबी गरेका छन्। 'दोम्रोपटक ३३ प्रतिशत उपस्थित प्रतिनिधिलाई गणपूरक मानिने विधानको निर्दिष्ट निर्देशनमा ४७ जना प्रतिनिधिबिच विशेष साधारणसभाको गणपूरक सदस्यले सर्वसम्मत अविश्वास प्रस्ताव अस्वीकृत भयो,' महर्जनले भने।

सगरमाथाको शिखरमा पोखरा एभेन्जर्सको झन्डा

काठमाडौं/ नेपाली पर्वतारोहण गाइड एवं उच्च हिमाली क्षेत्रका चलचित्र निर्माता तथा प्रवर्द्धक पासाङकाजी शेर्पाले गत २३ मेमा सगरमाथाको सफल आरोहण गरी विश्वको सर्वोच्च शिखरमा पोखरा एभेन्जर्सको झन्डा फहराएका छन्। ११ अप्रिल २०२६ बाट सुरु भएको अभियान पूरा गर्दै उनले आठौँपटक सफलतापूर्वक सगरमाथा आरोहण गरे। उनको यो सफल सगरमाथा आरोहण पोखरा एभेन्जर्स परिवार र देशभरका समर्थकका लागि निकै गर्वको क्षण भएको पोखरा एभेन्जर्सको भनाइ छ। जलवायु परिवर्तन र हिमाली हिमनदीहरूको संरक्षणबारे चेतना जगाउने साझा प्रतिबद्धताको प्रतीकका रूपमा सगरमाथाको शिखरमा पोखरा एभेन्जर्सको झन्डा फहराइएको थियो। स्थापना कालदेखि नै नेपाल प्रिमियर लिगमा यो सबैभन्दा बढी मूल्य लागेको फ्रेन्चाइजले नेपाली खेलकुदको भावना र ग्रासरुट क्रिकेटको विकासलाई प्रवर्द्धन गर्नुका साथै जलवायु परिवर्तन र हिमनदी संरक्षणसँग सम्बन्धित मुद्दाहरूलाई निरन्तर सहयोग गर्दै आएको छ।

■ सूर्यवंशीले तोडे गेलको कीर्तिमान

एजेन्सी/ राजस्थान रोयल्सका ओपनर वैभव सूर्यवंशीले इन्डियन प्रिमियर लिग (आइपिएल)मा क्रिस गेलले एकै सिजनमा राखेको सर्वाधिक छक्काको कीर्तिमान तोडेका छन्। वैभवले एकै सिजनमा सर्वाधिक ६५ छक्का प्रहार गर्दै नयाँ कीर्तिमान राखेका हुन्। सन् २०१२ मा गेलले रोयल च्यालन्जर्स बेंग्लोरबाट एकै सिजनमा ५९ छक्का प्रहार गरेका थिए। वैभवले १९औँ आइपिएलमा बुधबार सनराइजर्स हैदराबादविरुद्धको खेलमा गेलको रेकर्ड तोडेका हुन्। वैभवले २९ बलमा ९७ रन जोडे। खेलमा उनले १२ छक्का र पाँच चौका प्रहार गरेका थिए। आइपिएलमा वैभव सर्वाधिक छिटो शतक बनाउने कीर्तिमानबाट ३ रन मात्रै टाढा रहे। यो रेकर्ड पनि गेलको नाममा छ। उनले सन् २०१३ मा पुणे वारियर्सविरुद्ध ३० बलमा शतक प्रहार गरेका थिए।



सदभाव र निखिल शीर्षस्थानमा

नयाँ पत्रिका

१२औँ नेपाल अन्तर्राष्ट्रिय एमेच्योर गल्फ च्याम्पियनसिपअन्तर्गत पुरुषतर्फ नेपालका सदभाव आचार्य, भारतका निखिल पाण्डे र श्रीलंकाका के दानुसान ३ अन्डर ६९ स्कोरका साथ संयुक्त रूपमा शीर्षस्थानमा रहेका छन्। उनीहरूले नेपालका बलराम पौडेललाई २ स्ट्रोकले पछि पारेका छन्। बलराम १ अन्डर ७१ सहित चौथो स्थानमा छन्। इभन पार ७२ को स्कोरमा भुटानका डेचेन लेन्डुप र भारतका भिभान उभायाकार संयुक्त रूपमा पाँचौँ स्थानमा रहे।

१ ओभर ७३ सहित श्रीलंकाका चनाका परेरा, नेपालका राहुल विश्वकर्मा र बंगलादेशका मोहम्मद सरिफले संयुक्त रूपमा सातौँ स्थान बाँडे। साबिक विजेता सदभावले ३ अन्डर ३३ मा फ्रन्ट नाइन सकाउने क्रममा तेस्रोदेखि छैटौँ होलमा लगातार चार बर्डी प्रहार गरे। उनले १५औँ होलको बोगी प्रहार गरी ब्याक नाइन इभन पार ३६ स्कोर गरेका थिए।

पाँचौँदेखि सातौँ होलमा बर्डी निकालेका निखिलले बोगीरहित खेल्दै ३ अन्डर ३३ मा फ्रन्ट नाइन सकाए। उनले १३औँ र १४औँ होलमा बोगी खेपे। उनी ब्याक नाइन इभन पार ३६ स्कोरमा रोकिए। दानुसानले दोस्रो, चौथो, सातौँ र नवौँ होलको बर्डीको सहायताले फ्रन्ट नाइन ४ अन्डर ३२ स्कोर गरेका थिए। उनले ब्याक नाइन १ ओभर ३७ मा सकाए। महिलातर्फ नेपालकी तारा कार्की चित्रकार ४ ओभर ७६ स्कोरका साथ शीर्ष स्थानमा रहिन्। उनले नेपालकी अभानी राईलाई ५ स्ट्रोकले पछि पार्न सफल रहिन्। अभानीले पाँचौँ, सातौँ, आठौँ र नवौँ होलको बोगीले फ्रन्ट नाइन ४ ओभर ४० स्कोर गरेकी थिइन्। टिमतर्फ नेपाल 'ए' र श्रीलंका २ अन्डर ४२ सहित संयुक्त रूपमा शीर्ष स्थानमा छन्। नेपाल 'ए'मा सदभाव र राहुल छन्। श्रीलंकन टिममा दानुसान र चनाका रहेका छन्। नेपाल गल्फ संघद्वारा आयोजित तीनदिने प्रतियोगितामा नेपालसहित भारत, भुटान, श्रीलंका र बंगलादेशका ५२ खेलाडीको सहभागिता रहेको छ।

■ काभा च्याम्पियनसिप

फाइनल प्रवेश गर्न नेपाल र इरान भिड्दै

इरानसँग भिड्नुअघि नेपालले तीन दिनको विश्राम पाउँदा खेलाडीलाई सहज भएको प्रशिक्षक जगदीश भट्टको बुझाइ



रमेश सुवेदी/नयाँ पत्रिका

नेपालले काभा महिला भलिबल च्याम्पियनसिपको फाइनल प्रवेशका लागि बिहीबार इरानसँग प्रतिस्पर्धा गर्दै छ। राष्ट्रिय खेलकुद परिषद्मा इरान समूह 'बी'बाट अपराजित रहँदै सेमिफाइनलमा प्रवेश गरेको हो। समूह 'ए'मा नेपालले उपविजेता हुँदै अन्तिम चारको स्थान पक्का गरेको थियो। पहिलो खेलमा भारतसँग ३-२ ले पराजित नेपालले त्यसपछि उत्कृष्ट प्रदर्शन गरी किर्गिस्तान र माल्दिभ्सलाई सोझो सेटमा निराश बनाएको थियो। कप्तान निरुता ठगुन्नासँगै मीना सुनार, कामना विष्ट, सलिना श्रेष्ठ, उषा भण्डारी, सुमित्रा रेग्मी, प्रगति नाथ, सुनिता खत्रीले तीनवटै खेलमा सानदार प्रदर्शन गरेका थिए।

इरानसँग भिड्नुअघि नेपालले तीन दिनको विश्राम पाएको छ। रेस्ट पाउँदा खेलाडीलाई सहज भएको प्रशिक्षक जगदीश भट्टको बुझाइ छ। 'हामीले तीन दिन विश्राम पाएका छौं। त्यसलगत्तै इरानको खेल काजकिस्तानसँग हेर्न पायौं,' उनले भने, 'इरानी खेलाडीको उचाइ धेरै हुने हुँदा सर्भिस, रिसिभ तथा ब्लकमा ध्यान दिनुपर्नेछ।' विश्व भलिबल महासंघको वरीयतामा इरान ४४ र नेपाल ५४औँ स्थानमा छन्।

नेपालले यसै प्रतियोगिताबाट वरीयता प्राप्त गरेको हो। इरानले एक दशकदेखि नै वरीयता पाएको थियो। काभा च्याम्पियनसिपको विजेताले सिधै एसिया कपमा स्थान बनाउनेछ। एसिया कपमा चीन सर्वाधिक पाँचपटकको विजेता हो। थाइल्यान्ड, जापान, दक्षिण कोरिया काजकिस्तान, मलेसिया, फिलिपिन्स, भियतनामजस्ता एसियाकै महारथी टोली नियमित रूपमा खेल्ने गरेका छन्।

काभाकै पहिलो सेमिफाइनलमा काजकिस्तानले भारतको सामना गर्दै छ। इरानले समूह 'बी'को अन्तिम खेलमै काजकिस्तानलाई सोझो सेटमा हराएको थियो। त्यसैले पनि इरान नेपालविरुद्ध उच्च मनोबलसहित मैदान उत्रनेछ।

इरानकी सेफिनुड दास्तबार्जनले नेपाली समर्थकमाझ खेल्न उत्साहित भएको बताइन्। 'भारतविरुद्ध नेपाली समर्थकको उपस्थिति देखेका छौं। सेमिफाइनलमा पनि यस्तै हुने विश्वास छ। हामी त्यो माहोलमा खेल्न उत्साहित छौं,' उनले भनिन्, 'हामी नेपालसँग खेल्न मानसिक रूपमा तयार छौं।'

इरानसँग तेस्रोपटक खेल्दै

नेपाल र इरानबिच यो तेस्रोपटक प्रतिस्पर्धा हुन लागेको हो। यसअघि यी दुई टोलीबिच दुईपटक राखेपको कभर्ड हलमै भएको थियो। सन् २०२४ मा भएको भेटमा नेपाल र इरानले समान एक जित र हार सामना गरेका थिए। अहिलेको इरान र नेपाली टोलीमा धेरै फरक भएको प्रशिक्षक भट्टले बताए। 'त्यो समयको इरान टिम निकै कमजोर थियो। यसपटक उसले धेरै सुधार गरेको छ, तर नेपाली टिम पनि धेरै परिवर्तन भएको छ। युवा खेलाडी छन्,' उनले भने। सन् २०२४ को काभा च्यालेन्ज लिगमा नेपाल समूह चरणको खेलमा इरानसँग ३-२ ले पराजित भएको थियो। इरानले नेपाललाई २५-१६, १६-२५, २५-२३, १४-२५ र १५-१३ ले हराएको थियो। सेमिफाइनलमा नेपालले सोझो सेटमा इरानलाई २५-२१, २८-२६ र २५-२० को हरायो। नेपाल फाइनलमा भारतसँग ३-२ को सेटमा पराजित भएको थियो।

किर्गिस्तान पाँचौं र माल्दिभ्स सातौं स्थानमा

किर्गिस्तानले श्रीलंकालाई ३-१ को सेटमा हराउँदै काभा महिला भलिबल च्याम्पियनसिपमा पाँचौं स्थान रक्षा गरेको छ। पाँचौं स्थानका लागि भएको खेलमा किर्गिस्तानले पहिलो सेट १५-२५ ले गुमाएको किर्गिस्तानले उत्कृष्ट पुनरागमन गर्दै लगातार तीन सेट आफ्नो पक्षमा पारेको हो। किर्गिस्तानले दोस्रो र तेस्रो सेट समान २५-२३ ले जित्दा चौथो सेटमा २५-१५ को सहज जित निकाल्यो। श्रीलंकाले भने छैटौं स्थानमा रहेर प्रतियोगिताको समापन गऱ्यो। अर्को खेलमा बंगलादेशलाई ३-१ को सेटमा हराउँदै माल्दिभ्सले सातौं स्थान रक्षा गरेको छ। समूह 'ए'मा रहेको माल्दिभ्स प्रतियोगितामा जितविहीन भएको थियो। पहिलो सेट २५-२७ ले गुमाएको माल्दिभ्सले त्यसपछि पुनरागमन गर्दै लगातार तीन सेट जितेको हो। माल्दिभ्सले दोस्रो सेट २५-११ ले जित्दै खेल बराबरी गऱ्यो। तेस्रो सेट २५-१७ र चौथो सेट २५-१२ ले जितेको हो। बंगलादेश भने आठौं स्थानमा सीमित रह्यो।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com